# अध्याय एक : शोधपत्रको परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सिकाइको अर्थ व्यवहारमा आउने परिवर्तन हो । सिकाइ हुनलाई अभ्यासको महत्त्वपूर्ण भूमिका हुन्छ । सिकाइमा हुने कमीकमजोरीलई निराकरण गर्नका लागि नमुना अभ्यासले विशेष भूमिका निर्वाह गरेको हुन्छ ।

भाषा मानवीय सम्पत्तिका साथै विचार सम्प्रेषणको महत्त्वपूर्ण माध्यम हो । भाषाको आर्जन व्यक्तिले समाजबाट गर्दछ र यसका सामाजिक सम्पर्कको बिस्तारको फलस्वरूप मानिसमा भाषाको विकास हुँदै जाने भएकाले यो मानवीय व्यवहार र सामाजिक व्यवहारको अभिन्न अङ्ग हो । यो वैचारिक आदान प्रदानका माध्यमले सम्पन्न हुन्छ । अरुद्वारा भाषाका माध्यमले व्यक्त गरिएका विचार एवम् भावनालाई अरु समक्ष प्रस्तुत गर्नु प्रदान हो । यही विचार आदान प्रदानको सर्वाधिक सरल र सुगम प्रक्रिया भाषा हो (शर्मा र पौडेल, २०६८:१) । भाषा शिक्षणमा साहित्यिक विधाहरूको उपयोग गर्न सकिन्छ । भाषा शिक्षण भनेको साहित्यिक शिक्षण होइन तर साहित्यिक विविध विधामा प्रयुक्त शैलीका माध्यमले भाषाका विविध विधामा प्रयुक्त शैलीका माध्यमले भाषाका विविध सीप तथा पक्षलाई सहयोग पुऱ्याउन सकिन्छ । त्यसैले सामान्यतः साहित्यिक आस्वादनका लागि र मूलतः त्यसका माध्यमबाट भाषा प्रयोगमा अभ्यस्त गराउन भाषा शिक्षणमा साहित्यको उपयोग गर्न सकिन्छ । त्यसैले सामान्यतः साहित्यिक आस्वादनका लागि र मूलतः त्यसका माध्यमबाट भाषा प्रयोगमा अभ्यस्त गराउन भाषा शिक्षणमा साहित्यिक उपयोग गर्न सकिन्छ । भाषा शिक्षण सीपको शिक्षण हो । भाषिक सीप शिक्षणको क्रममा उच्चारण, बोध, व्याकरण र शब्दभण्डार जस्ता भाषिक पक्षको शिक्षणका लागि पनि विषयवस्तु नै प्रमुख माध्यम हो भन्ने बिर्सनु हुँदेन । यसर्थ भाषा शिक्षण गर्दा विषयवस्तु गौण र भाषिक सीप प्रमुख हुन्छ ।

भाषिक सीप र दक्षता हासिल गर्ने मूल अभिप्रायले निर्माण गरिएको भाषा पाठ्यक्रम भाषा सिकाइको विस्तारित कार्ययोजना हो । यस कार्य योजनाभित्र उद्देश्य, विषयवस्तु, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया आदि स्तम्भ हुनु आवश्यक ठानिन्छ । यस्ता सबै स्तम्भहरू भाषिक कुशलता एवम् भाषिक कलाको विकास तथा निरन्तरताका लागि उपयोगी हुन्छन् (पौडेल, भट्टराई र बराल, २०६८:१) ।

भाषा पाठ्यक्रमले तोकेका उद्देश्यहरू पूरा गर्नका लागि तयार गरिएको पाठ्यपुस्तकलाई भाषा पाठ्यपुस्तक भनिन्छ । यसमा पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्य पूरा गर्नका लागि उपयुक्त हुने विषयवस्तु तथा विधाहरूको छनोट गरिन्छ र प्रस्तुतीकरणमा पनि सोहीअनुसार विशेष सचेतनाका साथ छनोट गरिउका सामग्रीहरू समावेश गरिएको हुन्छ । यसमा समावेश गरिने

पाठ्यांश, नमुना अभ्यास तथा निर्देशन सिकारुको स्तर, पूर्वज्ञान, भाषिक अनुभव र भाषा सिकाइको आवश्यकता अनुसार निर्धारण गरिएका हुन्छन् ।

भाषा सिकाइका क्रममा अभ्यासलाई सिकाइ क्रियाकलापको आधारका रूपमा लिइन्छ। भाषाको सम्पूर्ण दक्षता हासिल गर्न अभ्यास नभई सम्भव हुँदैन ।

नेपाली बृहत् शब्दकोश (२०४० ले कुनै पाठ्यविषयमा निरन्तर दोहोऱ्याई तेहेऱ्याई गरेर पूर्ण ज्ञान प्राप्त गर्नु वा कुनै कार्यको व्यावहारिक पक्षतिर विशेष रूपमा बारम्बार मिहिनेतका रूपमा लिइएको छ। त्यसैगरी नेपाली शब्दसागर (२०७२)ले अभ्यास शब्दको अर्थ अटुट अध्ययन पुनः प्रयोग गर्नु भनेको छ। सिकाइलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण क्रियाकलाप सञ्चालन गर्न नमुना अभ्यास चाहिन्छ। भाषाका पाठ्यपुस्तकमा प्रत्येक पाठ्यविषयवस्तुलाई अन्तिममा पाठ्यक्रमका उद्देश्यका आधारमा अभ्यासहरू दिइनु जरुरी हुन्छ। वास्तवमा पाठ्यपुस्तकमा राखिएका विधा एवम् उपविधाका भन्दा यसका आधामा गराइने भाषिक अभ्यास महत्त्वपूर्ण हुन्छन् (अधिकारी, २०५०:१७४)। भाषामा विचार हुन्छ, त्यसैले भाषा विचार विनियमको सशक्त माध्यम हो। भाषाका माध्यमबाट मानिसले आफ्ना मनका विविध विचार एवम् भावनालाई अरु समक्ष प्रकट गर्दछ र अर्काले प्रकट गरेका विचार र भावनालाई लिन्छ। नेपाली भाषा पाठ्यपुस्तकका अभ्यासले भाषिक सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई परिष्कार गर्न मद्दत गर्दछ। भाषा शिक्षणमा अभ्यासको सर्वाधिक महत्व रहन्छ। भाषा शिक्षण र अभ्यासलाई एकअर्काको पूरक भने पनि हुन्छ। भाषा ज्ञान नभएर कला वा सीप भएकाले सीप प्राप्त गर्न अभ्यासको निकै ठूलो भूमिका रहेको हुन्छ। अभ्यास जति गऱ्यो कला वा सीप भएकाले सीप प्राप्त गर्न अभ्यासको निकै ठूलो भूमिका रहेको हुन्छ। अभ्यास जति गऱ्यो कला वा सीप त्यति नै निखारिएर आउँछ यसर्थ भाषा शिक्षणमा अभ्यासलाई केन्द्रबिन्दु बनाएर त्यसै अनुरूपको शिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्छ (भण्डारी र अन्य, २०६२:२)। भाषा शिक्षण गर्दा सुनाइ र बोलाइ सीपलाई २० प्रतिशत, पढाइ र लेखाइ सीपलाई ४० प्रतिशत सिर्जनात्मक सीपलाई ४० प्रतिशत हुने गरी अभ्यासको समायोजन गर्नुपर्छ (शर्मा र अन्य, २०६९:२)।

वर्तमान नेपाली पाठ्यपुस्तकका विशेषताहरूलाई बाह्य र आन्तरिक गरी दुई भागमा विभाजन गरिएको छ :

बाह्य आधार

- आवारण वनोट
- छपाइ र बँधाइ
- कागजको गुणस्तर
- मूल्य
- सर्वसुलभता
- अन्य विविध

आन्तरिक आधार

- विषयवस्तु पाठ्यवस्तु
- पाठको प्रस्तुतिकरणमा विविधता
- भाषा
- चित्रहरू
- विधाको छनोट
- शब्दभण्डार
- नमुना अभ्यास

भाषाशिक्षण भाषिक सीपहरूको शिक्षण हो। प्रभावकारी ढङ्गले भाषाशिक्षण शिक्षण गर्नका लागि भाषा पाठ्यक्रम अनुरूप भाषा पाठ्यपुस्तकको निर्माण र विकास गरिन्छ। कुनै पनि तह वा कक्षाहरूका लागि भाषिक उद्देश्यहरू पूरा गर्न तयार पारिएको सामग्रीलाई नै भाषा पाठ्यपुस्तक भनिन्छ। भाषा पाठ्यक्रमका भाषिक अपेक्षाहरू पूरा गर्ने गरी खास तह र कक्षाहरूका लागि विशेषज्ञद्वारा लेखन तथा सम्पादन गरिएको शिक्षण सहायक सामग्री नै भाषा पाठ्यपुस्तक हो। यसको पाठ्यपुस्तकका बाह्य र आन्तरिक विशेषताहरू हुन्छन्। भाषाको आन्तरिक विशेषतालाई प्राज्ञिक पक्ष भन्ने गरिन्छ। भाषा पाठ्यपुस्तकको यो पक्ष प्राण नै हो। जसमा विषयवस्तु, प्रस्तुती, शब्दभण्डार, भाषा, नमुना, अभ्यास, चित्रहरू, निर्देशन, भूमिका र सन्दर्भसूची आदि जस्ता कुराहरू पर्दछन्। भाषा प्राप्त गर्नु भनेको भाषाका चारवटै सीपहरू (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) प्रयोग गर्नु भन्ने बुझिन्छ। यिनै सीपहरू हासिल गर्न निरन्तर अभ्यास महत्त्वपूर्ण रहन्छ। पाठ्यपुस्तकमा विद्यार्थीहरूको रूचि, क्षमता, स्तर, तह अनुरूप तथा उनीहरूको भाषिक पृष्ठभूमि अनुरूपको नमुना अभ्यास राखिएको हुन्छ। भाषा पाठ्यक्रमले राखेका उद्देश्यहरू तह अनुरूप उपयुक्त तथा राम्रा भए पनि भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको समुचित प्रयोग हुन नसकेमा भाषिक सीपहरू प्राप्त हुन सक्दैनन्। अतः भाषा पाठ्यपुस्तकमा राखिएको नमुना अभ्यासको भूमिका महत्त्वपूर्ण हुन्छ।

पाठ्यपुस्तकमा दिइएका नमुना अभ्यासले शब्दभण्डार बनाउन, विषयवस्तुको ज्ञान दिन, विवेचनात्मक प्रस्तुति दिन, शैली र मौलिकता तथा भाषिक शुद्धता र वर्णविनयास वाक्य गठन, चिह्न प्रयोग, पदसङ्गति आदिमा विद्यार्थीले ज्ञान आर्जन गरे नगरेको थाहा पाउन र विद्यार्थीले आत्ममूल्याङ्कन गर्ने सहयोग पुऱ्याउँछ।

अभ्यासले मानिसलाई पूर्ण बनाउने हुनाले कुनै पनि काममा पूर्ण हुनु छ भने अभ्यास गर्नुपर्दछ। भाषा सिकाइमा त अझ बढी अभ्यास चाहिन्छ। भाषा पाठ्यपुस्तक भनेकै भाषा सिकाउन उपयोगी पुस्तक हुन्। त्यसैले हरेक पाठका पछाडि विभिन्न अभ्यासहरू दिइनु अनावश्यक हुन्छ। ती अभ्यासहरू चारओटै भाषिक सीपलाई समेट्ने खालको हुनुपर्छ। यस्ता अभ्यासहरू प्रशस्त मात्रामा पनि हुनुपर्छ। अभ्यासहरू तिनलाई नमुना मानेर थप अभ्यास गर्न सकिने खालको हुनुपर्दछ। ती विद्यार्थीको क्षमतालाई बाहिर ल्याउन सक्ने खालका साथै मौलिक, लिखित र प्रयोगात्मक अभ्यास गराउन मिल्ने खालका हुनुपर्दछ।

नमुना अभ्यासबाट विद्यार्थीले लक्ष्य प्राप्त गर्ने हुँदा नमुना अभ्यास, भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र भाषिक सीपबीच प्रत्यक्ष सम्बन्ध रहन्छ। यसको उपयुक्तता हुनु भनेकै लक्ष्य प्राप्त गर्ने मार्ग सहज र उपयुक्त हुनु हो।

### १.२ समस्याकथन

भाषा पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासको अध्ययन गर्ने सन्दर्भमा प्रस्तुत शोधपत्र वर्तमान नेपाली पाठ्यपुस्तक कक्षा छमा समावेश नगरिएका नमुना अभ्यासको अध्ययन गरिएको छ। यस कार्यका लागि निम्न अनुसारका प्रश्नहरूलाई समस्याको रूपमा राखिएको छ :

क. सुनाइ र बोलाइ सीपका आधारमा कक्षा छको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरू कस्ता छन् ?

ख. पढाइ र लेखाइ सीपका आधारमा कक्षा छको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरू कस्ता छन् ?

ग. ती अभ्यासका सबल र दुर्बल पक्षहरू के के हुन् ?

घ. कक्षा छका नमुना अभ्यासका सुधारात्मक पक्ष के के हुन् ?

### १.३ अध्ययनको औचित्य र महत्त्व

भाषिक व्यवहारलाई प्रभावकारी रूपमा सक्षम बनाउँदै लैजानु भाषाशिक्षणको लक्ष्य हो। यो लक्ष्य प्राप्तिका सन्दर्भमा भाषा पाठ्यक्रमको निर्माण गरिएको हुन्छ। यसरी लक्ष्य प्राप्तिको साधनका रूपमा भाषा पाठ्यपुस्तकको प्रयोग हुन्छ। भाषिक सीप र व्यवहारलाई सक्षम बनाउन पाठ्यपुस्तकमा अभ्यासको प्रयोग गरिएको हुन्छ। भाषा पाठ्यपुस्तकमा दिइएको अभ्यासमा के सिक्ने जरुरी सिक्ने, कति सिक्ने भन्ने सन्दर्भमा वैज्ञानिक र व्यवस्थित रूपमा संयोजन गरिएको हुनुपर्दछ।

भाषा पाठ्यपुस्तकमा तहअनुसार विधाहरूको छनौट साथै भाषिक सीपको विकास प्रकृतिअनुसार अभ्यास जोड दिनुपर्छ। भाषा पाठ्यपुस्तकलाई स्तरीय र उपयोगी बनाउन नमुना अभ्यासलाई विद्यार्थीहरूको स्तर अनुकुल एकीकृत र एककालिकताको भाषाशिक्षणको सिद्धान्तमा मिलन हुने गरी निर्माण गर्नुपर्छ। त्यसर्थ भाषा सिकाइका लागि भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययनको अध्ययन हुन आवश्यक हुन्छ। प्रस्तुत शोधकार्यको औचित्य र महत्त्व तपसिल बमोजिम रहेका छन् :

क. अहिलेसम्म कक्षा छको वर्तमान नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरूको अध्ययन नभएको यो पहिलो अध्ययन भएकाले।

ख. यस अध्ययनबाट नेपाली भाषा शिक्षक, विद्यार्थी, अभिभावक, भाषा पाठ्यक्रमविद् र मूल्याङ्कनविद् लगायत सम्पूर्ण सरोकारवालाहरू उद्देश्य प्राप्तिमा लाभान्वित हुने भएकाले।

ग. यस नमुना अभ्यासको अध्ययनले भाषिक सीप प्राप्तिमा जोड दिने भएकाले विद्यार्थीका निम्ति उपयोगी हुने भएकाले।

घ. प्रस्तुत अध्ययनले विद्यार्थीले अभ्यासका माध्यमबाट छिटो सरल, सहज ढङ्गले धारणा विकास गर्ने हुँदा मनोवैज्ञानिक सिद्धान्तअनुसार भाषिक अभ्यासहरूलाई निर्माण गर्न जोड दिने भएकाले।

ङ. भाषा पाठ्यपुस्तकमा अभ्यासको संयोजन गर्दा सरलदेखि जटिल, ज्ञातबाट अज्ञात र मूर्तबाट अमूर्त रूपमा हुने गरी राख्नुपर्दछ। विभिन्न सन्दर्भहरूको सापेक्षतामा नमुना अभ्यासहरूको महत्त्व रहेको छ। पाठ्यक्रम नियमित र पाठ्यपुस्तक लेखकहरू निम्ति औचित्यपूर्ण छ।

अभ्यासले शिक्षकलाई के कस्ता सीप विकासका लागि के कस्ता कार्यकलाप गराउन सकिन्छ भन्ने निर्देश गर्दछ भने विद्यार्थीका लागि बढीभन्दा बढी अभ्यास गर्न मद्दत गर्दछ। अतः भाषा पाठ्यपुस्तकको निर्माण गर्दा पाठको प्रकृति अनुरूपको अभ्यास प्रस्तुत गर्ने कुरामा सचेत हुनुपर्दछ (ढुङ्गेल र दाहाल, २०५७:८७)। भाषिक प्रयोगका सन्दर्भगत ज्ञान हासिल गर्न अभ्यासले महत्त्वपूर्ण भूमिका खेल्ने गर्दछ। त्यसका साथै सम्बन्धित विषयमा हासिल गरेको ज्ञानको लेखाजोखा मूल्याङ्कन पनि मानव मुटुमा रगत झैँ आवश्यक र महत्त्वपूर्ण हुने (ढुङ्गेल र दाहाल, २०५७:४२) भएकाले भाषा पाठ्यपुस्तकमा नमुना अभ्यासको अनिवार्यता रहन्छ।

अभ्यासको माध्यमबाट विद्यार्थीहरूमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ क्षमताको विकास हुन्छ। विद्यार्थीमा कल्पनात्मक क्षमताको विकास गर्न पनि नमुना अभ्यासहरू नै सहयोगी मानिन्छ। सिर्जनात्मक सीप विकास गर्नु भनेको विद्यार्थीलाई भाषिक व्यवहारमा सक्षम बनाउनु नै हो। यसर्थ यसमा समावेश गरिएका नमुना अभ्यासहरू स्तरीय, उपयुक्त, क्रमबद्ध र सापेक्ष हुन सकेन भने अपेक्षित भाषिकउपलब्धि हासिल हुन सक्दैन। यसर्थ भाषा पाठ्यपुस्तकमा नमुना अभ्यासहरू उपयुक्त र औचित्यपूर्ण रहेको छ।

### १.४ अध्ययनको उद्देश्य

उद्देश्य बिना गरिएको कार्य सफल नहुन पनि सक्छ। निश्चित योजना बनाइ अगाडि पढेमा सफलता हात पर्छ प्रस्तुत नमुना अभ्यासका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क. सुनाइ र बोलाइ सीपका आधारमा कक्षा छको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन गर्नु,

ख. पढाइ र लेखाइ सीपका आधारमा कक्षा छको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन गर्नु,

ग. ती अभ्यासका सबल र दुर्बल पक्ष पत्तालगाउनु,

घ. कक्षा छका नमुना अभ्यासका सुधारात्मक पक्ष पत्ता लगाउनु,

### १.५ अध्ययनको परिसीमा

प्रस्तुत शोधपत्र नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा प्रकाशित नेपाली पाठ्यपुस्तक कक्षा छमा समाविष्ट नमुना अभ्यासको अध्ययनमा मात्र सीमित रहेको छ। भाषाका चार सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइको अध्ययनमा मात्र सीमित रहेको छ। भाषिक सीप विकासका दृष्टिले नमुना अभ्यासको अध्ययन गरी आवश्यक सुझाव पेस गरिएको छ भने यस अध्ययनमा व्याकरण र सिर्जनात्मक अभ्यासको अध्ययन गरिएको छैन।

### १.६ पारिभाषिक शब्द

**आधारभूत तह** : आधारभूत तह भन्नाले कक्षा आठसम्म सञ्चालित विद्यालय भन्ने बुझ्नुपर्दछ।

**भाषापाठ्यपुस्तक:** भाषा पाठ्यपुस्तक भन्नाले भाषिक सीप शिक्षणमा उपयोग गरिने पाठ्यपुस्तकलाई सम्झनुपर्छ।

**सामग्री** : सामग्री भन्नाले सम्पूर्ण भाषिक लेखाजोखा भन्ने बुझ्नुपर्छ। भाषाशिक्षणमा सहयोग पुऱ्याउने आधार भन्ने बुझ्नुपर्दछ।

**मूल्याङ्कन** : मूल्याङ्कन भन्नाले सम्पूर्ण भाषिक कार्यक्रमको लेखाजोखा भन्ने बुझ्नुपर्छ ।

**नमुना अभ्यास** : नमुना अभ्यास भन्नाले कक्षा छको नेपाली भाषा पाठ्यपुस्तकमा राखिएका सम्पूर्ण प्रवृत्तिका अभ्यासहरू बुझ्नुपर्छ ।

**भाषाशिक्षण** : भाषाशिक्षण भन्नाले भाषिक सीप सिकाउनका प्रयोग गरिने सम्पूर्ण प्रक्रिया बुझ्नुपर्छ ।

**विधा** : विधा भन्नाले कथा, कविता, उपन्यास, निबन्ध, प्रबन्ध, मनोवाद, वादविवाद, चिठी आदिलाई बुझ्नुपर्छ ।

## अध्याय दुई : पूर्वकार्यको समीक्षा

शोधपत्र जुन उद्देश्यले जुन विषयमा राखिएको छ, त्यसैसँग सम्बन्धित विषयमा त्यसभन्दा अघि भएका अध्ययन, अनुसन्धान, लेख रचना, टिपोट आदि प्राप्त भएसम्मका सामग्री व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको कार्य कारण शृङ्खलायुक्त टिप्पणीमूलक समीक्षा नै पूर्वकार्यको समीक्षा हो । पूर्वकार्यको समीक्षाले शोधार्थीलाई स्पष्ट रूपमा मार्गनिर्देश गर्दछ, साथै शोधार्थीलाई सैद्धान्तिक पृष्ठभूमिको जानकारी हुने, के कस्ता समस्या छन् त्यसको अवगत हुने, पुनारावृत्तिको सम्भावना हट्ने साथै सम्बन्धित विषयमा गहन अध्ययन गरी अनुसन्धान कार्यलाई अघि बढाउन सहयोग पुग्दछ ।

भाषा पाठ्यपुस्तकमा हरेक पाठको अन्तमा नमुना अभ्यास राखिएको हुन्छ । अन्य विषयभन्दा भाषा पृथक विषयक्षेत्र भएकाले सोही अनुरूप नमुना अभ्यासको निर्धारण गरेको हुन्छ । भाषा पाठ्यपुस्तकका नमुना अभ्यास सम्बन्धी अभ्ययन त्यति धेरै भएको छैन । प्रस्तावित शोधपत्रको शीर्षकसँग सम्बन्धित यस अघिका अध्ययन, अनुसन्धानहरूको समीक्षा प्रस्तुत गरिएको छ ।

निरौला (२०६७) द्वारा **पाठ्यक्रम अनुरूपताका दृष्टिले कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन** शीर्षकको शोधपत्रमा कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रम अनुरूपताका आधारमा विवेचना गर्नु तहगत र सीपगत आधारमा नमुना अभ्यासको वर्गीकरण र विश्लेषण गर्नु, नमुना अभ्यासहरूका माध्यमबाट विद्यार्थीहरूको प्राप्त गर्न सक्ने भाषिक सीपको पहिचान गर्नु, अभ्यासका सीमाहरूलाई सच्याउन उपयुक्त सुझाव दिनु जस्ता उद्देश्य राखिएको छ । यो शोधपत्र पुस्तकालयीय विधिमा केन्द्रित रहेको छ । यस अध्ययन विश्लेषणका लागि सम्बन्धित विषयवस्तुको गहन अध्ययन गरी सैद्धान्तिक आधारमा तयार पारिएको छ । यस अध्ययनमा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूमा नै पाठ्क्रमको प्रतिफल निर्भर रहने हुनाले अभ्यासलाई क्रियाकलापमुखी बनाइनु पर्ने र भाषिक सीप विकास गर्ने खालका अभ्यास थप गर्नुपर्ने, कविता विधामा अन्ताक्षरी खेलाउने कथा विधामा कथाकथन गराउने, एकाङ्की अभिनय गराउने, चिठीमा कुनै शीर्षक दिई चिठीलेखन पत्र लेखन प्रतियोगिता गराउने समूह कार्य गर्ने खालका अभ्यास पनि समेटिनु पर्ने, नमुना अभ्यासको संयोजन गर्दा पाठ्यक्रमको क्षेत्र र क्रमलाई विशेष ख्याल गर्नुपर्ने निष्कर्ष निकालिएको छ ।

बञ्जरा (२०६३) द्वारा **कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन** शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको छ । यसमा कक्षा आठका नमुना

अभ्यासहरू पाठ्यपुस्तकमा प्रयुक्त सहयोगी भए नभएको हेर्नु, ती अभ्यासहरू पाठ्यपुस्तकमा प्रयुक्त विषयवस्तु अनुरूप भए नभएको, सीपगत विविधता अनुरूप भए नभएको तथा विद्यार्थीको उमेर, रुचि, मानसिक स्तरअनुसार भए नभएको हेर्नु जस्ता उद्देश्य रहेको छ। यस अध्ययनमा पुस्तकालीय विधिबाट सङ्कलित सामग्रीहरूलाई व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको शोधमा पाठ्यक्रमले निर्धारण गरेका भाषिक सीपको विकाससँग सम्बन्धित अभ्यासहरू समावेश गरिएको, विद्यार्थीहरू उमेर तह, क्षमता, रुचि, अनुरूप नै अभ्यास छनोट भएको नमुना अभ्यास सैद्धान्तिकभन्दा व्यावहारिक ज्ञानतर्फ उन्मुख भएको अभ्यासहरू सरलदेखि जटिलताको क्रममा प्रस्तुत गरिएको, शब्दभण्डारको अभ्यास पर्याप्त रहेको र विद्यार्थी स्तर र तह अनुकुल रहेको तथा निर्माणात्मक मूल्याङ्कनका लागि सुनाइ र बोलाइ सीपको उपयोग गरेको निष्कर्ष निकालिएको छ।

कोइराला (२०६९) द्वारा **कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन** शीर्षकमा त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत रहेर शोधकार्य गरिएको छ। प्राथमिक स्रोतका रूपमा कक्षा पाँचको नेपाली पाठ्यक्रम, पाठ्यपुस्तक, विद्यार्थी, शिक्षक लगायत केही प्रशिक्षकहरूसँग सोधपुछ तथा द्वितीय स्रोतमा विभिन्न सन्दर्भ सामाग्रीलाई उपयोग गरी शोधकार्य गरिएको पाइन्छ। जसमा पाठ्यक्रम अनुरूपताका आधारमा अभ्यासको अध्ययन गर्नु, नमुना अभ्यासका सबल र दुर्बल पक्ष केलाउनु, सुधारका निमित्त सुझाव प्रस्तुत गर्नु जस्ता उद्देश्यमा केन्द्रित भएर उक्त अध्ययन गरिएको छ। जसबाट भाषाका चारवटा सीपमध्ये लेखाइ सीपमा बढी जोड दिई अभ्यास निर्माण गरिएको, प्रयोगात्मक, सिर्जनात्मक, बोधात्मक तथा वस्तुगत प्रश्नहरूबीच तालमेल रहेको, परिचयात्मक तथा पहिचानात्मक किसिमको अभ्यासको ढाँचाको अभाव रहेको, बोधात्मक अभ्यासको तुलनात्मक व्याकरणात्मक अभ्यास अस्पष्ट रहेको निष्कर्ष निकालिएको छ।

भट्टराई (२०७२) द्वारा **भाषिक सीप विकासका दृष्टिले कक्षा आठको नेपाली पाठ्यपुस्तकको नमुना अभ्यासको अध्ययन** शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको छ। यस शोधपत्रमा भाषिक सीपका आधारमा कक्षा आठका नमुना अभ्यासहरूको उपयुक्तको अध्ययन गर्नु र नमुना अभ्यासमा रहेका कमी कमजोरी निराकरणका लागि सुझावहरू दिनुजस्ता उद्देश्य राखिएको छ। यो शोधपत्रमा पुस्तकालयीय तुलनात्मक व्याख्यात्मक तथा विश्लेषणात्मक विधिहरूको प्रयोग गरिएको छ। विभिन्न समग्रहको सङ्कलन गरी त्यसको व्याख्या गर्नुका साथै सम्बन्धित पाठ्यपुस्तकबाट तथ्याङ्क सङ्कलन गरी त्यसको व्याख्या गर्नुका साथै सम्बन्धित पाठ्यपुस्तकबाट तथ्याङ्क सङ्कलन गरी त्यसको व्याख्या विश्लेषण गरिएको छ। यस शोधपत्रमा अभ्यासमा स्पष्ट

निर्देशन दिइनुपर्ने । उच्चारण अभ्यासलाई क्रमबद्ध र उपयुक्त स्तरमा प्रस्तुत गरिनु समूह कार्य गर्ने अभ्यास थप गर्नुपर्ने चित्रात्मक अभ्यासको संयोजन गरी वर्णन गर्न लगाउनु पर्ने विभिन्न जातजाति पिछाडिएका वर्ग तथा अपाङ्ग विद्यार्थीका लागि उपयोगी हुने खालका अभ्यास राखिनु पर्ने, चिठीमा घरायसीलाई मात्र प्राथमिकता, दिनुभन्दा त्यसमा विविधिकरण गर्नुपर्ने, पाठ्यपुस्तक परिमार्जन भएसँगै नमुना अभ्यासहरूमा पनि परिमार्जन र सुधार गर्नुपर्ने भाषिक सीप प्राप्तिका लागि प्रयोगात्मक, सिर्जनात्मक र सम्प्रेषणात्मक पक्षलाई जोड दिने सोही किसिमका शब्दभण्डार वृद्धि गर्ने अभ्यास राखिनुपर्ने सुझाव दिइएको छ ।

ढुङ्गाना (२०७२) द्वारा **कक्षा नौको नेपाली भाषापाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरूको अध्ययन** शीर्षकको शोधपत्र प्रस्तुत गरिएको छ । यसमा पाठ्यक्रम अनुरूपताको आधारमा अभ्यासहरू उपयुक्त भएको, नभएको हेर्नु, नमुना अभ्यासहरू विधाको क्षेत्र र क्रमका आधारमा सीपगत विविधता अनुरूप वर्गीकरण र विश्लेषण गर्नु । भाषा पाठ्यपुस्तकको विषयवस्तु अनुरूप अभ्यास भए नभएको र ती अभ्यास उमेर, खर्च मानसिक स्तर अनुरूप भए नभएको हेर्नु जस्ता उद्देश्यहरू राखिएका छन् । यस अध्ययनमा पुस्तकालयीय विधिको प्रयोगबाट सङ्कलित सामग्रीहरूलाई व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरेर निष्कर्ष निकालिएको छ । यस शोधमा पाठ्यक्रमले निर्धारण गरेका भाषिक सीपको विकाससँग सम्बन्धित अभ्यासहरू समावेश गरिएको, विद्यार्थीको उमेर, तह, क्षमता, रुचि अनुरूप अभ्यास छनोट नभएको, विद्यागत विविधता अनुरूप नमुना अभ्यासगत विविधता अपनाइएको निष्कर्ष निकालिएको छ ।

### २.१ पूर्वकार्यको उपयोगिता र कार्यान्वयन

नमुना अभ्यासहरूको अध्ययनका सन्दर्भमा प्रा.वि. तहका नमुना अभ्यासहरूको अध्ययन भएका शोधपत्र प्रशस्त छन् । विशेषतः यी अनुसन्धानात्मक शोधकार्यले नमुना वैज्ञानिक छैनन् भने पनि वैज्ञानिक र उपयोगी नमुना अभ्यास नमुनाका रूपमा प्रस्तुत गर्न सकेका छैनन् । आखिर यी अनुसन्धानात्मक शोधपत्रद्वारा नमुना अभ्यासलाई अध्ययन गर्ने गोरेटो प्रदान गरेको छ । आधारभूत तहका विद्यार्थीहरूको नयाँ पाठ्यक्रम अनुरूप कक्षा छको नेपाली भाषा पाठ्यपुस्तकमा आधारित नमुना अभ्यासात्मक शोधपत्र उपलब्ध छैनन् । यी शोधपत्रहरूको उपलब्धताको कमी भए पनि व्याकरणात्मक नमुना अभ्यासहरूको अध्ययन आधारित शोधपत्रहरू पाउन सकिन्छ । यस प्रकृतिका शोधपत्रहरूबाट सान्दर्भिकता, उपयुक्तता, स्तरीयता, क्रमिकता र निरन्तरताको अध्ययन गर्ने आधार प्राप्त गर्न सकिन्छ ।

कक्षा छको नेपाली भाषा पाठ्यपुस्तकमा आधारित प्रस्तुत शोधकार्यद्वारा कक्षा छको विद्यार्थीहरूका लागि नमुना अभ्यास गर्ने आधारहरू प्रदान गर्न सक्छ । उक्त विद्यार्थीहरूका लागि

गर्छ। आजसम्म वर्तमान भाषा पाठ्यपुस्तकमा आधारित नमुना अभ्यासहरूको अध्ययन हुन नसकेको अवस्थामा यो नितान्त मौलिक अनुसन्धानात्मक कृति हुनेछ। यस शोधपत्रका लागि नेपाली भाषाशिक्षणका भाषा पाठ्यपुस्तक, भाषा पाठ्यक्रमलाई मुख्य सहयोगी पुस्तकका रूपमा लिइएको छ। भाषा अनुसन्धानसँग सम्बन्धित पाठ्यक्रम र मूल्याङ्कनका पुस्तकहरू पनि त्यति कै उपयोगी छन्।

अध्ययनको अनुसन्धानका क्रममा सम्बन्धित विषयमा अघि सम्पन्न गरिएको कार्यहरूको व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको टिप्पणीमूलक समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो। पूर्वकार्यको अध्ययनपछि मात्र आफ्नो कार्यबारे स्पष्ट पहिचान हुनका साथै अध्ययन व्यवस्थित हुने भएकाले अनुसन्धानमा पूर्वअध्ययनको सर्वाधिक उपयोगिता रहेको हुन्छ। शोधपत्रमा पूर्वअध्ययनको महत्वलाई निम्न बुदाँमा प्रष्ट पार्न सकिन्छ। यसमा पूर्वकार्यको समीक्षाबाट शोधकर्ताले शोधपत्रका विषयसँग सम्बन्धित के कस्ता अनुसन्धान भएका छन् ? थाहा पाउनुका साथै समस्यालाई राम्ररी बुझ्न, विश्लेषण गर्न र शीर्षक चयन गर्न सहयोग गर्दछ भने अनुसन्धानलाई उपलब्धिमूलक बनाउन, नवीन धारणा खोज्न, नयाँ सिद्धान्त प्रतिपादन गर्न पनि सहयोग पुऱ्याउँछ भने पहिले भएका अध्ययनहरूको विश्लेषण गर्न र भविष्यमा गर्न सकिने अनुसन्धानका क्षेत्रहरू पत्ता लगाउन सहयोग पुऱ्याउँदै अनुसन्धानको दायरालाई फराकिलो पार्दछ भने यसले गल्ती कमजोरीहरूलाई पुनरावृत्ति हुनबाट बचाउँदै पहिले गरिएका अध्ययन अनुसन्धानले वर्तमान परिप्रेक्ष्यमा तिनको महत्त्व थाहा पाउन सकिन्छ र यस अघि भएका अनुसन्धानलाई सारांशको रूपमा हेर्न सकिन्छ आदि।

## २.२ सैद्धान्तिक/धारणात्मक संरचना


वर्तमान आधारभूत तहको नेपाली भाषापुस्तक र शिक्षक निर्देशिकालाई आधार बनाई निष्कर्ष निकालिएको छ। यो शोधकार्य सम्पन्न गर्न पारसमणि भण्डारीद्वारा लिखित नेपाली भाषा र साहित्य शिक्षण (२०६७) पुस्तक पनि उपयोगी भएको हुँदा यसको आधारमा पनि यो कार्य गरिएको छ। यसका अतिरिक्त निम्नमाध्यमिक शिक्षक दिग्दर्शन भाग दुईसँग सम्बन्धित विष्णुप्रसाद अधिकारीको पाठ्यपुस्तकलाई पनि सहयोगीका रूपमा लिइएको छ। यो शोधकार्य सम्पन्न गर्न भाषिक सीप, शिक्षणको धारणासँग सम्बन्धित केदारप्रसाद शर्मा र डा. माधवप्रसाद पौडेलको नेपाली भाषाशिक्षणका सन्दर्भ सामग्री उपयोगी भएको हुँदा यसको आधारमा यो शोधकार्य सम्पन्न गरिएको छ।

भाषा सिकाइका सैद्धान्तिक आधारका रूपमा प्लाभलभ र स्किनरको व्यवहारवादी सिद्धान्त तथा पियाजे, कोहलर लगायताको मनोवादी सिद्धान्तको मान्यताहरू रहेका छन्। निरन्तर

अभ्यासले नै सिकाईलाई व्यवस्थित र विश्वासनीय बनाउँदै लैजाने भएकाले सैद्धान्तिक धारणात्मक ढाँचा अनुरूप पाठ्यपुस्तकमा अभ्यासलाई समावेश गर्नुपर्दछ। नमुना अभ्याससँग सम्बन्धित विषयवस्तु भएकाले अभ्यास र पुनरावृत्ति वा सिकाइको सिद्धान्तसँग नजिक रहेर विश्लेषण गर्न सकिन्छ। स्किनरको कार्यबाहक सम्बन्ध पुम्पावर्तनको सिकाइ सिद्धान्त पटक-पटकको अभ्यास तथा पुनरावृत्तिबाट सफलता प्राप्त गर्न सकिन्छ भन्ने कुरालाई जोड दिएको छ। उनको परेवा र मुसामाथिको प्रयोगले यसै कुराको पुष्टि गर्दछ। स्किनरले स्किनर बाकसभित्र मुसालाई राखेर पटक-पटकको अभ्यासबाट मात्र लिएर थिच्न सफल भएको कुरा प्रयोगबाट देखिएको छ। त्यसैगरी सिकाइ पनि पटकपटकको अभ्यासबाट प्राप्त हुने कुरा हो।

पाठ्यक्रमले भाषा पाठ्यपुस्तकको निर्माण नै अभ्यासहरू रूपमा गर्नुपर्ने हुन्छ अनि मात्र पाठ्यक्रमले राखेका उद्देश्य पूरा हुन सक्छ। यस शोधकार्यमा कक्षा छको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरू पाठ्यक्रमको मर्म अनुरूप भए नभएको भाषिक सीपलाई उजागर गर्न सक्षम भए नभएको विषयमा पाठ्यक्रम र पाठ्यपुस्तकका आधारमा विश्लेषण गरिएको छ।

यस शोधकार्यको अवधारणात्मक ढाँचालाई चित्रात्मक रूपमा देखाइएको छ :




**(ढकाल, २०६६ : ६०)**

पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक निर्माण गरिन्छ। पाठ्यपुस्तकमा पाठअनुरूप नमुना अभ्यासको समावेश हुन्छ। एउटा पाठ्यक्रम निर्माणका लागि उद्देश्य, विधाको क्षेत्र र क्रम, शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रमुख अङ्ग मानिन्छन्। यिनीहरू कै एकीकृत सम्बन्धबाट सम्पूर्ण शैक्षिक कार्यक्रम निर्देशित र नियन्त्रित भई लक्ष्य प्राप्तिमा पुग्न सकिन्छ। अतः भाषा पाठ्यक्रममा उद्देश्य, विषयवस्तु विधाको क्षेत्र र क्रम, शिक्षण सिकाइ प्रक्रिया तथा मूल्याङ्कनमा समेत नमुना अभ्यासले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ।

## अध्याय तीन : अध्ययनको विधि/प्रक्रिया

### ३.१ अध्ययनको संरचना

यस अध्ययन सैद्धान्तिक प्रकृतिको भएकाले निर्धारित लक्ष्य र उद्देश्य प्राप्तिका मूल रूपमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ। पुस्तकालयीय विधिबाट सङ्कलित सामग्रीहरूलाई व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरेर निष्कर्षमा पुगिएको छ। यो शोधकार्य सिर्जनात्मक रूपमा सम्पन्न गर्न आगमन विधि निकै उपयोगी हुने ठहर्छ। यो अध्ययनमा पुस्तकालयीय विधि, व्याख्यात्मक, विश्लेषणात्मक विधि र निगमन विधिको प्रयोग गरिएको छ। यो अध्ययन सैद्धान्तिक प्रकृतिको भएकाले गुणात्मक छ।

### ३.२ जनसङ्ख्या र नमुना

वर्तमान कक्षा छको नेपाली पाठ्यपुस्तक यस अध्ययनको जनसङ्ख्याको रूपमा रहेको छ भने त्यसभित्र तोकिएका नमुना अभ्यासहरू नमुनाका रूपमा रहेका छन्।

### ३.३ नमुना छनोट प्रक्रिया

प्रस्तुत शोध अध्ययनमा समावेश गरिएका नमुना विद्यार्थीहरू चिठ्ठा प्रणालीबाट छनोट गरिएको छ। सम्बन्धित विद्यालय कक्षा छमा अध्ययनरत नेपालीभाषी विद्यार्थीहरूबाट चिठ्ठा प्रणालीबाट छनोट गरिएकाले यो अध्ययन यादृच्छिक नमुना छनोट प्रक्रियामा आधारित रहेको छ।

### ३.४ तथ्याङ्क सङ्कलनका स्रोत

प्रस्तुत शोधकार्य प्राथमिक तथा द्वितीय स्रोतको प्रयोगमा आधारित छ। खासगरी प्राथमिक स्रोतका सामग्रीको शुद्धता र स्तरीयतामा नै अनुसन्धान निर्भर हुने भएकाले प्राथमिक स्रोतका सङ्कलित सामग्रीलाई वस्तुगत बनाई पूर्णता प्रदान गर्न द्वितीय स्रोतको समेत उपयोग गरिएको छ।

#### क. प्राथमिक स्रोत

प्रस्तुत अध्ययन कक्षा छको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययनमा केन्द्रित छ। खासगरी भाषिक सीप अभिवृद्धि गर्न अभ्यासहरू के कति उपयुक्त छन् भन्ने कुरामा यो अध्ययन पूर्ण रूपमा केन्द्रित भएको हुनाले सम्बन्धित पाठ्यपुस्तकलाई नै प्राथमिक स्रोत सामग्रीका रूपमा उपयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ।

#### ख. द्वितीयक स्रोत

प्राथमिक स्रोतसँगै थप तथ्य सङ्कलन गर्न द्वितीयक स्रोतको सहयोग लिइएको छ। यस क्रममा विभिन्न पाठ्यपुस्तकहरू, शिक्षक, निर्देशिका, शोधपत्र सन्दर्भ पुस्तकहरू खोजी गरी अध्ययन गरिएको छ।

### ३.५ तथ्याङ्क सङ्कलनका प्रक्रिया र साधन

यस्ता शोधकार्य तयार गर्न पुस्तकालयीय विधिको प्रयोग गरिएको छ। पुस्तकालयबाट विभिन्न पुस्तक, अभ्यास सम्बन्धित पुस्तकहरू तथा शोधपत्र अध्ययन गरिएको छ। त्यसैगरी कक्षा छको भाषा पाठ्यपुस्तक र पाठ्यक्रमको अध्ययनबाट पुस्तकमा भएका नमुना अभ्यासको तालिका गरिएको छ। नमुना अभ्यासलाई विधाअनुसार भाषाका चारै सीपमा आधारित अभ्यासहरू छुट्याइएको छ। यसै आधारमा रहेर निष्कर्ष निकालिएको छ।

### ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

प्रस्तुत कक्षा छको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको तथ्याङ्क सङ्कलन गरिसकेपछि प्राप्त तथ्याङ्कलाई अध्ययन गरी वर्णनात्मक रूपमा विश्लेषण कार्य गरिएको छ। भाषा पाठ्यपुस्तकमा भएका अभ्यासलाई भाषिक सीप अभिवृद्धिको दृष्टिले विश्लेषण गरिएको छ।

## अध्याय चार : नतिजा/परिणाम र छलफल

### ४.१ परिचय

भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासले विद्यार्थीहरूमा भाषिक सीप विकासमा सहयोग पुऱ्याउँछ। उनीहरूको भाषिक व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने विधाका पाठअनुरूप स्तर, तह, रुचि, क्षमता सुहाउँदो गरी नमुना अभ्यास निर्धारण गरिएको हुनुपर्दछ। कक्षा छको वर्तमान नेपाली पाठ्यपुस्तकमा रहेका सबै पाठहरूलाई पाठगत आधारमा विश्लेषण गरिएको छ। यस क्रममा कथा, कविता, जीवनी, निबन्ध, संवाद, चिठी, निवेदन आदि विधालाई छुट्टाछुट्टै शीर्षकमा रहेर व्याख्या तथा विश्लेषणसमेत गरिएको छ।

### ४.२ पाठ एक 'गुरु' कवितामा समाविष्ट नमुना अभ्यास

कविता सिकाइको मुख्य उद्देश्य लयबोध, भावबोध र उच्चारण सीप विकास गर्नु हो। कविता सिकाइ गर्दा विशेषतः लययुक्त सस्वरवाचन, भाव पहिचान गर्दा विशेषतः लययुक्त, सस्वरवाचन, भाव पहिचान। प्रश्नोत्तर भावार्थ र भाव विस्तार आदिका क्रियाकलाप गराउनुका साथै कविताको अनुत्तरणात्मक र सिर्जनात्मक लेखान्तर प्रवृष्टि गराउनु उपयुक्त हुन्छ। आधारभूत शिक्षा पाठ्यक्रम अन्तरसम्बन्धित बनाएर राख्नु नै भाषा पाठ्यपुस्तकको ध्येय हो।

### ४.२.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित नमुना अभ्यास

यस पाठमा विद्यार्थीहरूमा सुनाइ र बोलाइ सीप विकास गराउनु निम्न अभ्यासहरू राखिएको छ :

प्रश्न(क)शिक्षकले 'गुरु' कविता वाचन गरेको सुन र तिमी पनि त्यसरी नै वाचन गरः (नेपाली, ३)

(ख) लेखिएका कुरा कापीमा सार र साथीलाई सुनाऊ (नेपाली)

ज्ञानको ज्योति, जन्मको सार, म्यागको तेज, रविका छाँया, गुरुका नेत्र, उचाइ भूमि, सृष्टिका गाथा, सुन्दर जीवन।

(ग) तलका शब्दको अर्थ बताऊ (नेपाल, ४)

धर्ती, पूर्ण, निर्माण, मानव, नाता, दोषी, गाथा, पसिना।

(घ) तलका शब्द शुद्धसँग उच्चारण गर र कापीमा सारः (नेपाल, ४)

चम्किलो, ज्योति, धर्ती, पूर्ण, शिष्य, मट्टी, मूर्ति, व्यर्थ, कष्ट, दोषी, सृष्टि, उद्धार, यात्री, हुन्डरी, निम्य, वृद्ध, डुङ्गा।

माथि प्रश्न 'क' को अभ्यासले विद्यार्थीलाई सही सुन्न र सही उच्चारण गर्न सहयोग गर्ने भएकाले यसले सुनाइ र बोलाइ सीपको विकासमा सहयोग पुऱ्याउने देखिन्छ भन्ने 'ख' को अभ्यासले शुद्धसँग लेख्न र सुन्न सहयोग पुऱ्याएको देखिन्छ प्रश्न ग, घ को अभ्यासले ध्यान

दिएको सुन्न, शुद्ध उच्चारण गर्न र शुद्धसँग लेख्न सहयोग गर्ने अपेक्षा राख्न सकिन्छ। जसले सुनाइ तथा बोलाइ सीपको विकास गर्न सहयोग गर्दछ।

### ४.२.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित नमुना अभ्यास

विद्यार्थीहरूमा उच्चारण, पठन तथा वाचन सीप विकास गराउन अघिल्ला तिन सीपमा अभ्यास गराउनु पर्ने हुन्छ।

(५) त्यसैले लेखाइ तथा पढाइ सीपमा बढीभन्दा बढी अभ्यास गराउन निम्न नमुना अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न (क) कवितामा पङ्क्ति पूरा गरी सारः (नेपाली-३)

गुरु हुन् ................................ निरन्तर।<br>
........................................... खातिर।<br>
................. माझी हरे ................... ।<br>
................... सम्झिनै .......... जीवन ॥

प्रश्न (ख) उत्तर लेखः (नेपाली-३)

क. गुरुको ज्ञान शिष्यमा सर्न थालेपछि के हुन्छ ?

ख. गुरुले जलेर र गलेर केके गर्छन् ?

ग. मानव कसरी बन्न सकिन्छ ?

घ. किन गुरु र शिष्यबीच असल सम्बन्ध हुनुपर्छ ?

ङ. गुरुलाई ज्ञानको सागर किन भनिएको हो ?

च. गुरुले शिष्यका लागि केके गर्छन् ?

छ. 'उजाड' भूमिमा आई स्कुल रोज्छन्। निरन्तर, भन्नुको अर्थ के हो ?

प्रश्न (ग) व्याख्या गरः (नेपाली, ४)

उनी हुन् रविका छायाँ उज्यालो नित्य छर्दछन्।

मान्छे ! मानवका लागि बन मानव भन्दछन् ॥

प्रश्न (ग) तिम्रो विचारमा गुरुलाई शिष्यले किन सम्मान गर्नुपर्छ : आफ्नो विचार लेखः (नेपाली,४)

प्रश्न (घ) उही अर्थ हुने शब्दसँग जोडा मिलाइ कापीमा सारः (नेपाली, ४)

| | |
|---|---|
| तेज | चमक |
| गुरु | माया |
| शिष्य | शिक्षक |
| स्नेह | आँखा |
| नेत्र | चेलो |
| | बृद्ध |

प्रश्न (ङ) तलका शब्दको अर्थ बताऊ (नेपाली, ४)

धर्ती, पूर्ण, निर्माण, मानव, नाता, दोषी, गाया, पसिना

प्रश्न (च) तलका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरेर कक्षामा सुनाऊ । (नेपाली, ४)

जन्म, म्याग, मट्टी, छाँया, चोट, उजाइ, माझी, सुन्दर, ढुङ्गा

प्रश्न (छ) तलका शब्द शुद्धसँग उच्चारण गर र कापीमा सारः (नेपाली-४)

चम्किलो, ज्योति, धर्ती, पूर्ण, शिष्य, मट्टी, मूर्ति, व्यर्थ, कष्ट, द्वेषी, सृष्टि, उद्धार, यात्री, हुन्डरी, नित्य ।

प्रश्न (झ) सच्याएर कापीमा सारः (नेपाली-५)

ग्यान, गुरु, समुन्द्र, शिशा, भूमि, माजी, जिवन, हीमाल

प्रश्न (ञ) कविताको दोस्रो श्लोक कापीमा सार । (नेपाली-५)

प्रश्नः (ट) यस कविताबाट शब्दको अन्त्यमा 'छ' र 'न' भएका शब्द टिप ।

माथि दिएका प्रश्न 'क' र 'ख' विद्यार्थीहरू गहन अध्ययन गर्न र शुद्ध लेखन सीप विकास गर्न सघाउ पुऱ्याउँछ । यी अभ्यासहरू पढी सीपसँग सम्बन्धित रहेको देखिन्छ भने 'ग', 'घ', 'ङ', 'च'ले विद्यार्थीहरूमा पढाइ सीपको विकास गर्ने अपेक्षा राख्न सकिन्छ किनभने जोडा मिलाउने, अर्थ पश्चात मात्र उत्तर लेखन तथा खाली ठाउँ भर्ने, जोडा मिलाउने, अर्थ बताउने क्रियाकलाप गर्न सकिन्छ । पढाइ सीपको प्राप्ति प्रश्चात मात्र लेखन सीपमा सघाउ पुऱ्याउने देखिन्छ । साथै प्रश्न छ, ग, झ, ञ, ट ले विद्यार्थीलाई लेखन सीपमा सघाउ पुऱ्याउने देखिन्छ । पाठ सार्न तथा वाक्य बनाउने अभ्यासले विद्यार्थीमा सूक्ष्म रूपले पढ्ने बानी बसालने भएकाले पढाइ सीपमा आधारित देखिन्छन् ।

### ४.२.३ निष्कर्ष

'गुरु' कवितामा प्रयुक्त अभ्यास शब्दभण्डार र उच्चारण र हिज्जेमा राखिएका अभ्यासहरू भाषाका चारवटै सीपलाई विकास गर्नका लागि समावेश गरेको पाइन्छ । सुनाइ र बोलाइ सीपका लागि सुन र लेख तथा अप्ठ्यारा शब्द उच्चारण गर्ने अभ्यास उपयुक्त छ साथै खाली ठाउँ भर्ने, छोटो उत्तर लेख्ने जस्ता अभ्यासले पनि लेखाइभन्दा पढाइ सीपलाई विकास गर्ने देखिन्छ । जम्मा १४ वटा अभ्यास भएको यो पाठमा ९ वटा पढाइ र लेखाइ सीपमा आधारित भए पनि लेखाइ सीपले अगाडिका तिनवटै सीपलाई सँगसँगै भएकाले यस पाठमा प्रयुक्त नमुना अभ्यासहरूले भाषिक सीप विकास गर्ने दखिन्छ ।

## ४.३ पाठ दुई : युक्तिसामु 'शक्ति टिक्दैन' कथामा समाविष्ट नमुना अभ्यास

कक्षा भाषा पाठ्यपुस्तकमा प्रयुक्त विधामध्ये रोचक विधा भएकाले यस विधाबाट भाषिक सीपहरूको विकास गर्न प्रत्यक्ष सहयोग पुग्दछ । कथा शिक्षणबाट भाषा परिष्कारका साथै स्वस्थ्य, मनोरञ्जन विषय बोध, अभिरुचि सम्बर्धन र विश्लेषणात्मक प्रतिभाको विकास गर्न गराउन सकिन्छ । त्यसरी नै कथाका माध्यमबाट भाषा सिकाइलाई रुचिपूर्ण र सुगम त बनाउन सकिन्छ

नै साथै यसबाट विद्यार्थीहरूमा कल्पना शाक्ति र सिर्जना शक्ति बढाउन र साहित्यप्रति रुचि जगाउन पनि सहज हुन्छ (शर्मा र पौडेल, २०६८:२७२)। कथा शिक्षणबाट कथानात्मक अभिव्यक्ति सीपको वृद्धि गर्न, कल्पना शक्तिको विकास गराउनका साथै पठन बोध, श्रुति बोध गराउन सकिन्छ। यस्ता सीप प्रप्तिका लागि कथा कथन, कथा श्रवन, कथाको अनुकृत लेखन आदि गराउन सकिन्छ। कथाका माध्यमबाट सस्वर तथा मौन पठन, पठन बोध, प्रश्नोत्तर, बुँदाटिपोट, सारांश घटनाक्रम मिलाउने कठिन शब्दको उच्चारण अर्थ र प्रयोग, श्रुतिलेखन अनुलेखन जस्ता कार्यकलाप गराउनुपर्दछ (आधारभूत शिक्षा पाठ्यक्रम (२०६३))। यस्ता कार्यकलाप समेटेर निर्माण गरेका नमुना अभ्यास नै भाषिक सीपलाई उजागर गर्न सक्छ।

**४.३.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित नमुना अभ्यासः**

पाठमा सुनाइ र बोलाइसँग सम्बन्धित अभ्यासहरू निम्न छन् :

प्रश्न (क) कथाको दोश्रो र तेश्रो अनुच्छेद शिक्षकबाट सुनी तलका प्रश्नको उत्तर भनः (पृष्ठ ११)

क. खडेरीले जङ्गलका रुखहरू के भए ?

ख. हात्तीको बथान किन चारै तिर भौतारिन्थ्यो ?

ग. हात्तीका छावा के कारणले मरे ?

घ. खडेरी पर्दा वनमा केके भयो ?

प्रश्न (ख): तलका शब्द ठिकसँग उच्चारण गरेर कक्षामा सुनाऊ (पृष्ठ १३) लम्बकर्ण, तलाउ, चतुर्दन्त, पूर्णिमा, दाहा, अन्यत्र, निर्धक्क, हिम्मत, टहटह।

प्रश्न (ग): चतुर्दन्त र लम्बकर्ण नाम रहनुका कारण साथीसँग छलफल गर र शिक्षकलाई सुनाइ (पृष्ठ १२)

माथि प्रश्न 'क' र 'ख' ले विद्यार्थीहरूमा राम्रोसँग पढ्ने र कक्षामा भनिएका कुराहरूलाई ध्यानपूर्वक सुन्ने बानीको विकास गर्ने भएकाले सुनाइ र बोलाइ सीपको विकास गर्दछ भने प्रश्न 'ग' ले विद्यार्थीमा तार्किक क्षमताको विकास, अभिव्यक्ति सीपको विकास शुद्ध उच्चारण गर्न सघाउ पुऱ्याउँछ। जसले सुनाइ, बोलाइ दुवै सीपको एकै पटक अभ्यास गराउँछ।

**४.३.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित नमुना अभ्यास**

यस पाठमा पढाइ र लेखाइ सीपको विकास गर्न राखिएका अभ्यासहरू निम्नानुसार छन्:

प्रश्न (क) पाठका आधारमा ठिक शब्द राखी खाली ठाउँ भरः (पृष्ठ १२)

क. हात्तीको बथानको नाइके ............. मनता हात्ती थियो। (एउटा, धेरै, थोरै)

ख. चर्को खडेरीले ............. रुखका पात सुकन थाले। (घरका, बारीका, जङ्गलका)

ग. एक दिन ............. सभा गरे। (खरायाहरूले, हात्तीहरूले, छानाहरूले)

प्रश्न (ख): कसले कसलाई भनेको हो ? पत्ता लगाएर लेखः (पृष्ठ १२)

क. म भोली नै हामीलाई सबै सुविधा हुने जङ्गल पत्ता लगाउँछु ।

ख. खाने घाँस र पिउने पानी नभएकाले सङ्ख्या घटेको हो ।

ग. कि हात्ती भगाऊ कि नयाँ बासस्थान खोज ।

घ. एउटा जरुरी कुरा छ भनौँ ?

प्रश्न (ग): तलका प्रश्नको उत्तर लेख (पृष्ठ १२)

क. हात्तीहरूको बथानको नाइके को थियो ?

ख. किन हात्तीहरूको चतुर्दन्त कहाँ गए ?

ग. चतुर्दन्त कहाँ गयो ?

घ. पाताल जङ्गलमा केके बसेका थिए ?

ङ. हात्तीको बथानले सबैभन्दा बढी असर कसलाई गर्‍यो ?

च. खरायाहरूको नाइके को थियो ?

छ. लम्बकर्णले हात्तीलाई के देखाएर ।

ज. यस कथाले के शिक्षा दिन्छ ?

प्रश्न (घ): "जुक्तिबुद्धिका सामु शक्तिको केही चल्दैन" भन्ने कुरा यस पाठका आधारमा प्रष्ट पार ( पृष्ठ १२)

प्रश्न (ङ): चतुर्दन्त र लम्बकर्ण नाम रहनुका कारण साथीहरूसँग छलफल गर र शिक्षकलाई सुनाउः (पृष्ठ १३)

प्रश्न (छ) उल्टो अर्थ हुने शब्दसँग जोडा मिलाइ कापीमा सारः

| | |
|---|---|
| मुनी | छोटो |
| साँझ | रात |
| लामो | माथि |
| दिन | बिहान |
| | घाम |

प्रश्न (ज): तलका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरः (पृष्ठ १२)

बथान, वृत्तान्त, खडेरी, व्याकुल, झलक्क, सूचना, युक्ति, दुर्व्यवहार, जुरुक्क

प्रश्न (झ): माथिको पाठ पालैपालो पढेर सुनाउ (पृष्ठ १३)

प्रश्न (ञ) सच्चाएर सारः (पृष्ठ १३)

सबैले सभामा लम्वकर्णलाई बसाइ शरेर आएका हात्तीले गरेको अत्याचारको बेली विस्तार सुनाए ।

प्रश्न (ट): पाठको पहिलो अनुच्छेद कापीमा सार (पृष्ठ १३)

माथिका प्रश्न 'क', 'ख', 'ग', 'घ' गर्नका लागि विद्यार्थीले सूक्ष्म रूपले पाठ पढ्नु पर्दछ । त्यसैले यस्ता अभ्यासले लेखाइ पढाइ दुवै सीप विकासमा बराबर सहयोग पुऱ्याउँछ । विद्यार्थीमा पढ्ने बानीको विकास गर्दै मौलिक लेखनमा सहयोग गर्ने देखिन्छ भने शब्दभण्डारमा दिएका ङ, च, छ, ग, झ, ञ, ट अभ्यासको विद्यार्थीलाई शब्दसम्म गराउने उद्देश्य राखे पनि शब्दहरूको अर्थ वाक्यमा प्रयोग, जोड मिलाउ, सच्चाएर लेख पाठको अध्ययन अनिवार्य छ । त्यसैले यस्ता अभ्यासबाट लेखाइ सीप कम र पढाइ सीपको बढी विकास हुने देखिन्छ ।

### ४.३.३ निष्कर्ष

'युक्तिसामु शक्ति टिक्दैन' कथामा राखिएका नमुना अभ्यासहरू कथा शिक्षणको उद्देश्य अनुरूप नै रहेको देखिन्छ । व्याकरण अभ्यासदेखि बाहेक १२ ओटा अभ्यास समावेश गरिएको यस पाठमा पढाइलाई प्रमुख मानेर त्यसै अनुरूप अभ्यासको समावेश गरिएको पाइन्छ । उत्तर भन्ने, उत्तर लेख्ने, भाव स्पष्ट पार्ने, शब्दभण्डार उखानको प्रयोग तथा उच्चारण जस्ता अभ्यासहरू समावेश गरेर बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सीपलाई समानुपातिक ढङ्गले समावेश गरिएको पाइए तापनि सुनाइ सीपमा आधारित नमुना अभ्यासको भने कमी पाइएको छ । नमुना अभ्यासकै माध्यमबाट विद्यार्थीलाई उखानको ज्ञान र अभ्यास गराउने कार्यले विद्यार्थीको पढाइ र लेखाइमा भने थप निखारता ल्याउने देखिन्छ ।

## ४.४ पाठ तीन 'सामाजिक सद्भाव'

गद्य भाषामा लेखिएको जीवन जगतकै विषयवस्तु, भाव विचारलाई प्रस्तुत गरिएको लघु कलेवरमा संरचित साहित्यिक विधालाई प्रबन्धका रूपमा लिइन्छ (भण्डारी र अन्य, २०६६:४५३) । यस विधाको मुख्य प्रयोजन विद्यार्थीमा गद्यात्मक अभिव्यक्तिको बोध क्षमताका साथै गद्यात्मक लिखित अभिव्यक्ति क्षमताको विकास गर्नु हो । यसको सिकाइका क्रममा निर्दिष्ट प्रबन्धका पाठको उपयोग गर्नुका साथै खास विषय शीर्षक दिई निर्देशित र स्वतन्त्र रूपमा लेखन अभ्यास गराउनु पर्दछ । गद्यात्मक अभिव्यक्तिको अभ्यास गराउँदा मौन पठन प्रश्नोत्तर, छलफल, व्याख्या आदिको उपयोग गर्नुपर्छ । यसका अतिरिक्त प्रबन्ध शिक्षण क्रममा अभ्यासका रूपमा सस्वर पठन, बुँदाटिपोट, सारांश, भाव विस्तार, व्याख्याका साथै शब्दोच्चारण, कठिन शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, श्रुतिलेखन तथा अनुलेखन जस्ता अभ्यास गराउनु आवश्यक हुन्छ (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९) । शब्दभण्डार शिक्षणका लागि भने प्रबन्ध निकै प्रभावकारी विधा मानिन्छ ।

### ४.४.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत प्रबन्धमा सुनाइ र बोलाइ सीपको विकासका लागि निम्न अभ्यासहरू प्रयोग गरिएको छ : :

प्रश्नः (क) तलका प्रश्नको एक वाक्यमा उत्तर भनः (पृष्ठ १९)

क. मानिसलाई किन सामाजिक प्राणी भनिएको हो ?

ख. मानिस र पशुमा के फरक छ ?

ग. हामीले कस्ता मानिसको सिको गर्नुपर्छ ?

घ. समाज विकासका बाधक तत्व केके हुन् ?

ङ. कस्तो भावनालाई परोपकार भनिन्छ ?

च. हामी के बाट आत्म निर्भर हुन सक्छौं ?

प्रश्न (ग): 'तिम्रो क्षेत्रमा सामाजिक सद्भाव' सम्बन्धी के कस्ता काम भएका छन् समुदायका मानिसहरूसँग सोधेर कक्षामा छलफल गर। (पृष्ठ २०)

क. जसरी समाजविहिन मानवको कल्पना गर्न सकिँदैन त्यसैगरी मानविहिन समाजको पनि हुँदैन।

ख. सबैसँग मित्रवत् व्यवहार गर्नु नै असल मानिसको पहिचान हो।

प्रश्न (२०) तलका शब्दलाई शुद्धसँग उच्चारण गर (पृष्ठ २१)

सहिष्णुता, स्वच्छ, छुट्याउन, सामर्थ्य, सम्मिश्रण, स्वच्छ, दण्ड, आश्रय, स्थल, उच्छृङ्कलता, स्वालम्वीपन, आत्मनिर्भर

निम्न अभ्यासहरू क, ख, ग, घ सुनाइ र बोलाइ बुवै सीपलाई विकास गर्न महत्वपूर्ण रहेका छन्। अभ्यास गर्न, विद्यार्थीमा आफ्ना कुराहरू सबैको सामु भन्न, विद्यार्थीमा रहेका अन्तर्निहित क्षमता प्रस्फुष्न गर्न, भनेका कुरा सुन्न, शुद्ध, स्पष्ट उच्चारण गर्न देखिन्छ। यस्ता अभ्यास गर्न सर्वप्रथम सुनाइसम्बन्धी अभ्यास भने हुन जसरी हुन्छ।

### ४.४.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित नमुना अभ्यासहरू

नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त गरिने अभ्यासहरू मध्ये पढाइ र लेखाइसँग सम्बन्धित अभ्यास प्रमुख मानिन्छन्। यिनै सीपका आधारमा रहेर यस पाठमा निम्न अभ्यासहरू राखिएको छ।

प्रश्न (क): ठिक बेठिक छुट्याऊः (पृष्ठ १९)

क. मानिस सामाजिक प्राणी हो।

ख. मानिस र अरु प्राणीमा कुनै भिन्नता पाइन्न।

ग. मेल मिलाप गर्न नसकिने कुरा हो।

घ. मानिसको विशेषता भन्नु नै निरन्तर अगाडि बढ्नु हो ।

ङ. राम्रो काम गरे पनि मानिस देवता बन्न सक्दैन ।

च. मानिस आफ्ना समस्या मिलेर समाधान गर्न समाजलाई आश्रय स्थल बनाइएको हो ।

प्रश्न (ख): भाव स्पष्ट पार: (पृष्ठ २०)

क. मानिस विवेकशील प्राणी हो ।

ख. गतिशिलता भएन भने त मानव समाज मौलाउन सक्दैन भए उदार हृदय र त्यागको भावनाबाट मानिस महान् बन्न सक्दछ ।

प्रश्न (ग): विपरीतार्थी शब्दसँग जोडा मिलाइ कापीमा सार (पृष्ठ २०)

| | |
|---|---|
| बलियो | साँचो |
| समान | सरल |
| कठिन | फरक |
| गलत | कमजोर |
| | सद्भाव |

प्रश्न (घ) मिल्दो शब्दसँग जोडा मिलाई कापीमा सार: (पृष्ठ २१)

| | |
|---|---|
| प्रेम | मेलमिलाप |
| व्यवहार | माया |
| एकता | आचरण |
| भावना | अस्तिम्व |
| | सद्भाव |

प्रश्न (घ) तलका शब्दको अर्थ लेख (पृष्ठ २१)

सद्भाव, उत्थान, विवेक, सम्प्रदाय, गतिशीलता, आत्मनिर्भर, सजावट, समुन्नत

प्रश्न (ङ) वाक्यमा प्रयोग गर (पृष्ठ २१)

मित्रवत, अग्रसर हुनु, रीति रिवाज, सिको गर्नु, आचरण, सभ्य, उन्नतिशील

प्रश्न (छ) पाठको पहिलो र दोस्रो अनुच्छेद कापीमा सार । (पृष्ठ २१)

प्रश्न (ज) पाठबाट 'ण' र 'न' प्रयोग भएका पाँच, पाँच शब्दहरू टिप ।

पाठ्यपुस्तकमा प्रयुक्त प्रश्न क, ख, ग, घ, ङ, च अभ्यासले सीपलाई बढी दिने प्रकृतिका छन् । यस्ता अभ्यासले विद्यार्थीमा सूक्ष्म रूपले अध्ययन गर्ने बानीको विकास गर्नका साथै लेखाइ सीपलाई पनि सहयोग गर्ने देखिन्छ भने छ, ज, झ, अभ्यासहरू लेखाइ सीपसँग सम्बन्धित भए पनि पढाइको तयारी बिना यी अभ्यास गर्न सम्भव हुँदैन त्यसैले यस किसिमको अभ्यासले पढाइ र लेखाइ दुवै सीपको विकास गर्ने कार्य गर्दछन् साथै च, छ, ज जस्ता शब्दभण्डारगत अभ्यास

प्रबन्धका लागि उपयुक्त देखिन्छ । नयाँ शब्द बनाउने, वाक्यमा प्रयोग गर्ने, अभ्यासले विद्यार्थीमा पढाइ र बोलाइ दुवै भाषिक सीप विकास गर्ने देखिन्छ ।

**४.४.३ निष्कर्ष**

'सामाजिक सद्भाव' प्रबन्धमा राखिएका नमुना अभ्यासहरू निबन्ध/प्रबन्ध शिक्षणको उद्देश्य अनुरूप नै रहेको देखिन्छ । व्याकरण अभ्यासदेखि बाहेक १४ ओटा अभ्यास समावेश गरिएको यस पाठमा पढाइ/लेखाइलाई प्रमुख मानेर त्यसै अनुरूप अभ्यासको समावेश गरिएको पाइन्छ । पाठ पढ्ने, उत्तर भन्ने, लामो, छोटो उत्तर लेख्ने, जोडा मिलाउने, खाली ठाउँ भर्ने, श्रुतिलेखन, शब्दभण्डार तथा उच्चारणका अभ्यासहरू समावेश समानुपातिक ढङ्गले समावेश गरिएको छ । नमुना अभ्यासकै र अर्थको जोडा मिलाउने र कठिन शब्दको उच्चारण कार्यले प्रबन्ध शिक्षणको उद्देश्य अनुरूप विद्यार्थीको शब्दभण्डारगत ज्ञानमा थप निखारता ल्याउने देखिन्छ ।

**४.५ पाठ चार :'भविष्यको योजना' संवादमा प्रयुक्त नमुना अभ्यास**

रूपक विधा नेपाली साहित्यको क्षेत्रमा रोचक र प्रभावकारी मानिन्छ । यस विधा अन्तर्गत एकाङ्की संवाद वादविवादलाई नि.मा.वि. तहको पाठ्यक्रममा समावेश गरिएको छ। रूपक शिक्षणको मुख्य प्रयोजन बोलाइ सीपको विकास गर्नु हो । रूपक विधाको मुख्य प्रयोजन कथ्य अभिव्यक्ति क्षमता बढाउनु हो । यसको शिक्षण गर्दा निर्दिष्ट एकाङ्की, संवाद र वादविवादलाई परिस्थिति मात्र तथा भाव अनुकुल वाचन, अभिनय एवम् भूमिका निर्वाहको अभ्यास गराउनुपर्छ । रूपक विधाको अभ्यास गराउँदा प्रश्नोत्तर, कुराकानी, हाउभाउ पहिचान, संवाद वा वादविवादको अनुकरणात्मक लेखन, संवादपूर्ति, संवाद लेखन, वादविवाद लेखन, स्वतन्त्र लेखन, श्रुतिलेखन अनुलेखन आदि क्रियाकलाप समेत गराउनुपर्छ । यस क्रममा कक्ष्य अभिव्यक्ति क्षमता बढाउन सहायक हुने हाउभाउ स्वरको आरोह अवरोह, आघात, गति, यति आदिको ख्याल गर्नुपर्छ (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९) ।

**४.५.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यास**

यस पाठमा सुनाइ र बोलाइ सीपको विकासका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ, (पृष्ठ २९)

प्रश्न (क) तलका प्रश्नको उत्तर भन:

क. यस पाठमा जम्मा कति जना पात्र छन् ?

ख. अनिता परियारको जीवनको लक्ष्य के हो ?

ग. नोर्बु शेपाको भविष्यको योजना कस्तो छ ?

घ. अनिताको विचारमा देश विकास नहुने कारण को हो ?

ङ. तिमीले भविष्यमा के गर्ने विचार गरेका छौं ?

प्रश्न (क) अर्थ बताऊ (पृष्ठ २९)

सुन्दर, मण्डार, पर्यटन, योजना, विकास, सक्षम, दन, नेतृन्च

प्रश्न (ग) तलका शब्द शुद्धसँग उच्चारण गर:

भविष्य, नोर्बु, वातावरण, प्रभावित, कृषि, उद्योग उज्जवल

प्रस्तुत अभ्यासहरू भाषाको सुनाइ र बोलाइ सीपसँग सम्बन्धित छन् । यस्ता अभ्यासले सूक्ष्म ढङ्गले सुनाइ पढाइ, बोलाइ सीपलाई विकास गर्दछ, यसले विद्यार्थीमा आफ्ना अभिव्यक्ति स्पष्ट रूपमा राख्न, गहन अध्ययन गर्न, अन्तरनिहित क्षमता प्रस्फुटन गर्न सहयोग पुग्ने, शुद्ध उच्चारण गर्ने तथा संवादमा समावेश गर्ने भएकाले बोलाइ सीपको विकसमा सहयोग पुऱ्याउँछन् ।

**४.५.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित उपायहरू**

प्रस्तुत पाठमा पढाइ र लेखाइ सीपसँग सम्बन्धित निम्न अभ्यासहरू समावेश गरिएको छ ।

प्रश्न (क) पाठका आधारमा ठीक बेठीक छुट्याऊ (पृष्ठ २८)

क. नोर्बुले पर्यटन विकास र जडिबुटी उद्योगमा लाग्ने विचार राख ।

ख. हामीले प्राविधिक ज्ञानको विकास गर्नु हुँदैन ।

ग. राज्यले गरेको लगानीको प्रतिफल विदेशमा दिनुपर्छ ।

घ. उन्नत ज्ञान, सीप र प्रविधिको प्रयोग गरी देशको विकास गर्नुपर्दछ ।

प्रशन (ख) तलका भनाइ कसका हुन् ? पत्ता लगाइ लेख । (पृष्ठ २८)

क. मेरो त तराइमा कृषि क्षेत्रमा सहयोग पुऱ्याउन विचार छ ।

ख. मेरो पनि त हिमाली भेगमा पर्यटन विकास र जडीबुडी उद्योगमा लाग्ने विचार छ ।

ग. जनताका छोरोछोरी राजनीतिक नेतृत्वमा पुगेका छन् ।

घ. देश विकासको मूल आधार उद्योग, कलकारखना नै हो ।

ङ. विदेश गएर अर्काको नोकरी गर्नुभन्दा त स्वदेशमै बसेर केही गर्नुपर्दछ ।

प्रश्न (ग) तलका प्रश्नको छोटो उत्तर लेख: (पृष्ठ २८)

क. भविष्यको योजना भन्नाले के बुझिन्छ ?

ख. अनिताले किन शिक्षक हुने विचार गरेकी होलिन् ।

ग. देशको भविष्य उज्जवल बनाउने उपाय केके हुन् ?

घ. हरेक नागरिकले के गरेमा आ-आफ्नो कर्तव्य पूरा गरेको मानिन्छ ?

प्रश्न (क) उस्तै अर्थ हुने शब्दसँग जोडा मिलाइ कापीमा सार (पृष्ठ २९)

| | |
|---|---|
| रोमाञ्चक | योग्य |
| विकास | उत्साह |
| दक्ष | उन्नति |
| व्यवसाय | पेशा |
| जाँगर | रमाइलो |
| | जनशक्ति |

प्रश्न (ङ) मिल्दो शब्दसँग जोडा मिलाइ कापीमा सार (पृष्ठ २९)

प्रश्न (छ) तलका शब्दहरू शुद्ध गरेर मिल्ने साथीलाई देखाउः (पृष्ठ ३०)

पर्यटन, कर्नधार, दाजुभाइ, नैतिककता, परण

माथि प्रश्न क, ख, ग को अभ्यासले भाषाको पढाइ सीपसँग सम्बन्धित छ। यस अभ्यासले विद्यार्थीलाई गइन रूपमा अध्ययन गरी ठीक बेठीक छुट्याउन, कसको भनाइ हो भनी पहिचान गर्न, उत्तर लेखन सीपलाई विकास गर्ने देखिन्छ। त्यस्तै क, ङ र छ ले भाषाको पढाइ र लेखाइ दुवै सीपलाई विकास गर्न सहयोग पुऱ्याउने देखिन्छ। प्रश्न 'च' को अभ्यासले संवाद पूर्ति, संवाद लेखन, स्वतन्त्र लेखन, अभिव्यक्तिगत चेष्ठा हाउभाउ, भविष्य अनुकरण आदिको समेत विकास हुने अलवा अभ्यास समावेश कम भएको पाइन्छ।

### ४.५.३ निष्कर्ष

संवाद रूपक विधा अन्तर्गत पर्दछ। यो विधाको शिक्षण बोलाइ सीपको विकासका लागि गरिने भएकाले पाठ पढ्ने क्रममा नै बोलाइ सीपको प्रशस्त अभ्यास गराउनु पर्ने हुन्छ। यहाँका १२ ओटा अभ्यासहरू पनि कुनै न कुनै रूपमा बोलाइ सीपसँग सम्बन्धित भने देखिन्छन्। पाठमा राखिएको पहिलो अभ्यासले नै विद्यार्थीलाई पढाइ सीपको अभ्यास गराउँछ। साथै अरु सीपका अभ्यासलाई समावेश गर्ने क्रममा प्रश्न उत्तर, व्याख्या, शब्दार्थ, जोडा मिलाउ, सुनेर लेख, शुद्ध उच्चारण गर जस्ता अभ्यासहरू समावेश गरिएका छन्। यस पाठमा अभिव्यक्तिगत अभ्यास ब्युन देखिन्छन्। बोलाइभन्दा लेखाइ सीप सम्बद्ध अभ्यास बढी हुनु रूपक विधाका सन्दर्भमा उपयुक्त मानिँदैन। अभिव्यक्तिगत चेष्ठा, हाउभाउ, अनुकरण आदिको समेत विकास हुने खालका अभ्यासहरू थप गर्नुपर्ने देखिन्छ।

### ४.६ पाठ पाँच 'साहित्यकार भवानी भिक्षु' जीवनीमा प्रयुक्त नमुना अभ्यास

जीवनी विधा विशिष्ट व्यक्तित्वका जीवनलाई आधारमानी प्रस्तुत गरिन्छ। यो गद्य खास कुनै क्षेत्रमा उल्लेखनीय काम गरिसकेका व्यक्तिका व्यक्तिगत विषयसँग सम्बन्धित हुने हुनाले यसमा चारित्रिक विशेषताको प्रस्तुतिमा जोड दिइन्छ। यस विधाका माध्यमबाट विशिष्ट व्यक्तिहरूका जीवनचरित्रको मौखिक तथा लिखित वर्णन गर्ने सीपको विकास गराउन सकिन्छ।

जीवनी, विधामा मौखिक तथा लिखित अभिव्यक्तिको विकास गर्ने, खालका बोध, सारांश लेखन, सप्रसङ्ग व्याख्या, भाव प्रष्ट गर्ने, श्रुतिबोध, सस्वर तथा मौन पठन, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, बुँदाटिपोट, शिलाशिला मिलाएर घटनाक्रमको प्रस्तुति गर्ने भाषिक सीप विकासका क्रियाकलापसँग सम्बन्धित नमुना अभ्यासहरू समावेश गर्नु सान्दर्भिक देखिन्छ (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९) । जुन नमुना अभ्यासले विद्यार्थीहरूमा सिर्जनात्मक क्षमताको विकास गर्नु साथै प्रयोगपरक भाषिक क्षमता हासिल गर्न थप उर्जा प्रदान गर्दछ ।

### ४.६.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा प्रयुक्त सुनाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू निम्नानुसार छन् ।

प्रश्न (क) साहित्यकार भवानी भिक्षुको जीवनी पालैपालो पढेर कक्षामा सुनाऊ (पृष्ठ ३६)

प्रश्न (ख) तलका शब्द शुद्धसँग उच्चारण गर : (पृष्ठ ३६)

भिक्षु, तौलिहवा, चित्रण, शीर्षक, पात्रपत्रिका, भावुक, त्रिवेणी,

प्रश्न (ख) उत्तर भनः (पृष्ठ ३४)

क. भिक्षुको जन्म कहिले र कहाँ भएको थियो ?

ख. भिक्षुको वास्तविक नाम के हो ?

ग. भिक्षुलाई कुन कुन भाषाको ज्ञान थियो ?

घ. भिक्षुलाई कुन कुन पुरस्कारले सम्मानित गरिएको थियो ।

प्रश्न (क) ले विद्यार्थीलाई ध्यानपूर्वक सुन्न, स्पष्ट शुद्धसँग वाच्न गर्न सघाउ पुग्ने देखिन्छ भने 'ख' र 'ग' का अभ्यासहरूले विद्यार्थीमा बोलाइ सीपको विकास गर्छ साथै लेखन सीपको विकास गर्ने देखिन्छ । यस्ता अभ्यासहरूले विद्यार्थीहरूलाई बोल्न लेख्न दुवै कार्यमा संलग्न गराउने भएकाले बोलाइ र लेखाइ सीपको विकास गर्ने देखिन्छ ।

### ४.६.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा भएका पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू निम्नानुसार छन् ।

प्रश्न (क): खाली ठाउँ भर (पृष्ठ ३५)

क. भवानीप्रसाद गुप्ताको साहित्यिक नाम ............ हो ।

ख. भिक्षुको जन्म वि.सं. .......... मा भएको हो ।

ग. भिक्षुको मातृभाषा .......... थियो ।

घ. काठमाडौँ आएपछि साहित्यसेवी ........... सँग भिक्षुको सम्पर्क बढ्यो ।

ङ. ........ शीर्षकको कविता शारदामा प्रकाशित गरी भिक्षु नेपाली साहित्यमा प्रवेश गरेका हुन्छ ।

प्रश्न (ख) तलका प्रश्नको उत्तर लेख । (पृष्ठ ३५)

क. भिक्षुको बाल्यकाल कसरी बित्यो ?

ख. भिक्षुको जीवनीबाट कस्तो प्रेरणा पाउन सकिन्छ ?

ग. भिक्षुको कथाबाट के विशेषता पाइन्छ ?

घ. भिक्षुको साहित्य सेवाको कदर कसरी गरिएको छ ?

ङ. भिक्षुका कृतिहरूका नाम के के हुन् ?

प्रश्न (ग) भाव विस्तार गर (पृष्ठ ३५)

क. 'हुने विरुवाको चिल्लो पात' भने झैं भिक्षुले सानै उमेरदेखि साहित्य सेवामा रुचि देखाए ।

ख. उनी फुर्किएर उत्ताउलो हुने र रोएर दुःख मनाउ गर्ने स्वभाव थिएन ।

प्रश्न (घ) मिल्दो शब्दसँग जोडा मिलाइ कापीमा सार : (पृष्ठ ३६)

| | |
|---|---|
| माता | इच्छा |
| बेला | आमा |
| स्वभाव | समय |
| चाहना | उपासना |
| अमूल्य | बानी |
| | महत्वपूर्ण |

प्रश्न (क) तलका शब्दको अर्थ लेख (पृष्ठ ३६)

प्यारो, उपनाम, स्वभाव, प्रयास, मौका, पाठक, प्रशस्त, कदर

प्रश्न (च) अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरः (पृष्ठ ३६)

मिजासिलो, अनुभव, सङ्कट, मातृभाषा, आजीवन, शिथिल

प्रश्न (छ) शुद्ध पारेर कापीमा सारः (पृष्ठ ३५०)

अनुकारनीय, सिद्धिबहादुर मल्ल, अध्ययनसील, महतोपुर्न तृवेनी

प्रश्न (ज) पाठबाट दीर्घ इकार हुने शब्द खोजेर लेख (पृष्ठ ३६)

माथिका प्रश्न क, ख, ग, घ, ङ, च, छ, ज का अभ्यासहरूले विद्यार्थीमा पढाइ र लेखाइ दुवै सीप विकासमा सहयोग पुऱ्याउने देखिन्छ। यस्ता अभ्यासका माध्यमले विद्यार्थीमा गहन अध्ययन, सूक्ष्म कुरामा ध्यानकेन्द्रित गराउने, शुद्ध लेखन, अभिव्यक्तिगत क्षमता विकास गराउने देखिन्छ ।

### ४.६.३ निष्कर्ष

'साहित्यकार भवानी भिक्षु' को जीवनीमा राखिएका नमुना अभ्यासहरू जीवनी शिक्षणको उद्देश्य अनुरूप नै रहेको देखिन्छ। व्याकरण अभ्यासदेखि बाहेक १२ओटा अभ्यास समावेश गरिएको यस पाठमा लेखाइलाई प्रमुख मानेर त्यसै अनुरूप अभ्यासको समावेश गरिएको पाइन्छ।

पाठ पठ्ने उत्तर भन्ने, उत्तर लेख्ने, जोडा मिलाउने, ठीक बेठीक छुट्याउन, नयाँ शब्द निर्माण, वाक्य प्रयोग, बुँदा टिपी सारांश लेख्ने, शब्दभण्डार तथा उच्चारणका अभ्यासहरू समावेश गरेर सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीपसँग सम्बन्धित बनाएर भाषिक सीपलाई समानुपातिक ढङ्गले विकास गर्ने किसिमका अभ्यासहरू समावेश गरिएको छ। नमुना अभ्यासकै माध्यमबाट विद्यार्थीलाई श्रुतिलेखन र कठिन शब्दको उच्चारण, सारांश लेख्न, बुँदाटिपोट जस्ता कार्यले विद्यार्थीको सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपमा थप निरन्तरता ल्याउने देखिन्छ ।

### ४.७ पाठ छ 'खोला' कवितामा प्रयुक्त नमुना अभ्यास

कविता लयात्मक विधा हो । कविता साहित्यको लयधर्मी विधा हो । कविता लयबद्ध वाचन र श्रवण गरेर साहित्यिक आनन्द लिन सकिन्छ । लयात्मक एकालापको कथन पद्धतिको प्रयोग गरी जीवन जगत्को वा मानवीय मनको भावनाको सौन्दर्यपूर्ण अभिव्यक्तिलाई कविताको रूपमा चिनिन्छ (भण्डारी र पौडेल, २०६६:१) । त्यसैले कविता शिक्षण गर्दा विद्यार्थीहरूमा गति, यति, लय र भाव अनुरूप पठन गर्न सक्ने अनुभूति गर्न सक्ने, भाव एवम् महत्वपूर्ण अंशको व्याख्या गर्न सक्ने सीपको विकास गरी विद्यार्थीलाई सृजनात्मक कविता लेख्न प्रोत्साहित गर्नु, शुद्धोच्चरण सिकाउनु, रस, द्वन्द्व र अलङ्कारको प्रयोग भएका कविताको श्रवण र पठनबोध, भाव बोध गराउने देखिन्छ, कविता सुनेर बुझेर आनन्दित हुन सक्ने सामर्थ्य विकास गर्नु, गति, यति र लयका साथै सस्वर बाचन कला विकास गर्नु हो। कविता सिकाएको मुख्य उद्देश्य लयबोध, भावबोध र उच्चारण सीप विकास गर्नु हो। कविता पहिचान, प्रश्नोत्तर भावार्थ र भाव विस्तार आदिका क्रियाकलाप गराउनुका साथै कविताको अनुकरणात्मक र सिर्जनात्मक लेखनतिर प्रवृत्त गराउनु उपयुक्त हुन्छ (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९) । यस्ता अभ्यासहरूलाई भाषिक सीपसँग अन्तरसम्बन्धित बनाएर राख्नु नै भाषा पाठ्यपुस्तकको ध्येय हो ।

### ४.७.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यास

प्रस्तुत पाठमा सुनाइ र बोलाइ सीप विकासका लागि निम्न अभ्यास समावेश गरिएको छ ।

प्रश्न (क) शिक्षकले 'खोला' कविता बाचन गरेको सुन र तिमी पनि त्यसरी नै बाचन गर । (पृष्ठ ४०)

प्रश्न (ख) उत्तर भनः (पृष्ठ ४०)

क. खोला कहाँबाट बग्दछ ?

ख. खोला डाँडा वारिपारि घुम्दा केके माला बन्छ ?

ग. खोलाले माछालाई कहाँ नचाउँछ ?

घ. खोलाले साथी देखे केको सास फेर्छ ?

प्रश्न (ग) शुद्धसँग तलका शब्द उच्चारण गर । (पृष्ठ ४२)

खाँच, फ्याँक्छु, नाच्दै, तलतिर, फुटकर, फट्ट, हर्ष, डाँडा, भित्रभित्रै

प्रश्न 'क', 'ख', 'ग' को अभ्यासले सुनाइ र बोलाइ दुवै सीप विकास गराउने देखिन्छ, प्रश्न 'क' ले विद्यार्थीमा गति, यति र लयका साथै, सस्वर वाचन कला विकास गराउन, ध्यानपूर्वक सुन्ने, शुद्ध उच्चारण गर्ने सीपको विकास गर्दछ भने 'ख' र ग को अभ्यासले विद्यार्थीले पढेको, सुनेको पाठलाई अभिव्यक्त गर्ने शुद्ध, स्पष्ट र भावअनुसार सरल भाषामा आफ्नो विचार व्यक्त गर्ने क्षमताको विकास गराउने विद्यार्थीमा शब्दभण्डारको अभिवृद्धि गराउन सहयोग पुग्ने देखिन्छ ।

**४.७.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू**

प्रस्तुत पाठमा पढाइ र लेखाइ सीपको विकासका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ ।

प्रश्न (क) तलका पङ्क्ति पूरा गरेर कापीमा सार (पृष्ठ ४०)

ठिक भनाइ आफ्नो कापीमा सार : (पृष्ठ ४०)

क. भिरका खोचबाट मात्र खोला बहन्छ ।

ख. खोला डाँडा वरिपरि घुम्दा मोतीको माला जस्तै बन्छ ।

ग. खोला बाटो बनाउँदै बहँदैन ।

घ. खोला कहिल्यै नफर्की बग्छ ।

ङ. खोलाले बारीलाई मलजल दिँदैन् ।

प्रश्न (ग) तलका प्रश्नको छोटो उत्तर देऊ । (पृष्ठ ४१)

क. कविका विचारमा खोला कसरी बहन्छ ?

ख. खोलालाई मोतीको माला भन्नुको कारण के हो ?

ग. घट्ट जस्तै घुमाई भनेर कविले केलाई भन्न खोजेका छन् ?

घ. खोलाले किन हर्षले सास फेरे जस्तै गर्छ ?

ङ. कविताका आधारमा खोलाका विशेषताहरू केके हुन् ? लेख ।

प्रश्न (घ) व्याख्या गर : (पृष्ठ ४१)

क. घुम्दा डाँडा वरिपरि डुली, मोतीको बन्छु माला ।
   झर्दा नाच्तै तलतिर बगी, सर्प झैँ गर्छु चाला ॥

ख. साथी खोज पुलहरू डुली, खेल्छु, हाँसेर नाची ।
   बारीलाई मलजल दिई, जान्छु शोभा बनाइ ॥

प्रश्न (ङ) कवितामा बताइएका कुराहरू क्रम मिलाएर शब्दमा लेख । (पृष्ठ ४१)

प्रश्न (च) उल्टो अर्थ दिने शब्द जोडा मिलाऊ : (पृष्ठ ४१)

नजिक          नराम्रो

| | |
|---|---|
| तल | सानो |
| ठूलो | टाढा |
| राम्रो | विस्मात |
| हर्ष | माथि |
| | दुःख |

प्रश्न (छ) तल दिइएका शब्दको अर्थ लेख । (पृष्ठ ४२)

भिर, झारपात, माला, शोभा

प्रश्न (ज) अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर । (पृष्ठ ४२)

वन, हाँगा, बाटो, फोका, पुल, मलजल

प्रश्न (झ) सच्याएर कापीमा सार : (पृष्ठ ४२)

प्रश्न (ञ) कविताको पहिलो र दोश्रो हरफ कापीमा सार ।

माथि दिएका क, ख, ग, छ ले विद्यार्थीमा शुद्धसँग लेख्न पढाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ । ङ, च, छ, ज, झ, ञ, ले विद्यार्थीहरूमा पढाइ सीपको विकास गर्ने अपेक्षा राख्न सकिन्छ । किनकी सम्पूर्ण पाठको पढाइ पश्चात मात्र उत्तर लेख्ने तथा खाली ठाउँ भर्ने क्रियाकलाप गर्न सकिन्छ । पढाइ सीपको प्राप्ति पश्चात मात्र लेखाइ सीपमा विकास भएको मानिन्छ । यस्ता अभ्यासले विद्यार्थीमा सूक्ष्म रूपले पढ्ने बानी बसाल्ने भएकाले पढाइ सीपमा आधारित देखिन्छ ।

### ४.७.३ निष्कर्ष

'खोला' कवितामा प्रयुक्त अभ्यास शब्दभण्डार तथा उच्चारण र हिज्जेमा राखिएका अभ्यासहरू भाषामा चार ओटै सीपलाई विकास गर्नका लागि समावेश गरेको पाइन्छ । सुनाइ र बोलाइ सीपको विकास गर्नका लागि अप्ठ्यारा शब्द उच्चारण गर्ने अभ्यास उपयुक्त हुन्छ । पढाइ सीपका लागि सस्वर बाचन गर्ने अभ्यास उपयुक्त छ साथै खाली ठाउँ भर्ने, छोटो उत्तर लेख्ने जस्ता अभ्यासले पनि लेखाइभन्दा पढाइ सीपमा आधारित भए पनि लेखाइ सीपले अगाडिका तिन ओटै सँगसँगै लैजाने भएकाले यस पाठमा प्रयुक्त नमुना अभ्यासलाई भाषिक सीप विकास गर्ने देखिन्छ ।

### ४.८ पाठ : सात 'कृषिमलको प्रयोग' प्रबन्धमा प्रयुक्त नमुना अभ्यास

गद्य भाषामा लेखिएको जीवन जगत्कै विषयवस्तु, भावविचारलाई प्रस्तुत गरिएको लद्य कलेबरमा संवाचित साहित्यिक विधालाई प्रबन्धका रूपमा लिइन्छ (भण्डारी र अन्य ४५३) । यस विधाको मुख्य प्रयोजन विद्यार्थीमा गद्यात्मक अभिव्यक्तिको बोध क्षमताको साथै गद्यात्मक लिखित अभिव्यक्ति क्षमताको विकास गर्नु हो । विषयको गहिराइमा पुग्न सक्ने बनाउनु, कल्पनाशाक्तिको

विकास गराउनु, विषय र प्रसङ्ग अनुसार विभिन्न अनुच्छेदमा निबन्ध लेख्ने सीप विकास गराउनु साथै यसको विभिन्न अनुच्छेदमा निबन्ध लेख्ने सीप विकास गराउनु, साथै यसको सिकाइका क्रममा निर्दिष्ट प्रबन्धका पाठको उपयोग गर्नुका साथै खास विषय शीर्षक दिई निर्देशित र स्वतन्त्र रूपमा लेखन अभ्यास गराउनु पर्दछ। गद्यात्मक अभिव्यक्तिको अभ्यास गराउँदा मौन पठन, प्रश्नोत्तर, छलफल, व्याख्या आदिको उपयोग गर्नुपर्छ। यसका अतिरिक्त प्रबन्ध शिक्षणका क्रममा अभ्यासका रूपमा सस्वर पठन, बुँदाटिपोट, सारांश, भाव विस्तार, व्याख्याका साथै शब्दोचरण, कठिन शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, श्रुतिलेखन तथा अनुलेखन जस्ता अभ्यास गराउनु आवश्यक हुन्छ (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९)। शब्दभण्डार शिक्षणका लागि भने प्रबन्ध निकै प्रभावकारी बीच मानिन्छ।

### ४.८.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू निम्नानुसार छन् :

क. माटोमा अम्लीयपन केले बढाउँछ ?

ख. माटोमा अम्लीयपन नहुन केको प्रयोग गर्नुपर्छ ?

ग. कुन मल प्रयोग गरिएका खाद्य तत्व लाभदायक हुन्छन् ?

घ. किसानले किन प्राङ्गारिक मलको प्रयोग गर्नु राम्रो हुन्छ ?

प्रश्न (क) पाठका तेस्रो र चौथो अनुच्छेद सस्तर वाचन गरी कक्षामा साथीहरूलाई सुनाउ। (पृष्ठ ५७)

प्रश्न (ग) अर्थ भनः (पृष्ठ ५६)

असन्तुलित, उर्वराशक्ति, प्रविधि, सावधानी, खर्चिलो, परीक्षण

प्रश्न (घ) पाठको पहिलो अनुच्छेद शिक्षकबाट सुनेर लेख। (पृष्ठ ५७)

प्रस्तुत क, ख, ग, घ बाट विद्यार्थीलाई सुनाइ र बोलाइ दुवै सीप विकास गराउने देखिन्छ। विद्यार्थीमा साहित्यिक, विधागत सचेतना सहित शुद्ध, स्पष्ट र भाव अनुसार पढ्न, व्याख्या, प्रश्नोत्तर जस्ता कुराको आशय बुझी त्यसको अभिव्यक्ति गर्न, विद्यार्थीमा शद्धोउच्चारण सीप बढाउने देखिन्छ, श्रुतिलेखनको अभ्याले विद्यार्थीलाई सुनाइ र लेखाइ दुवै सीपको विकास गर्न उपयुक्त देखिन्छ।

### ४.८.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू

यस पाठमा पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू निम्नानुसार प्रस्तुत भरिएको छ।

प्रश्न (क) पाँच वाक्यमा उत्तर लेख। (पृष्ठ ५७)

क. माटोको उर्वराशक्ति भन्नाले के बुझिन्छ ?

ख. मुख्य, मुख्य रसायनिक मलहरू कुन कुन हुन् ?

ग. रसायनिक र प्राङ्गारिक मलमा केके फरक छन् ?

घ. किन खेतबारीको माटो परीक्षण गराउनु आवश्यक छ ?

ङ. प्राङ्गारिक मल बढी उपयोगी हुनुको मुख्य-मुख्य कारणहरू केके हुन् ?

प्रश्न (ख) कृषि उत्पादन बढाउन कृषि मलको आवश्यकता हुन्छ। यस भनाइलाई आफ्नै शब्दमा बयान गर। (पृष्ठ ५६)

प्रश्न (ग) तिम्रो गाउँघरमा मुख्य रूपमा केके बाली लगाइन्छ ? लेख। (पृष्ठ ५६)

प्रश्न (घ) मिल्दो शब्दसँग जोडा मिलाई कापीमा सार : (पृष्ठ ५६)

| | |
|---|---|
| नोक्सान | धेरै |
| अतयावश्यक | उब्जनी |
| अत्याधिक | घाटा |
| उत्पादन | आवश्यक |
| | नियन्त्रण |

प्रश्न (ङ) बोलाइ र लेखाइको फरक बुझ:

| | |
|---|---|
| बोलाइ | लेखाइ |
| उर्बर | उर्वर |
| उर्बरा शक्ति | उर्वरा शक्ति |
| राष्ट्र | राष्ट्र |
| तत्व | तत्तव |
| बाँक्ति | व्याक्ति |

प्रश्न (च) वाक्यमा प्रयोग गर : (पृष्ठ ५७)

कृषिमल, खेतीपाती, प्रविधि, कारखाना, उपयोगी, अम्लीयपन, उत्पादन

प्रश्न (छ) शुद्ध गरी लेखी : (पृष्ठ ५७)

पानि, पनी, प्राङ्गारीक, बेफाइदा, पोशिलो, अम्लीएपन, विसालु, बुद्धीमानी

प्रश्न (ग) पाठको दीर्घ इकार र उकार हुने पाँच-पाँच ओटा शब्दहरू टिप (पृष्ठ ५७)

प्रयुक्त प्रश्न क, ख, ग, का अभ्यासहरू विद्यार्थीहरू पढाइ तथा लेखाइ दुवै सीपको विकास गराउन उपयुक्त छन्। यस्ता अभ्यासहरू गर्दा विद्यार्थीले पाठ ध्यानपूर्वक पढ्नुपर्ने भएकाले यो अभ्यासहरू उपयुक्त छन् भने घ, ङ, च, छ प्रबन्धबाट शब्दभण्डारको ज्ञान बढीभन्दा बढी गराउने उद्देश्यले पढाइ तथा लेखाइ सीपलाई विकास गर्न भरपुर सहयोग गर्ने देखिन्छ।

### ४.८.३ निष्कर्ष

'कृषिमलको प्रयोग' प्रबन्धमा राखिएका नमुना अभ्यासहरू प्रबन्ध शिक्षणको उद्देश्य अनुरूप नै रहेको देखिन्छ। व्याकरण अभ्यासदेखि बाहेक १३ ओटा नमुना अभ्यास समावेश गरिएको यस पाठमा लेखाइ र पढाइलाई प्रमुख मानेर त्यसै अनुरूप अभ्यासको समावेश गरिएको पाइन्छ। पाठ पढ्ने उत्तर भन्ने, लामो, छोटो उत्तर लेख्ने, भाव विस्तार, वाक्यमा प्रयोग, जोडा मिलाउने, खाँलीठाउँ भर्ने, श्रुतिलेखन, शब्दभण्डार तथा उच्चारणका अभ्यासहरू समावेश गरेर सुनाइ, समावेश, पढाइ र लेखाइ जस्ता भाषिक सीपलाई समानुपातिक ढङ्गले समावेश गरिएको छ। नमुना अभ्यासकै माध्यमबाट विद्यार्थीलाई श्रुतिलेखन, नयाँ शब्द निर्माणमा, प्रत्यय, उपसर्ग प्रयोग, ह्रस्व, दीर्घ, नियम, शब्द र अर्थको जोडा मिलाउने र कठिन शब्दको उचारण बुँदाटिपोट तथा सारांश लेखन कार्यले प्रबन्ध उद्देश्य अनुरूप विद्यार्थीको शब्दभण्डारगत ज्ञानमा थप निखारता ल्याउने देखिन्छ। .

### ४.९ पाठ आठ 'दाजुलाई बहिनीको चिठी' चिठीमा प्रयुक्त नमुना अभ्यास

चिठी लिखित माध्यमद्वारा विचार विनिमय गर्ने माध्यम हो। यो एक अर्काको आदान प्रदान गरी सम्बन्ध विकास गर्ने माध्यम पनि हो। टाढा बसेर मान्छेलाई आफ्नो मनको भाव लेखिएको पत्रलाई चिठी भनिन्छ (चापागाई, २०६४:३५१)। लिखित माध्यमबाट विचार तथा कुराकानीको विनियम गर्ने महत्वपूर्ण माध्यमलाई चिठीद्वारा वैयक्तिक स्वतन्त्र अभिव्यक्तिको विकास, विभिन्न व्यावहारिक लेखन भिकाउनु, निर्देशित रूपमा चिठी रचना गर्ने, सीप विकासमा सघाउनु, शब्दभण्डारको विकास गराउनु, अनुच्छेद गठनका बारेमा ज्ञान दिनु सकिन्छ विद्यार्थीमा चिठीद्वारा व्यैक्तिक स्वतन्त्र अभिव्यक्तिको विकास गरी कुनै पनि सन्देश अरुले राम्ररी बुझ्न सक्ने, अरुले भन्ने गरी लेख्न सक्ने खुवी आदिको विकास हुन्छ। चिठी शिक्षणमा घरायसी, व्यावहारिक र कार्यलयीय क्षेत्र विभाग गरी अभ्यासात्मक ढङ्गको क्रियाकलापद्वारा शिक्षण गरिन्छ। यसका साथै चिठी शिक्षणमा नमुनाको उपयोग गरी तिनको ढाँचा र ढङ्गले साधारण परिचय समेत दिइ सोही अनुरूप अभ्यास गराउनु पर्दछ।

### ४.९.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित नमुना अभ्यासहरू

यस पाठमा प्रयुक्त सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू निम्न छन् :

प्रश्न (क) उत्तर भनः (पृष्ठ ६२)

क. यो चिठी कसले कसलाई लेखेको हो ?

ख. रोशनीको परिवार कति जनाको हो र त्यसमा को को छन् ?

ग. दाजुले कुन पदबाट राजीनामा दिएका थिए ?

प्रश्न (ख) 'दाजुलाई बहिनीको' पाठ पढेर कक्षामा साथीलाई सुनाऊ (पृष्ठ ६२)

प्रशन (ग) तलका शब्द शुद्धसँग उच्चारण गर। (पृष्ठ ६३)

पत्र, प्रतिष्ठान, सन्तोषी, प्रतिष्ठामय

माथिका प्रश्न क, ख, ग ले विद्यार्थीमा सुनाइ र बोलाइ सीप विकासमा सहयोग पुग्ने देखिन्छ । यस्ता अभ्यासले विद्यार्थी ध्यानपूर्वक सुन्न, स्पष्ट र शुद्धसँग बोल्न सक्ने छन् । यस्ता अभ्यासले विद्यार्थीमा पाठको ज्ञानका साथै पढाइ सीपको विकास गर्ने देखिन्छ ।

**४.९.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू**

प्रस्तुत पाठमा पढाइ र लेखाइ सम्बन्धित अभ्यासहरू निम्न छन् :

प्रश्न (क) पाठको आधारमा वाक्य पूरा गर (पृष्ठ ६२)

क. आदरणीय दाजु ………… । (सादर, नमस्कार, प्रणाम, ढोग)

ख. चिठी ……… कतै अल्मलिएर रोकिएको पनि हुन सक्छ । (बाटामा, हुलाकमा, पत्रमञ्जूषामा)

ग. तपाइँकी ……….. बहिनी रोशनी महतो । (प्योरी, मिलनसार, बाले)

प्रश्न (ख): उत्तर लेखः (पृष्ठ ६२)

क. दाजुको पत्र धेरै दिनसम्म पनि नआउँदा रोशनीका मनमा खेलेका तर्कनाहरू केके हुन ?

ख. रोशनीको परिवार कति जनाको हो र त्यसमा को-को छन् ?

ग. रोशनीको दाजु कुन सिलसिलामा अरब गएका हुन् ?

घ. रोशनी आफ्ना दाजुसँग केका लागि कस्तो किसिमको अनुरोध गर्छिन् ।

प्रश्न (ग) व्याख्या गर : (पृष्ठ ६२)

क. बढ्दो आर्थिक प्रलोभनले समाजमा हाम्रो प्रतिष्ठालाई आँच पुऱ्याउँछ ।

ख. साग र सिस्नु खाएको बेस आनन्दी मनले ।

प्रश्न (ग) आफ्नो पढाइ लेखाइ र घरायसी कुराहरू समावेश गरी टाढा बसेका साथीलाई एउटा चिठी लेख । (पृष्ठ ६३)

प्रश्न (घ) तलका शब्दको अर्थ लेख । (पृष्ठ ६२)

कर्मशील, समस्या, तारिफ, शिक्षित, प्रतिष्ठा

प्रश्न (ङ) अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर : (पृष्ठ ६३)

तारिफ, आनन्द, दुर्गति, सन्तोष, प्रलोभन, धैर्य

प्रश्न (च) 'दाजुलाई बहिनीको चिठी' पाठ पढेर कक्षामा साथीलाई सुनाऊ । (पृष्ठ ६३)

माथि प्रश्न क, ख, ग, घ, ङ का अभ्यासहरू पढाइ र लेखाइ सीपसँग सम्बन्धित छन् । यस किसिमका अभ्यासहरू लेखाइ सीपसँग सम्बन्धित भए पनि पढाइको अभावमा समस्यामूलक बसन पुग्छन् । त्यसैले पढाइ र लेखाइ सीप विकासका लागि प्रस्तुत अभ्यासहरू उपयुक्त छन 'च', 'छ', 'ज' का अभ्यासले विद्यार्थीलाई सूक्ष्म रूपले पढ्ने वानीको विकास गराउनुका साथै लेखाइ सीपलाई विकास गर्न उपयुक्त देखिन्छ ।

### ४.९.३ निष्कर्ष

यस चिठीमा राखिएका अभ्यासहरू विद्यार्थीलाई चिठी लेख्नको लागि विशेष जोड दिने खालका भएकाले धेरै अभ्यासहरू लेखन सीपसँग सम्बन्धित रहेका छन् । यसका साथै भाषाका चार ओटै सीपलाई चिठी विधामा पनि समावेश गर्नका लागि शब्दार्थ पठन लेखन, सही उत्तर दिने, पाठको सस्वर वाचन, कठिन शब्दको श्रुति उच्चारण, श्रुतिलेखन जस्ता अभ्यास राखी अझ उत्कृष्ट पार्ने प्रयास गरिएको छ । कार्यमूलक व्याकरणदेखि बाहेक जम्मा १२ ओटा अभ्यासले नै विद्यार्थीलाई प्रशस्त अभ्यास हुने देखिन्छ । सिर्जनात्मक अभ्याससम्म रहेको चिठी लेखन अभ्यासले पनि विद्यार्थीलाई सिर्जनशील बनाउने प्रयास गरेको छ ।

### ४.१० पाठ नौ 'युमा देवीको अवतरण' कथामा प्रयुक्त नमुना अभ्यास

कथा भाषा पाठ्यपुस्तकमा प्रयुक्त विधामध्ये रोचक विधा भएकाले यस विधाबाट भाषिक सीपहरूको ज्ञान गर्न प्रत्यक्ष सहयोग पुग्छ । कथा शिक्षणबाट भाषा परिष्कारका साथै स्वस्थ, मनोरञ्जन, विषयबोध, अभिरुचि सम्बर्धन र विश्लेषणात्मक प्रतिभाको विकास गर्न, गराउन सकिन्छ । त्यसरी नै कथाका माध्यमबाट भाषा सिकाइलाई रुचिपूर्ण बनाउन सकिन्छ नै साथै यसबाट विद्यार्थीहरूमा कल्पना शाक्ति र सिर्जना शक्ति बढाउन र साहित्यप्रति रुचि जगाउन पनि त्यति नै सहज हुन्छ (शर्मा र पौडेल, २०६८:२७२) । कथा शिक्षणबाट कथात्मक अभिव्यक्ति सीपको वृद्धि गर्न, शब्दभण्डार बढाउन, विद्यार्थीमा चरित्रिक क्षमता बढाउन, कल्पना शक्तिको विकास गराउनुका साथै पठन बोध, श्रुतिबोध गराउन सकिन्छ । यस्ता सीप प्राप्तिका लागि कथा कथन, मौन पठन, पठन बोध, प्रश्नोत्तर बुँदाटिपोट सारांश घटनाक्रम मिलाउने, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, श्रुतिलेखन, अनुलेखन जस्ता कार्यकलाप गराउनु पर्छ (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९) । यस्ता कार्यकलाप समेटेर निर्माण गरेका नमुना अभ्यासले नै भाषिक सीपलाई उजागर गर्न सक्छ ।

### ४.१०.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू

प्रश्न (क) उत्तर भनः (पृष्ठ ६८)

क. उवाहाङको मृत्युपछि किरात देशका राजा को भए ?

ख. राजा माबोहाङले किन देशको राजधानी यासोकजोङमा सारेका थिए ?

ग. भन्ज्याङको दृश्य कस्तो थियो ।

घ. युवतीले कपालमा के सिउरेकी थिइन् ?

प्रश्न (ख) अर्थ बताऊ (पृष्ठ ६९)

विवेक, सिकारी, दृश्य, तारिफ, भाका, अनमोल

प्रश्न (ग) तलका शब्दहरूको शुद्ध उच्चारण गरेर सुनाऊ (पृष्ठ ६९)

माबोहाङ उवाहाङ चेम्फुजोङ भन्ज्याङ

| | | | |
|---|---|---|---|
| युमादेवी | चराचुरुङ्गी | जङ्गल | चिन्तित |
| मृश | दृश्य | दृष्टि | मृत्यु |
| कल्याण | राज्य | अन्यन्त | युवती |

प्रश्न (घ) पाठको दोस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख । (पृष्ठ ६८)

प्रश्न (ङ) पाठमा दिइएको कथा पालैपालो पढेर सुनाऊ । (पृष्ठ ६९)

माथि दिइएका 'क', 'ख', 'ग', 'घ', 'ङ' का नमुना अभ्यासहरूले विद्यार्थीमा सुनाइ, बोलाइ सीपलाई विकास गराउने देखिन्छ, यस्ता अभ्यासका माध्यमबाट विद्यार्थीमा सुनेका घटना र विषयवस्तु बुझी तिनका आधारमा मौखिक प्रश्नोत्तर गर्न, सुनेका आधारमा सही उच्चारण गर्न, लेख्न सक्ने, सुनेका सम्झेर सिलसिला मिलाई भन्न सुन्ने, उच्चारणगत समस्या निराकरण गर्न सहयोग पुग्ने देखिन्छ ।

**४.१०.२ पढाइ र लेखाइसँग सम्बन्धित अभ्यासहरू**

यस पाठमा पढाइ र लेखाइ सीपको विकास गराउन निम्न बमोजिम अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न (क) कसले कसलाई भनेको के हो ? लेख । (पृष्ठ ६८)

क. महाराज यी युवती जङ्गलमा बस्न सुहाउने खालकी छैनन् ।

ख. हाम्रो आँखा अगाडि मृग हरायो ।

ग. तिमी अरुका भनाइमा नलागी आफ्नो विवेकले काम गर्दा रहेछौँ ।

घ. राजाले युवतीसँग कस्तो व्यवहार गरे ?

ङ. राजाले कस्तो अठोट गरे ?

प्रश्न (ग) यस पाठमा राम्रा र अनुकरणीय गुणहरूको सूची बनाऊ । (पृष्ठ ७०)

प्रश्न (घ) उदाहरणमा दिएजस्तै विपरित अर्थ दिने शब्द लेख (पृष्ठ ७०)

उदाहरण: सज्जन-दुर्जन

गुणी, अग्लो, संगिनी, कल्याण, सजिलो, बाक्लो

प्रश्न (ङ) उदाहरण पढ, बुझ र लेख । (पृष्ठ ७०)

माथि प्रश्न 'क', 'ख', 'ग', 'घ', 'ङ' मा भएका यस किसिमका अभ्यासले विद्यार्थीमा पढाइ तथा लेखाइ सीपको विकास गर्ने अपेक्षा राखिएको छ । विद्यार्थीमा सद्चरित्र विकास, शब्दभण्डार क्षमता विकास, पठन कौशल बढाउन, विषयवस्तुको बोध क्षमता बढाउन विद्यार्थीलाई शुद्ध लेख्न यस्ता अभ्यासहरूले विद्यार्थीमा पढाइ र लेखाइ दुवै सीप विकास गर्न सहयोग गर्ने भएकाले उल्लेखित सबै अभ्यासहरू उपयुक्त छन् ।

### ४.१०.३ निष्कर्ष

'युमादेवी अवतरण' पौराणिक कथा हो । यस कथाले विद्यार्थीमा सत्चरित्र विकास गर्ने, सहयोगी भावनाको विकास गराउन खोजेको छ । यस कथामा नमुना अभ्यासहरू कथा शिक्षणको उद्देश्य अनुरूप नै रहेको देखिन्छ । व्याकरण अभ्यास बाहेक १२ ओटा नमुना अभ्यास समावेश गरिएको यस पाठमा पढाइलाई प्रमुख मानेर त्यसै अनुरूप अभ्यासको समावेश गरिएको पाइन्छ । उत्तर भन्ने, उत्तर लेख्ने, भाव स्पष्ट पार्ने, आफ्नो विचार दिएर उत्तर लेख्ने साथै शब्दभण्डारको अभ्यासलाई विशेष जोड दिएर शब्दको अर्थ, नयाँ शब्द बनाउने, शुद्ध पारेर लेख्ने, वाक्य प्रयोग जस्ता अभ्यासहरू समावेश गरेर सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषिक सीपलाई समानुपातिक ढङ्गले समावेश गरिएको पाइए तापनि सुनाइ सीपमा आधारित नमुना अभ्यासको भने कमी पाइएको छ । ह्रश्व, दीर्घको जानकारीका लागि पनि नमुना अभ्यासको प्रयोग गरिनु तथा नमुना अभ्यास कै माध्यमबाट विद्यार्थीलाई उच्चारणको प्रशस्त अभ्यास गराएकाले पढाइ सीपमा भने थप निखारता आउने देखिन्छ ।

### ४.११ पाठ दश 'सम्पतिभन्दा शिक्षा ठूलो' वादविवादमा प्रयुक्त नमुना अभ्यास

वादविवाद शिक्षणको मुख्य प्रयोजन भनेको कथ्य वा मौखिक अभिव्यक्ति हो । यसलाई दृश्यश्रव्यात्मक विधामा राखिएकाले सुनाइ सीपको विकासमा पनि यसलाई उपयोगमा ल्याउन सकिन्छ । यसले भाषिक अभिव्यक्ति मात्र होइन हाउभाउ, खण्डन सीपको विकास, विवाद भित्र पनि शिष्टता र सभ्यता सिकाउने, चित्त नबुझेका कुरामा सहमति असमति जनाउने र आफ्नो कुरा राख्ने बानीको विकास गराउँदछ । अनुकरण जस्ता भाषिकेत्तर पक्षको विकासमा समेत सहयोग पुऱ्याउँछ । वाद विवादमा निश्चित विषयमा पक्ष वा विपक्षका तर्फबाट खण्डन र मण्डनको अवसर प्राप्त गर्ने हुनाले मौखिक अभिव्यक्तिलाई तर्कपूर्ण बनाउने सीप प्राप्त आर्जनमा यसको ठूलो महत्व हुन्छ (पौडेल, २०६६:१८९) । वादविवाद शिक्षणको अभ्यास गराउँदा प्रश्नोत्तर, कुराकानी, हाउभउ पहिचान, संवाद वा वादविवादको लेखन, संवादपूर्ति, वादविवाद लेखन, स्वतन्त्र लेखन, श्रुतिलेखन अनुलेखन आदि क्रियाकलाप गराउनुपर्छ । यसको मौखिक अभ्यास गराउँदा कथ्य अभिव्यक्ति क्षमता बढाउन सहायक हुने हाउभाउ स्वरको आरोह अवरोह आघात, गति, यति आदिको ख्याल गर्नुपर्छ ।

#### ४.११.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू निम्न छन् :

प्रश्न (क) उत्तर भन (पृष्ठ ७७)

क. सभाध्यक्षका लागि कसलाई अनुरोध गरिएको छ ?

ख. वादविवादमा प्रत्येक वक्तालाई कति मिनेटको समय दिइएको छ ?

ग. उमा सापकोटाले सन्तानलाई के ठूलो हुन्छ भनेकी छिन ?

घ. सभाको विसर्जन गर्न कसलाइ अनुरोध गरिन्छ ?

प्रश्न (ख) 'सन्तानलाई सम्पत्ति र शिक्षा दुवै आवश्यक हुन सक्छन्' भन्ने बारेमा सभाध्यक्षका हैसियतले छोटो मन्तव्य लेखी कक्षामा साथीलाई सुनाऊ । (पृष्ठ ७७)

प्रश्न (ग) 'सन्तानलाई सम्पत्ति चाहिन्छ' भन्ने विषयमा पासाङ लामाले व्यक्त गरेका तर्कहरू पढेर कक्षामा सुनाऊ । (पृष्ठ ७८)

प्रश्न (घ) तलका शब्द शुद्धसँग उच्चारण गर । (पृष्ठ ७७)

माथिका प्रश्न क, ख, ग, घ का नमुना अभ्यासले विद्यार्थीमा सुनाइ र बोलाइ सीप विकास गराउने देखिन्छ । विद्यार्थीमा आफूले जानेका कुराहरू मौखिक उत्तर दिनुपर्ने भएकाले विद्यार्थीमा बोलाइ सीपको विकास हुने देखिन्छ ।

### ४.११.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू

प्रस्तुत पाठमा समावेश गरेका पढाइ तथा लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू निम्न छन् :

प्रश्न (क) तलको भनाइ कसले भनेको हो ? लेख । (पृष्ठ ७७)

क. शिक्षाको अनुकुल प्रभावबाट नै सन्तानले असल मार्ग पाउँछन् ।

ख. शान्ति, सिर्जना, सुख, सुविधा, आराम जस्ता कुरामा सम्पत्तिकै भूमिका रहेको हुन्छ ।

ग. ओडारमा बस्ने मान्छे आज अन्तरिक्षमा बाली बसाउने तरखरमा पुग्नुको कारण शिक्षाले ।

प्रश्न (ख) तलका प्रश्नको उत्तर लेख : (पृष्ठ ७७)

क. वादविवाद प्रतियोगितामा वक्ताले पालन गर्नुपर्ने मुख्य मुख्य नियमहरू केके हुन् ?

ख. उमा सापकोटाले व्यक्त गरेको मुख्य मुख्य तर्कहरू केके हुन् ?

ग. सन्तानलाई सम्पत्तिभन्दा शिक्षा ठूलो हुन्छ भन्नेबारे पक्षका साथीले कस्ता तर्क दिएका छन् ?

घ. शिक्षा चेतनाको आधार हो भन्नुको आशय के हो ?

ङ सम्पत्तिको आधारमा मानिसलाई प्रशंसा नगरिनुको कारण के हो ?

प्रश्न (ग) व्याख्या गर । (पृष्ठ ७७)

क. आजको युगको आवश्यकता सम्पत्तिभन्दा शिक्षा हो ।

ख. शिक्षा जति खर्च गर्‍यो उति बढ्दै जान्छ ।

प्रश्न (ग) 'सम्पत्तिभन्दा शिक्षा ठूलो' वादविवाद प्रतियोगितामा व्यक्त गरिएका पक्ष विपक्षका विचारमध्ये तिमी कुन विचारसँग सहमत छौ र सहमत हुनुका कारणहरू केके हुन् ? स्पष्ट गर (पृष्ठ ७८)

प्रश्न (घ) तलका उल्टो अर्थ हुने शब्दसँग जोडा मिलाई कापीमा लेख : (पृष्ठ ७८)

| | |
|---|---|
| पक्ष | अशान्ति |
| अनुकुल | मित्र |
| शान्ति | पछि |
| अघि | विपक्ष |
| | प्रतिकुल |

प्रश्न (ङ) उस्तै अर्थ दिने अर्को शब्द लेख : (पृष्ठ ७८)

मित्र, सुख, बुद्धिमानी, दुर्बल

प्रश्न (च) वाक्यमा प्रयोग गर । (पृष्ठ ७८)

व्यक्तिगत, सूर्य, सम्पत्ति, सहभागी, अठोट, शान्ति, चेतना

प्रश्न (छ) शुद्धसँग लेख : (पृष्ठ ७९)

पुष्टी, पछ्य, विज्ञान, भरम, सिर्जना, व्यक्ति, राष्ट्र, बक्तब्य, जिवन, बुद्धिमानी

प्रश्न (ग) पाठमा ण, न प्रयोग भएका दुई ओटा शब्द लेख । (पृष्ठ ६९)

प्रस्तुत प्रश्न क, ख, ग, का प्रश्नले विद्यार्थीलाई हाउभाउसहित पढ्न, लेख्न उत्साहित गर्ने भएकाले पढाइ र लेखाइ सीप विकास गर्नमा यो अभ्यास उपयुक्त देखिन्छ । प्रश्न घ, ङ, छ, ज, का अभ्यासहरू हेर्दा लेखाइसँग मात्र सम्बन्धित देखिएता पनि यिनीहरूको सम्बन्ध प्रत्यक्ष रूपमा पढाइसँग हुन्छ पढ्नु अभ्यास समाधान गर्ने क्रममा विद्यार्थीले सूक्ष्म ढङ्गले पढ्नु पर्ने भएकाले पढाइ र लेखाइ सीप विकासमा प्रस्तुत अभ्यास उपयुक्त देखिन्छन् ।

### ४.११.३ निष्कर्ष

वादविवाद बोलाइ सीपमा आधारित विधा भएकाले यस विधा शिक्षण गर्ने क्रममा कक्षा कोठामा नै धेरै बोलाइको अभ्यास गराउनु स्वभाविक हुन्छ । यस पाठमा पनि पढाइलाई मात्र नभएर बोलाइ, लेखाइ सबै सीपमा पोख्त बनाउन जम्मा १३ ओटा नमुना अभ्यासहरू समावेश गरिएको छ । जहाँ सुनाइ बोलाइ र पढाइ लेखाइ गरेर सबै सीपलाई लेखाइसँग सम्बन्धित गराएर तथा छुट्टाछुट्टै पनि प्रस्तुत गरिएको छ । हाउभाउसहित पाठ पढ्ने, शब्द पहिचान गर्ने, शब्दार्थ तथा विभिन्न शब्दलाई वाक्यमा प्रयोग जस्ता अभ्यासहरूले भाषाका चारै सीपको विकास गर्नमा सहयोग पुग्ने देखिन्छ । सिर्जनात्मक अभ्यासले भने वादविवादका थप शीर्षक दिई अभ्यास गराउन लगाएकाले विद्यार्थीलाई बोल्ने कलाको विकासमा सहयोग मिल्ने देखिन्छ ।

## ४.१२ पाठ एघार 'स्वाभिमानी मुख' कवितामा प्रयुक्त नमुना अभ्यास

कविता लयात्मक विधा हो । कविता लयबद्ध वाचन र श्रवण गरेर साहित्यिक आनन्द लिन सकिन्छ । लयात्मक एकालापको कथन पद्धतिको प्रयोग गरी जीवन जगत्का वा मानवीय नमको

भावनाको सौन्दर्यपूर्ण अभिव्यक्तिलाई कविताको रूपमा चिनिन्छ (भण्डारी र पौडेल, २०६६:१)। त्यसैले कविता शिक्षण गर्दा विद्यार्थीहरूमा गति, यति, लय, भाव अनुरूप पठन गर्न सक्ने सीपको विकास गरी कविताप्रति अभिरुचि जाग्नुपर्छ। कविता सिकाइको मुख्य उद्देश्य लयबोध, भावबोध र उच्चारण सीप विकास गर्नु हो। कविता सिकाइ गर्दा विशेषतः लययुक्त, सस्वरवाचन, भाव पहिचान, प्रश्नोत्तर, भावार्थ र भाव विस्तार आदिका क्रियाकलाप गराउनुका साथै कविताको अनुकरणात्मक र सिर्जनात्मक लेखनतिर प्रयुक्त गराउनु उपयुक्त हुन्छ (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९)। यस्ता अभ्यासहरूलाई भाषिक सीपसँग अन्तर सम्बन्धित बनाएर राख्नु नै भाषा पाठ्यपुस्तकको ध्येय हो।

**४.१२.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू**

प्रस्तुत पाठमा सुनाइ र बोलाइ सीपसँग सम्बन्धित निम्न अभ्यास समावेश गरिएको छ। प्रश्न (क) 'स्वभिमानी मुख' कविता शिक्षकले वाचन गरेको सुन र त्यस्तै लयमा वाचन गर। (पृष्ठ ८२)

प्रश्न (ख) उत्तर भन : (पृष्ठ ८२)

क. गाजलु र मादलुमा को भेटिन्छ ?

ख. छाँया कहाँ देखिन्छ ?

ग. बुकी कहाँ फुल्छ ?

घ. के स्वाभीमानी हुनु राम्रो हुन्छ ?

ङ. सुखभन्दा पनि दुःख राम्रो हुन्छ ?

प्रश्न (ग) पाठको चित्र हेर र तिनका बारेमा तिमीले जाने बुझेका कुरा बताऊ (पृष्ठ ८३)।

प्रश्न (घ) तलका शब्दहरू शुद्धसँग उच्चारण गर : (पृष्ठ ८४)

भासनी, खैँजडी, भेडीगोठ, अँधेरी

माथिका क, ख, ग, घ, का अभ्यासले विद्यार्थीमा सुनाइ, बोलाइ दुवै सीपको विकास हुने देखिन्छ, यस्ता नमुना अभ्यासका माध्यमबाट ध्यानपूर्वक सुन्ने, सुनेका कुरा भन्न सक्ने, स्पष्ट, शुद्धसँग, गति, यति लय भाव अनुमय वाचनकलाको विकास गर्न सहयोग पुग्ने देखिन्छ। यस्ता सुनाइ बोलाइ सीप विकास गराउने नमुना अभ्यासले विद्यार्थीको क्षमता विकास गर्न सहयोग पुग्ने देखिन्छ।

**४.१२.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू**

प्रस्तुत पाठमा पढाइ र तथा लेखाइ सीपको विकासका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न (क) उत्तर लेख। (पृष्ठ ८२)
क. कविले आफूलाई कहाँ कहाँ खोज भनेका छन् ?

ख. कवितामा के को माया हुन्छ भनिएको छ ?

ग. किन हेपिएको सुखभन्दा पुजिएको दुःख राम्रो हुन्छ :

घ. कसरी स्वाभिमानी बन्न सकिन्छ ?

प्रश्न (ग) व्याख्या गर : (पृष्ठ ८३)

माइबेनीमा खोज मलाई कागबेनी खोज

कर्णालीको पानीभित्र नागबेनीमा खोज ॥

प्रश्न (घ) यस कवितामा भएका मुख्य, मुख्य कुरा टिप र शिक्षकलाई देखाऊ । (पृष्ठ ८३)

प्रश्न (ङ) तिम्रो ठाउँमा देखाइने नाच, जात्रा, मेला आदिका बारेमा लेखेर शिक्षकलाई देखाऊ । (पृष्ठ ८३)

प्रश्न (च) तलका शब्द पढ, अर्थ बुझ र त्यस्तै जोडी शब्द लेख (पृष्ठ ८३)

| | |
|---|---|
| मादल | गाजलु |
| उकाली | ओराली |
| ढोलकी | खैंगडी |
| खरीबोट | चरीकोट |
| अँधेरी | पँधेरी |
| हिमफेदी | भीमफेदी |
| हेपिएको | पुजिएको |
| माइबेनी | कागबेनी |

प्रश्न (छ) तलका शब्दको अर्थ लेख ।

माखनी, अँधेरी, पँधेरी, कोरीबाटी, मुरली

प्रश्न (ज) सच्याएर कापीमा सार : (पृष्ठ ८४)

बोरढि, मुर्ली, खरिबोट, हीमफेदी, बुकी, स्वाभिमान्, कागवेनी

प्रश्न (झ) 'स्वाभिमानी मुख' कवितामा सुरुका १० पङ्क्ति शुद्धसँग सारेर शिक्षकलाई देखाऊ । (पृष्ठ ८४)

प्रस्तुत क, ख, ग, घ, का अभ्यासमा विद्यार्थीहरूमा पढाइ तथा लेखाइ दुवै सीप विकासमा सहयोग पुग्ने देखिन्छ । च, छ, ज, झ का अभ्यासले विद्यार्थीलाई सूक्ष्म ढङ्गले अध्ययन गर्न, प्रशस्त मात्रामा लेखाइ सीपको पनि विकासमा प्रशस्त सघाउ पुऱ्याउने देखिन्छ ।

### ४.१२.३ निष्कर्ष

'स्वाभिमानी मुख' कवितामा प्रयुक्त अभ्यास, शब्दभण्डार र उच्चारण हिज्जेमा राखिएका अभ्यासहरू भाषाका चार ओटै, सीपलाई विकास गर्नका लागि समावेश गरेको पाइन्छ । सुनाइ,

लेखाइ, बोलाइ लेखाइ तथा पढाइ लेखाइ गरेर लेखाइसँग अफ तिन सीपलाई सम्बन्धित बनाएर प्रस्तुत गरिएका अभ्यासहरू उपयुक्त देखिएका छन्। बोलाइ सीपका लागि उत्तर भन तथा अप्ठ्यारा शब्द उच्चारण गर्ने अभ्यास, कविता वाच्न गर्ने अभ्यास उपयुक्त देखिएका छन्। पढाइ सीपको लागि पाठको लय पढ्ने अभ्यास, लामो उत्तर लेख्ने अभ्यास उपयुक्त छ। यस्ता अभ्यासले पनि लेखाइभन्दा पढाइ सीपलाई विकास गर्ने देखिन्छ। जम्मा १४-१४ वटा अभ्यास भएको यो पाठमा ८ वटा पढाइ र लेखाइ सीपमा आधारित भए पनि लेखाइ सीपले अगाडिका तीनवटै सीपलाई सँगसँगै लैजाने भएकाले यस पाठमा प्रयुक्त नमुना अभ्यासहरू भाषिक सीप विकास गर्ने देखिन्छ।

**४.१३ पाठ बाह्र 'युधिष्ठिरको परीक्षा' कथामा प्रयुक्त नमुना अभ्यास**

कथा भाषा पाठ्यपुस्तकमा प्रयुक्त विधामध्ये रोचक विधा भएकाले यस विधाबाट भाषिक सीपहरूको विकास गर्न प्रत्यक्ष सहयोग पुग्छ। कथा शिक्षणबाट भाषा परिष्कारका साथै स्वास्थ मनोरञ्जन, विषयबोध, अभिरुचि सम्बर्धन र विश्लेषणात्मक प्रतिभाको विकास गर्न गराउन सकिन्छ। त्यसरी नै कथाका माध्यमका भाषा सिकाईलाई रुचिपूर्ण र सुगम र बनाउन सकिन्छ नै साथै यसबाट विद्यार्थीहरूमा कल्पना शक्ति र सिर्जना शक्ति बढाउन र साहित्यप्रति रुचि जगाउन पनि त्यति कै सहज हुन्छ (शर्मा र पौडेल, २०६८:२७२)। शिक्षणबाट कथानात्मक अभिव्यक्ति सीपको वृद्धि गर्न कल्पना शक्तिको विकास गराउनका साथै पठनबोध, श्रुति बोध गराउन सकिन्छ। यस्ता सीप प्राप्तिका लागि कथा कथन, कथा श्रवण, कथाको अनुकुल लेखन आदि गराउन सकिन्छ। यस्ता कार्यकलाप समेटेर निर्माण गरेका नमुना अभ्यासबाट नै भाषिक सीपलाई उजागर गर्न सक्छ।

**४.१३.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू**

यस पाठमा सुनाइ र बोलाइ सीप विकासका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न (क) उत्तर भन : (पृष्ठ ८९)

क. कुन्ती र माद्रीका छोराको नाम के के हो ?

ख. इन्द्रप्रस्थ कसको राज्य हो ?

प्रश्न (ख) तलका शब्द शुद्धसँग उच्चारण गर : (पृष्ठ ९२)

धृतराष्ट्र, शक्ति, इन्द्रप्रस्थ, द्रौपदी, आश्रम, ब्राह्मण, मृत, बररे, मिश्रित, बुद्धाधिमान

प्रश्न (ग) पाठको पहिलो अनुच्छेद शिक्षकबाट सुनेर भनः (पृष्ठ ९२)

प्रश्न क, ख, ग, का अभ्यासले विद्यार्थीमा सूक्ष्म ढङ्गले सुन्ने सुनेका कुरालाई सिलसिलावाद तरिकाले शुद्ध, स्पष्टसँग उच्चारण गर्न, पढेका कुरालाई भावअनुसार बताउन सहयोग पुग्ने खालका समावेश गरिएको पाइन्छ।

### ४.१३.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धि अभ्यासहरू

यस पाठमा पढाइ र लेखाइ सीप विकासका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ :

प्रश्न (क) वाक्य पूरा गर । (पृष्ठ ९०)

क. युधिष्ठिर ............. जलाशय पुगे । (भाइहरूको खोजी गर्न, पानी खोज्न, अग्निवच लित)

ख. पाण्डवहरूको सधैँ ............. पालना गरे । (ब्रह्मचर्य, धैर्य र अनुशासन, पुजा, दमन गर्ने प्रकृति)

प्रश्न (ख) ठिक बेठिक छुट्याऊ : (पृष्ठ ९०)

क. युधिष्ठिरमा सीप र जाँगर थियो ।

ख. अभ्यासले ज्ञान, बुद्धि र विद्याको विकास हुन्छ ।

प्रश्न (ग) कसले प्रसलाई भनेको हो ? लेख । (पृष्ठ ९०)

क. सत्यको सधैँ विजय हुन्छ ।

ख. त्यो हरिण अग्निकवच सिङमा उनेर भाग्यो ।

प्रश्न (घ) उत्तर लेख : (पृष्ठ ९०)

क. पाण्डवहरू को थिए र तिनीहरूको नाम के के हो ?

ख. वनमा पाण्डवहरूको समय कसरी बित्यो ?

प्रश्न (ङ) व्याख्या गर । (पृष्ठ ९१)

क. आपतको साथी धैर्य हो ?

ख. सच्चारित्र र अनुशासनले सुख प्राप्ति हुन्छ ।

प्रश्न (च) किन दुःख र आपत्मा पनि आनन्द लिन सक्नुपर्छ, कथा पढ अनि बुझेका कुरा लेख । (पृष्ठ ९१)

प्रश्न (छ) तलका शब्दको अर्थ लेख । (पृष्ठ ९१)

साहस, निर्देशन, अवधि, चिन्तित, अँजुली, विशाल, प्रश्नकर्ता, आश्रम

प्रश्न (ग) अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर । (पृष्ठ ९१)

जाँगर, षड्यन्त्र, बन्धुत्व, रक्षा, आश्चर्य, शङ्का, कर्तव्य, सङ्गत

प्रश्न (झ) सच्चाएर सार । (पृष्ठ ३२)

युधिष्ठिर, षढयन्त्र, सानुमुति, अग्नीकलच, मधान्ह, दूर्योधन,

प्रस्तुत क, ख, ग, घ, ङ अभ्यासहरू भाषाको पढाइ सीप विकासका लागि राखिएका भए पनि लेखाइ सीपसँग पनि सम्बन्धित छन् । उत्तरमा सानो अंश लेख्न पाठ राम्रोसँग सूक्ष्म ढङ्गले पढ्नु पर्ने भएकाले पढाइभन्दा लेखाइ सीपसँग सम्बन्धित छ। पाठको पढाइका आधारमा सिर्जनात्मक उत्तर लेख्नु पर्ने भएकाले लेखाइ सीप विकासमा यी अभ्यासहरू उपयुक्त छन् ।

### ४.१३.३ निष्कर्ष

'युधिष्ठिरको परीक्षा' पौराणिक कथा हो । यस कथाले विद्यार्थीमा धैर्यता, असल, सच्चरित्र, अनुशासित बन्न प्रोत्साहित गर्छ । विद्यार्थीहरू सत्यवादी, आदर्शवादी, अनुशासित, मेहनती बन्न, सहयोगी भावनाको विकास गराउन खोजेको छ । यस कथामा राखिएका नमुना अभ्यासहरू कथा शिक्षणको उद्देश्य अनुरूप नै रहेको देखिन्छ । व्याकरण अभ्यासदेखि बाहेक १६ वटा नमुना अभ्यास समावेश गरिएको यस पढाइलाई प्रमुख मानेर त्यसै अनुरूप अभ्यास समावेश गरिएको पाइन्छ । उत्तर भन्ने, उत्तर लेख्ने, भाव स्पष्ट पार्ने आफ्नो विचार दिएर उत्तर लेख्ने, साथै शब्दभण्डारको अभ्यासहरूलाई विशेष जोड दिएर शब्दको अर्थ, नयाँ शब्द बनाऊ, सच्चाएर सार, शुद्ध उच्चारण, वाक्यमा प्रयोग गर जस्ता अभ्यासहरू समावेश गरी सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषिक सीपलाई समानुपातिक ढङ्गले समावेश गरिएको पाइए तापनि सुनाइ सीपमा नमुना अभ्यासको भने कमी पाइएको छ । पढेर सुनाऊ, श्रुतिलेखन, शुद्ध गरी लेख जस्ता अभ्यासहरूले यस पाठका अभ्यासहरूलाई भाषिक सीपको आधारमा उपयुक्त बनाएका छन् ।

### ४.१४ पाठ तेह्र 'लुइ पास्चर'को जीवनीमा प्रयुक्त अभ्यास

जीवनी विधा विशिष्ट व्यक्तित्वका जीवनलाई आधारमानी प्रस्तुत गरिन्छ । यो गद्य विधा खास कुनै क्षेत्रमा उल्लेखनीय काम गरिसकेका वा गरिरहेका व्यक्तिका व्यक्तिगत विषयसँग सम्बन्धित हुने हुनाले यसमा चारित्रिक विशेषताको प्रस्तुतिमा जोड दिइन्छ । यस विधाका माध्यमबाट विशिष्ट व्यक्तिहरूका जीवन चरित्रको मौखिक तथा लिखित वर्णन गर्ने सीपको विकास गराउन सकिन्छ । जीवनी विधामा मौखिक तथा लिखित अभिव्यक्तिको विकास गर्ने खालको बोध सारांश लेखन, स-प्रसङ्ग व्याख्या, भाव प्रष्ट पार्ने, श्रुतिबोध, सस्वर तथा मौन पठन, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, बुँदाटिपोट र सिलसिला मिलाएर घट्नाक्रमको प्रस्तुति गर्ने भाषिक सीप विकासका क्रियाकलापसँग सम्बन्धित नमुना अभ्यासहरू समावेश गर्नु सान्दर्भिक देखिन्छ (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९) । जुन नमुना अभ्यासले विद्यार्थीहरूमा सिर्जनात्मक क्षमताको विकास गर्नुका साथै शब्दभण्डार र बोध क्षमताको विकास गर्न, चरित्र निर्माण गर्न, समाजका लागि केही राम्रो काम गर्ने सन्देश दिने, विद्यार्थीमा सकारात्मक सोचको विकास गर्नुका साथै प्रयोजनपरक भाषिक क्षमता हासिल गर्न ऊर्जा प्रदान गर्छ ।

#### ४.१४.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू

प्रश्न (क) उत्तर भन : (पृष्ठ ९८)

क. मानव जीवन कसरी सुखी बनेको छ ?

ख. पास्चरको जन्म र मृत्यु कहिले भयो ?

प्रश्न (क) 'लुइ पास्चर' जीवनी पालैपालो पढेर कक्षामा सुनाऊ । (पृष्ठ १००)

प्रश्न (ख) तलका शब्द शुद्धसँग उच्चारण : (पृष्ठ १००)

लुइ पास्चर, वैज्ञानिक, प्रभाव, प्राकृत्तिक, रसायन शास्त्र, जिवाणु, बृद्धि, देशभक्त, श्रद्धेय, प्रेरणा

प्रस्तुत क, ख, ग, का अभ्यासले विद्यार्थीमा ध्यानपूर्वक सुन्ने, मौखिक रूपमा अभिव्यक्त भएका विषयवस्तु बुझ्नु, कुराकानी प्रश्नोत्तर, छलफल जस्ता गतिविधिमा प्रभावकारी रूपमा मौखिक अभिव्यक्ति दिने, विद्यार्थीमा आफूलाई सोधिएका प्रश्नको जवाफ बिना हिचकिचाहट दिन सक्ने बनाउन यस्ता अभ्यासहरूले विकास गर्ने देखिन्छ ।

**४.१४.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यास**

प्रस्तुत पाठमा पढाइ र लेखाइ सीपको विकासका लागि निम्न अभ्यास समावेश गरिएको छ ।

प्रश्न (क) पाठका आधारमा खाली ठाउँ भर । (पृष्ठ ९८)

क. लुइ पास्चर संसारका एक महान् ……… का रूपमा चिनिन पुगे ।

ख. बौलाहा कुकुरले टोकेपछि ………. सुई लगाउने पर्छ ।

प्रश्न (ख) उत्तर लेख : (पृष्ठ ९८)

क. लुइ पास्चरलाई रसायन शास्त्रका विकासले आफ्नो सहायक बनाउने आधार के थिए ?

ख. लुइ पास्चरले कुन कुन क्षेत्रमा योगदान दिए ?

प्रश्न (ग) व्याख्या गर । (पृष्ठ ९९)

क. उनको तीक्ष्ण बुद्धिका कारण उनका गुरुहरू समेत वैज्ञानिक समस्याको समाधान निकाल्न उनीसँग सहयोग माग्थे ।

ख. लगनशील र देशभक्त पास्चरमा प्रकृत्ति, चित्रकला र विज्ञाप्रति विशेष साथी थियो ?

प्रश्न (घ) पास्चरले गरेका मुख्य मुख्य कामहरू बुँदागत रूपमा क्रम मिलाएर लेख । (पृष्ठ ९९)

प्रश्न (ङ) 'लुइ पास्चरले हामीलाई बिर्सिन नसक्ने गुण लगाएका छन्' यस भनाइलाई प्रष्ट पार । (पृष्ठ ९९)

प्रश्न (च) तलका शब्दसँग जोडा मिलाउ कापीमा सार : (पृष्ठ ९९)

| | |
|---|---|
| प्रगति | मलाई |
| हरेक | उन्नति |
| देन | प्रत्येक |
| | योगदान |

प्रश्न (छ) तलका शब्दको अर्थ लेख । (पृष्ठ १००)

प्रभाव, मुहार, क्षमता, समाधान, मदिरा, कदर

प्रश्न (ज) शुद्ध पारी सार । (पृष्ठ १००)

ऊनको सरिर नरहेपनि उनका अग्र कार्यबाट एक महान बैग्यानिकका रूपमा उनको नाम सन्सारमा पर्सिदध छ ।

प्रश्न (झ) पाठको पहिलो अनुच्छेद कापीमा सार । (पृष्ठ १००)

माथि प्रश्न क, ख, ग, घ, ङ, च, छ, ज, झ, का अभ्यासहरू पढाइ र लेखाइ सीपसँग सम्बन्धित हुन्छन् । हेर्दा लेखाइका अभ्यास देखिए पनि यी अभ्यासको समाधान गर्न लेखाइ तथा पढाइ दुवै सीपको आवश्यकता हुन्छ । यस्ता अभ्यासले विद्यार्थीमा विषयवस्तुको बोध क्षमता बढाउने, व्याख्या, विश्लेषण आदि गर्न सक्ने क्षमता बढाउने, सद्चरित्र निर्माण गर्ने, सिर्जनात्मक क्षमता बढाउन, शब्दभण्डार क्षमताको विकास गर्न सहयोग पुग्ने देखिन्छ ।

**४.१४.३ निष्कर्ष**

जीवनी शिक्षणबाट विद्यार्थीमा जीवनी लेखन तथा शब्दार्थको ज्ञान राम्रोसँग गराउन सकिन्छ । भाषाको जुनसुकै विधा भए पनि अभ्यास गर्नाले भाषिक सीपमा प्रत्यक्ष वा अप्रत्यक्ष कुनै न कुनै सहयोग पुऱ्याइ रहेको हुन्छ । यस पाठमा १४ ओटा नमुना अभ्यासहरू पनि कुनै न कुनै रूपमा भाषिक सीपको विकास गर्ने किसिमका देखिएका छन् । उत्तर भन, लेख, व्याख्या, गर, शुद्ध उच्चारण, शब्द अर्थ लेख, क्रम मिलाएर लेख, पयार्य तथा विपरीतार्थक शब्द छन् पाठबाट खोजेर टिप जस्ता अभ्यासले विद्यार्थीमा रहेको सीपमा निखरता ल्याउने देखिन्छ ।

**४.१५ पाठ चौध 'वातावरणको रक्षा' प्रबन्धमा प्रयुक्त नमुना अभ्यास**

गद्य भाषामा लेखिएको जीवन जगतकै विषयवस्तु, भावविचारलाई प्रस्तुत गरिएको संरचित साहित्यिक विधालाई प्रबन्धका रूपमा लिइन्छ (भण्डारी र अन्य, २०६६:४५३) । यस विधाको मुख्य प्रयोजन विद्यार्थीमा गद्यात्मक अभिव्यक्तिको बोध क्षमताका साथै गद्यात्मक लिखित अभिव्यक्ति क्षमताको विकास गर्नु हो । यसको सिकाइका क्रममा निर्दिष्ट प्रबन्धका पाठको उपयोग गर्नुका साथै खास विषय शीर्षक दिई निर्देशित र स्वतन्त्र रूपमा लेखन अभ्यास गराउनु पर्छ । गद्यात्मक अभिव्यक्तिको अभ्यास गराउँदा मौन पठन, प्रश्नोत्तर, छलफल, व्याख्या आदिको उपयोग गर्नुपर्छ । यसका अतिरिक्त प्रबन्ध शिक्षणको क्रममा अभ्यासका रूपमा सस्वर पठन, बुँदाटिपोट, सारांश, भाव विस्तार व्याख्याका साथै शब्दोच्चारण, कठिन शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, श्रुतिलेखन तथा अनुलेखन जस्ता अभ्यास गराउनु आवश्यक हुन्छ (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९) । शब्दभण्डार शिक्षणका लागि भने प्रबन्ध निकै प्रभावकारी विधा मानिन्छ ।

**४.१५.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू**

यस पाठमा सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू निम्नानुसार छन् ?

प्रश्न (क) उत्तर भन (पृष्ठ १०६)

क. के कारणले मौसमसम्बन्धी समस्या सिर्जना भएको छ ?

ख. वातावरणको रक्षा कसरी गर्न सकिन्छ ?

प्रश्न (ख) अर्थ बताऊ (पृष्ठ १०८)

वायुमण्डल, प्रदुषण, असन्तुलन, देवस्थल, वातावरण, विनाश, हृदय रोग, विरूप

प्रश्न (ग) माथिको पाठ पालैपालो पढेर कक्षामा सुनाऊ (पृष्ठ १०९)

माथिका क, ख, ग, का अभ्यासहरूले विद्यार्थीमा सुनाइ र बोलाइ दुवै सीप विकास गराउने देखिन्छ। विद्यार्थीमा शुद्ध स्पष्ट भावअनुसार पढ्न, सरल भाषामा आफ्नो विचार व्यक्त गर्ने क्षमता बढाउन, विद्यार्थीमा आफूलाई सोधिएका प्रश्नको जवाफ विना हिचकिचावट दिन सक्ने बनाउन यस्ता अभ्यासहरूले सहयोग गर्ने देखिन्छ।

**४.१५.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू**

प्रश्न (क) पाठ अनुसार ठीक शब्द राखेर खाली ठाउँ भर। (पृष्ठ १०६)

क. उद्योग धन्दाहरू बढेर .......... प्रदुषित भएको छ ?

ख. अव्यवस्थित बसोबास बढ्नाले जहाँतहाँ ......... बढेको छ।

प्रश्न (ख) तलका कुन कुरामा तिम्रो सहमति छ, ती कुराहरू मात्र कापीमा सार (पृष्ठ १०६०)

क. वातावरण

अ. हामी आफैँले स्वच्छ राख्नुपर्छ।     इ. आफैँ स्वच्छ रहन्छ।

आ. अरुले स्वच्छ राखिदिन्छन्     ई. आफैँ उत्पन्न हुन्छ।

प्रश्न (ग) उपयुक्त उत्तर छान (पृष्ठ १०७)

क. क्लोरोफ्लोरो कार्बनको मात्रा बढ्नाले।

अ. ओजोन सतह पातलिँदै जान्छ।

आ. रुख विरुवाहरू छिटो हुर्कन्छन्।

इ. अन्तरिक्षमा रकेटहरू पठाउन सजिलो हुन्छ।

ई. सूर्यको परावैजनी किरण छेकिन्छ।

ख. प्रकृत्तिमा सन्तुलन नहुनाले

अ. पानी मात्र पर्छ।

आ. मौसम परिवर्तन हुने क्रम नै बदलिन्छ।

इ. उत्पादन घटेर जान्छ।

ई. वैज्ञानिक प्रगति ठप्प हुन्छ।

प्रश्न (घ) उत्तर लेख। (पृष्ठ १०७)

क. मौसममा देखापरेका समस्याहरू केके हुन् ?

ख. वनजङ्गल विनाश हुनका करणहरू केके हुन् ?

प्रश्न (ङ) व्याख्या गर (पृष्ठ १०८)

क. पृथ्वी सबै प्राणीको साझा वासस्थान हो।

ख. मानिस सबैभन्दा बुद्धिमान प्राणी हो।

प्रश्न (च) उदाहरणमा झैँ उस्तै-उस्तै अर्थ दिने शब्द लेख । (पृष्ठ १०८)

उदाहरणः विनाश-नाश

उन्नति, असल, जमिन, समय, पानी, ध्वनि

प्रश्न छः अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर : (पृष्ठ १०९)

प्रकृति, कीटाणु, अन्तरिक्ष, मुहान, ओजोन

प्रश्न जः शुद्ध पारेर सारः

वर्सा, छेती, पर्किति, छेम्रफल, सन्तुलीत, उन्नती

प्रयुक्त प्रश्न क, ख, ग, घ का अभ्यासहरू विद्यार्थीमा पढाइ सीपको विकास गराउन उपयुक्त छन । यस्ता अभ्यासहरूले गर्दा विद्यार्थीले दिएको पाठ ध्यानपूर्वक पढ्नु पर्ने भएकाले यी अभ्यासहरूका माध्यमबाट विद्यार्थीमा आफूले जानेका कुरा भाव अनुसार शुद्ध, स्पष्ट लेख्न पनि सक्नेछन् भने ङ, च, छ, ज का प्रश्नले प्रबन्धबाट, विश्लेणात्मक क्षमता विकास हुने देखिन्छ । शब्दभण्डारको ज्ञान, पयार्यवाची शब्द, व्याख्या गर्न, विश्लेषणात्मक क्षमता विकास हुने देखिन्छ । शब्दभण्डारको ज्ञान बढीभन्दा बढी गराउने उद्देश्यले राखिए अनुरूप पढाइ तथा लेखाइ सीपलाई विकास गर्न भरपुर सहयोग गर्ने देखिन्छ ।

### ४.१५.३ निष्कर्ष

'वातावरणको रक्षा' प्रबन्धमा राखिएका अभ्यासहरू निबन्ध, प्रबन्ध शिक्षणको उद्देश्यअनुरूप नै रहेको देखिन्छ । व्याकरण अभ्यासदेखि बाहेक १३ ओटा अभ्यास समावेश गरिएको यस पाठमा लेखाइ, पढाइलाई मानेर र यसै अनुरूप अभ्यासको समावेश गरिएको पाइन्छ । पाठ पढ्ने, उत्तर भन्ने, लामो उत्तर लेख्ने, भाव विस्तार, खाली ठाउँ भर्ने, श्रुतिलेखन, वाक्यमा प्रयोग, शब्दभण्डार तथा उच्चारणका अभ्यासहरू समावेश गरेर सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सीपलाई समानुपातिक ढङ्गले समावेश गरिएको छ । नमुना अभ्यासकै माध्यमबाट विद्यार्थीलाई श्रुतिलेखन, नयाँ शब्द निर्माणमा उपसर्ग र प्रत्ययको प्रयोग, शब्द र अर्थको जोडा, मिलाउने र कठिन शब्दको उच्चारण, बुँदाटिपोट तथा सारांश लेखन कार्यले प्रबन्ध शिक्षणको उद्देश्य अनुरूप विद्यार्थीको शब्दभण्डारगत ज्ञानमा थप निखरता ल्याउने देखिन्छ ।

## ४.१६ पाठ पन्ध्र 'राष्ट्रिय विभूति शङ्खधर शाख्वा' जीवनीमा प्रयुक्त नमुना अभ्यास

जीवनी विधा विशिष्ट तयक्तिम्वमा जीवनलाई आधारमानी प्रस्तुत गरिन्छ । यो गद्य विधा खास कुनै क्षेत्रमा उल्लेखनीय काम गरिसकेका वा गरि रहेका व्यक्तिगत विषयसँग सम्बन्धित हुने हुनाले यसमा चारित्रिक विशेषताको प्रस्तुतिमा जोड दिइन्छ । यस विधाका माध्यमबाट विशिष्ट व्यक्तिहरूका जीवन चरित्रको मौखिक वर्णन गर्ने सीपको विकास गराउन सकिन्छ । जीवनी विधामा मौखिक तथा लिखित अभिव्यक्तिको विकास गर्ने खालका सोच, सारांश लेखन, स-प्रसङ्ग

व्याख्या, भाव प्रष्ट गर्ने, श्रुतिबोध, सस्वर तथा मौन पठन, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, बुँदाटिपोट, सिलसिला मिलाएर, घटना क्रममा प्रस्तुति गर्ने भाषिक सीप विकासका क्रियाकलापसँग सम्बन्धित नमुना अभ्यासहरू समावेश गर्नु सान्दर्भिक देखिन्छ (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९) । जुन नमुना अभ्यासले विद्यार्थीहरूमा सिर्जनात्मक क्षमताको विकास गर्नुका साथै प्रयोजनपरक भाषिक क्षमता हासिल गर्न थप उर्जा प्रदान गर्दछ ।

**४.१६.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू**

प्रश्न (क) उत्तर भन: (पृष्ठ ११४)

क. शाख्वालाई कहिले राष्ट्रि विभूति घोषणा गरिएको हो ?

ख. शाख्वाले कहिले जनताको ऋण तिरिदिएका थिए ?

प्रश्न (ख) माथिको पाठ पालैपालो सस्वर वाचन गरेर सुनाऊ (पृष्ठ ११६)

प्रश्न (ग) प्रष्टसँग उच्चारण गर । (पृष्ठ ११६)

राष्ट्रि, विभूति, शङ्खधर, शारुवा, महान, व्यक्तित्व, महापुरुष, धोषणा, ऋणदाता, परिणत, म्हपुजा

प्रश्न (ख) पाठको दोस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख । (पृष्ठ ११६)

प्रस्तुत अभ्यास क, ख, ग, घ, का अभ्यासले विद्यार्थीमा ध्यानपूर्वक सुन्ने र सुनेका आधारमा लेख्नुपर्ने हुन्छ, यस अभ्यासले विद्यार्थीमा ध्यानपूर्वक सुन्न, सुनेका कुरा स्पष्ट शुद्धसँग भन्न, पढेका कुरा आफ्नो विचार राख्नु, यी अभ्यासले विद्यार्थीलाई प्रष्टसँग बोल्न तथा संवाद कर्यमा सहभागी गराउने भएकाले बोलाइ पिको विकासा उपयुक्त छन् ।

**४.१६.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू**

प्रस्तुत पाठमा पढाइ र लेखाइ सीप विकासका लागि निम्न अभ्यासहरू समावेश गरिएको छ:

प्रश्न (क) शङ्खधर शाख्वाका बारेमा भनिएका तलका कुन कुन कुरा सत्य हुन्, छुट्याऊ । (पृष्ठ ११५)

क. शङ्खधर शाख्वा धनाढ्य व्यक्ति थिए ।

ख. शङ्खधर शाख्वाले आफन्तका मात्र ऋण तिरि दिएका थिए ।

प्रश्न (ख) तलका प्रश्नको छोटो उत्तर लेख । (पृष्ठ ११५)

क. विभूति कस्ता व्यक्तिलाई मानिन्छ ?

ख. 'शङ्खधर' शाख्वाले काम गरे ?

प्रश्न (ग) भाव विस्तार गर : (पृष्ठ ११५)

क. मानवता नै सबैभन्दा ठूलो कुरा हो र बाहिरको ईश्वरभन्दा मानिसको आत्मामा बास गर्ने ईश्वरको पुजा गर्नु नै मानिसको कर्तव्य हो ।

ख. महान व्यक्तिहरू कुनै जात, देश र समुदायका मात्र निजी सम्पत्ति हुँदैनन् ।

प्रश्न (घ) राष्ट्रि विभूति शङ्खधर शाख्वाले गरेका कार्यहरूको सूची बनाऊ । (पृष्ठ ११५)

प्रश्न (ङ) तिम्रो समुदाय वरपर समाज वा राष्ट्रको विकासमा महत्त्वपूर्ण योगदान दिने कुनै व्यक्तिको जीवनी लेख : (पृष्ठ ११६)

प्रश्न (छ) उस्तै अर्थ शब्दसँग जोडा मिलाउ कापीमा लेख : (पृष्ठ ११६)

प्रस्तुत क, ख, ग, घ, का अभ्यास पढाइ सीपसँग सम्बन्धित छ। यस अभ्यासले विद्यार्थीमा आदनात्मक सीपको विकास हुन्छ भने ख र ग, घ किसिमका अभ्यासहरूले विद्यार्थीहरूको लेखाइ सीपमा कम र पढाइ सीपमा ज्यादा सहयोग पुऱ्याउने देखिन्छ। सामान्य लेखनका लागि बृहत अध्ययन गर्नुपर्ने भएकाले यी अभ्यासहरू उपयुक्त छन्। साथै घ, ङ, च, छ, अभ्यासहरू भाषाको लेखाइ सीपसँग सम्बन्धित छन्। यस्ता अभ्यासले विद्यार्थीमा सिर्जनात्मक क्षताको विकास हुन्छ। यस्ता अभ्यालसे विद्यार्थीलाई आफ्नो अध्ययनका आधारमा उत्तर लेख्ने तथा सिर्जनत्मक लेखनमा समावेश गराउने भएकाले उपयुक्त देखिन्छन्।

**४.१६.३ निष्कर्ष**

जीवनी शिक्षणबाट विद्यार्थीमा जीवनी लेखन तथा शब्दार्थको ज्ञान राम्रोसँग गराउन सकिन्छ। भाषाको जुनसुकै विधा भए पनि अभ्यास गर्नाले भाषिक सीपमा प्रत्यक्ष वा अप्रत्यक्ष कुनै न कुनै सहयोग पुऱ्याइ रहेको हुन्छ। यस पाठमा १४ ओटा अभ्यासहरू पनि कुनै न कुनै रूपमा भाषिक सीपको विकास गर्ने किसिमको नै देखिएका छन्। उत्तर भन, लेख, जोडा मिलाऊ, पाठबाट खोजेर टिप, खाली ठाउँ भर, सही उत्तर छानेर लेख, जीवनी लेख, शुद्ध उच्चारण गर, सिर्जनात्मक उत्तर लेखन जस्ता अभ्यासले विद्यार्थीमा रहेको सीपमा निखारता ल्याउने देखिन्छ। सिर्जनात्मक अभ्यासमा रहेको बुँदाका सीपको विकास गर्ने देखिन्छ।

**४.१७ पाठ सोह्र 'मानिस नै देवता' कथामा प्रयुक्त नमुना अभ्यासहरू**

कथा भाषा पाठ्यपुस्तकमा प्रयुक्त विधा मध्ये रोचक विधा भएकाले यस विधाबाट भाषिक सीपहरूको विकास गर्न प्रत्यक्ष सहयोग गर्दछ। तथा शिक्षणबाट भाषा परिष्कारका साथै स्वस्थ, मनोरञ्जन, विषयबोध, अभिरुचि सम्बर्धन र विश्लेषणात्मक प्रतिभाको विकास गर्न गराउन सकिन्छ र विश्लेषणात्मक प्रतिभाको विकास गर्न गराउन सकिन्छ। त्यसरी नै कथाका माध्यमबाट भाषा सिकाइलाई रुचिपूर्ण र सुगम त बनाउन सकिन्छ नै साथै यसबाट विद्यार्थीहरूमा कल्पना शक्ति र सिर्जना शक्ति बढाउन र साहित्यप्रति रुचि जगाउन पनि त्यतिकै सहज हुन्छ (शर्मा र पौडेल, २०६८:२७२)। कथा शिक्षणबाट कथानात्मक अभिव्यक्ति सीपको वृद्धि गर्न, कल्पना शक्तिको विकास गराउनका साथै पठन बोध गराउन सकिन्छ। यस्ता सीप प्राप्तिका लागि कथा कथन, कथा श्रवण, कथाको अनुकुल लेखन आदि गराउन सकिन्छ। कथाका माध्यमबाट मौन पठन, पठन बोध, प्रश्नोत्तर, बुँदाटिपोट, सारांश, घटनाक्रम मिलाउने कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, श्रुतिलेखन, अनुलेखा जस्ता कार्यकलाप गराउनुपर्छ (आधारभूत शिक्षा पाठ्यक्रम,

२०६९)। यस्ता कार्यकलाप समेटेर निर्माण गरेका नमुना अभ्यासले नै भाषिक सीपलाई उजागर गर्न सक्छ।

**४.१७.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू**

यस कथामा समावेश गरिएका अभ्यासहरू निम्नानुसार छन्।

प्रश्न (क) उत्तर भन : (पृष्ठ १२१)

क. प्रदीपले भोक लागेपछि जङ्गलमा गएर के खायो ?

ख. बहिनी उहाँ रक्ताम्मे भएर लडी ?

प्रश्न (ख) तलका शब्द शुद्धसँग उच्चारण गर : (पृष्ठ १२३)

जङ्गल, ब्वाँसो, रक्ताम्मे, हिंस्रक, फिँजियो

प्रश्न (ग) 'मानिस नै देवता' कथा पालैपालो पढेर कक्षामा सुनाऊ। (पृष्ठ १२३)

माथि प्रश्न क, ख, ग ले विद्यार्थीलाई मौखिक उत्तर दिने तथा शब्दहरूको उच्चारण अभ्यासले विद्यार्थीमा राम्रोसँग पढ्ने, शुद्ध, स्पष्ट उच्चारण गर्ने, अर्काले पढेको कुरा ध्यानपूर्वक सुन्ने, मुख्य-मुख्य बुँदाटिपोट गर्ने, भाव विस्तार गर्ने, आफ्ना कुराहरू निर्धक्कसँग सबै सामु भन्न सक्ने बानीको विकास हुने देखिन्छ। यस्ता नमुना अभ्यास समावेश गरिनु उपयुक्त देखिन्छ।

**४.१७.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू**

प्रस्तुत पाठमा प्रयुक्त पढाइ तथा लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू निम्न छन्।

प्रश्न (क) कसले कसलाई भनेको हो ? लेख : (पृष्ठ १२२)

क. आज हामी आमाबाट जसरी भए पनि बचाउँछौँ।

ख. बहिनीको मासु खाएर भोको पेट भर्छु।

**प्रश्न (ख) तलका प्रश्नहरूको छोटकरीमा उत्तर लेख (पृष्ठ १२२)**

क. प्रदीप किन जङ्गल तिर लाग्यो ?

ख. ब्वाँसाले डमरुलाई कसरी खायो ?

प्रश्न (घ) 'मित्रतामा ठूलो तागत हुँदो रहेछ' भन्ने कुरा यस पाठका आधारमा स्पष्ट पार। (पृष्ठ १२३)

प्रश्न (ङ) 'मानिस नै देवता' कथाले दिन खोजेको मुख्य-मुख्य उपदेशहरू समेटेर आफ्नो शब्दमा बयान गर। (पृष्ठ १२३)

प्रश्न (च) मिल्दो शब्दसँग जोडा मिलाई कापीमा सार : (पृष्ठ १२३)

| | |
|---|---|
| ज्यादै | छिटो छिटो |
| हतार हतार | धेरै |
| डर | शाक्ति |
| तागत | त्रास |
| | इच्छा |

प्रश्न (छ) अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर : (पृष्ठ १२३)

साँझ, भोक, काफल, मित्रता, दुःख

प्रश्न (ज) अर्थ लेख । (पृष्ठ १२३)

उज्यालो, न्याल, साहस, आश्चर्य

प्रश्न (झ) शुद्धसँग लेख : (पृष्ठ १२३)

झमककै, हेरदाहेरदै, बाबु, लियको, मीत्रता

प्रस्तुत क, ख, ग, का अभ्यास पूर्ण रूपमा पढाइ सीपसँग सम्बन्धित रहेको छ । यस अभ्यासबाट विद्यार्थीमा पढाइ सीपका साथै सुनाइ लेखाइ दुवै सीपको विकास हुने देखिन्छ । यस किसिमका अभ्यासले विद्यार्थीलाई पढेका कुरा सिलसिलाबद्ध रूपमा लेखन, प्रश्नको भावअनुसार उत्तर लेख्न, व्याख्या विश्लेषण गर्ने सीपको विकास हुने देखिन्छ । घ, ङ, का अभ्यासले सिर्जनात्मक लेखनका लागि विद्यार्थीलाई उत्प्रेरित गर्छ । व्यक्तिगत विचार प्रस्तुत गर्न समेत सक्षम हुन्छन् । यस किसिमका अभ्यासले यस तहका विद्यार्थीको पढाइ र लेखाइ दुवै सीपलाई विकास गर्ने देखिन्छ भने ङ, च, छ, ज ले पढाइलाई विशेष महत्व दिएर राखिएका अभ्यासले विद्यार्थीहरूलाई पाठको सूक्ष्म अध्ययनमा बढी जोड दिएपनि यी अभ्यासले लेखन सीपमा पनि सहयोग पुऱ्याउने देखिन्छ ।

**४.१७.३ निष्कर्ष**

'मानिस नै देवता' कथा सामाजिक विषयवस्तुका माध्यमबाट विद्यार्थीहरूलाई मित्रताको ज्ञान गराउन राखिएको कथा हो । यस कथामा राखिएका नमुना अभ्यासहरू कथा शिक्षणको उद्देश्य अनुरूप पर्ने रहेको देखिन्छ । व्याकरण अभ्यास देखि बाहेक १४ ओटा अभ्यासको समावेश गरिएको पाइन्छ । कथा पढ्ने, उत्तर भन्ने, उत्तर लेख्ने, भाव स्पष्ट पार्ने, आफ्नो विचार दिएर उत्तर लेख्ने साथै शब्दभण्डारको अभ्यासलाई विशेष जोड दिएर । पर्यायवाची शब्द छानेर जोडा मिलाऊ, वाक्यमा प्रयोग गरजस्ता अभ्यासहरू समावेश गरेर सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सीपलाई समानुपातिक ढङ्गले समावेश गरिएको पाइए तापनि सुनाइ सीपमा आधारित नमुना अभ्यासमा भने कमी पाएको छ । नमुना अभ्यासको माध्यमबाट विद्यार्थीलाई पढाइ र लेखाइ सीपमा भने थप निखारता आउने देखिन्छ ।

**४.१८ पाठ सत्र 'कलाको महत्व' प्रबन्धमा प्रयुक्त नमुना अभ्यास**

गद्य भाषामा लेखिएको जीवन जगत्कै विषयवस्तु भावविचारलाई प्रस्तुत गरिएको लघु साहित्यिक विधालाई प्रबन्धका रूपमा लिइन्छ (भण्डारी र अन्य, २०६६:४५३) । यस विधाको मुख्य प्रयोजन विद्यार्थी मार्गद्यात्मक अभिव्यक्तिको बोध क्षमताका साथै गद्यात्मक लिखित अभिव्यक्ति क्षमताको विकास गर्नु हो । यसको सिकाइका क्रममा निर्दिष्ट प्रबन्धका पाठको उपयोग गर्नुका

साथै खास विषय शीर्षक दिई निर्देशित र स्वतन्त्र रूपमा लेखन अभ्यास गराउनु पर्दछ । गद्यात्मक अभिव्यक्तिको अभ्यास गराउँदा मौन पाठन, प्रश्नोत्तर, छलफल, व्याख्या आदिको उपयोग गर्नुपर्छ । यसका अतिरिक्त प्रबन्ध शिक्षणका क्रममा अभ्यासका रूपमा सस्वर पठन, बुँदाटिपोट, सारांश, भाव विस्तार, व्याख्या साथै शब्दोच्चारण, कठिन शब्दको अर्थ पहिचान, वाक्यमा प्रयोग, श्रुतिलेखन, तथा अनुलेखन जस्ता अभ्यास गराउनु आवश्यक हुन्छ (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९) । शब्दभण्डार शिक्षणका लागि भने प्रबन्ध निकै प्रभावकारी विधा मानिन्छ ।

**४.१८.१ सुनाइ र बोलाइ सीपसँग सम्बनिध्त अभ्यासहरू**

प्रश्न (क) तलका प्रश्नहरूको उत्तर भन : (पृष्ठ १२९)

क. कलाको उत्पत्ति के बाट भएको मानिन्छ ?

ख. कलाको विकास कहाँ हुन्छ ?

प्रश्न (ख) पाठको चौथो अनुच्छेद सस्वर वाचन गर : (पृष्ठ १३१)

प्रश्न (ग) उच्चारण गर : (पृष्ठ १३१)

मस्तिष्क, पद्धति, आत्मनिर्भर, टुडाल, हस्तान्तरण

निम्न अभ्यासहरू सुनाइ र बोलाइ सीपका लागि उपयुक्त देखिन्छन् । यस्ता अभ्यास गर्न सर्वप्रथम सुनाइसम्बन्धी अभ्यास हुन जरुरी हुन्छ । विद्यार्थीमा साहित्यिक, विधागत सचेतना सहित शुद्ध, स्पष्ट र भाव अनुसार पढ्न, बोल्न, मौखक अभिव्यक्ति गर्ने कलाको विकास गर्न विद्यार्थीलाई आफूलाई सोधिएका प्रश्नको जवाफ दिन, बिना हिचकिचाहट् उत्तर दिन, विद्यार्थीमा शब्दभण्डारको अभिवृद्धि गर्न यस्ता अभ्यासले सहयोग पुग्ने देखिन्छ ।

**४.१८.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू**

नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त गरिने अभ्यासहरूमध्ये पढाइ र लेखाइसँग सम्बन्धित अभ्यास प्रमुख मानिन्छन् । यिनै सीपका आधारमा रहेर यस पाठमा निम्न अभ्यास राखिएको छ :

प्रश्न (क) जोडा मिलाऊ (पृष्ठ १२८)

| | |
|---|---|
| परम्परागत नेपाली चित्र | राडीपाखी |
| जङ्गबहादुर राजा | बेलायत यात्रा |
| वास्तुकला | आर्य अर्जन |
| घरेलु शिलपकला | पौवाचित्र |
| | पाटनका कृष्ण मन्दिर |

प्रश्न (ख) अर्थ भन (पृष्ठ १३१)

उपज, विराट, आविष्कार, केवी, गुन्द्री, मोह

प्रश्न (ग) तलका भनाइका सम्बन्धमा साथीहरू बीच कक्षामा छलफल गर । (पृष्ठ १३०)

क. मानिस सिर्जनशील प्राणी हो ।

ख. आधुनिकताका नाममा हामीले आफ्नो प्राचिन लोक सङ्गीतका सुसेली र गाथालाई बिर्सनु हुँदैन ।

प्रश्न (घ) प्रश्नको उत्तर लेख : (पृष्ठ १३०)

क. जीवनमा कलाको कस्तो महत्व छ ?

ख. नेपाली मूर्तिकलाको अवस्था कस्तो पाइन्छ ?

प्रश्न (ङ) 'कलाको महत्त्व' पाठमा पढेका मुख्य, मुख्य कुराहरूलाई छोटकरीमा लेख । (पृष्ठ १३०)

प्रश्न (च) उस्तै अर्थ हुने हुने शब्दसँग जोडा मिलाऊ । (पृष्ठ १३१)

| | |
|---|---|
| उत्पत्ति | प्रकार |
| भेद | उपज |
| साधना | यथार्थ |
| वास्तविक | प्रयास |
| | प्रकट |

प्रश्न (छ) वाक्यमा प्रयोग गर : (पृष्ठ १३१)

साइनो, सिर्जना, पम्परागत, आधुनिक शिल्पकला, पाङ्मय, ठेकी, कौशल, उपयोगिता

प्रश्न (ज) शुद्ध गरी लेख : (पृष्ठ १३१)

ललीत कला, अन्तरगत पर्ने कलाका धेरै मधेहरू छन् ति मद्दे चित्रकला मूर्तिकला र वस्तुकला विसेष उल्लेनिए छन् ?

पाठ्यपुस्तकमा प्रयुक्त निम्न क, ख, ग, घ अभ्यासले पढाइ सीपलाई बढी जोड दिने प्रकृतिका छन् । यस्ता अभ्यासले विद्यार्थीमा सूक्ष्म ढङ्गले अध्ययन गर्ने बानीको विकास हुनका साथै लेखाइ सीपलाई पनि केही सहयोग गर्ने देखिन्छ भने ङ, च, छ, ज का अभ्यासहरू लेखाइ सीपसँग सम्बन्धित भए पनि पढाइको तयारीबिना यी अभ्यास गर्न सम्भव हुँदैन । नयाँ शब्द बनाउने अभ्यासले विद्यार्थीमा पढाइ, लेखाइ दुवै भाषिक सीपको विकास गर्ने देखिन्छ ।

**४.१८.३ निष्कर्ष**

"कलाको महत्व" प्रबन्धमा राखिएका नमुना अभ्यास प्रवन्ध शिक्षणको उद्देश्य अनुरूप नै रहेको देखिन्छ । व्याकरण अभ्यासदेखि बाहेक १४ ओटा अभ्यास समावेश गरिएका यस पाठमा लेखाइ, पढाइलाई प्रमुख मानेर त्यसै अनुरूप अभ्यासको समावेश गरिएको छ । पाठ पढ्ने, उत्तर भन्ने, छोटो उत्तरले लेख्ने, जोडा मिलाउने, खाली ठाउँ भर्ने, शब्दभण्डार तथा उच्चारणका अभ्यास समावेश गरेर सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषिक सीपलाई समानुपातिक ढङ्गले समावेश गरिएको छ । नमुना अभ्यासकै माध्यमबाट श्रुतिलेखन, अनुलेखन, सस्वर, पढ्न लगाउने,

बुँदाटिपोट, छलफल गर्न, कठिन शब्दको उच्चारण कार्यले प्रबन्ध शिक्षणका उद्देश्य अनुरूप विद्यार्थीमा शब्दभण्डारगत ज्ञानमा थप निखरता ल्याउने देखिन्छ ।

**४.१९ पाठ अठार प्रधानाध्यापकलाई निवेदन, पाठमा प्रयुक्त नमुना अभ्यास**

निवेदनलाई चिठी विधा अन्तर्गतकै एक उपविधाका रूपमा लिन सकिन्छ । कुनै पनि स्वीकृति लिन परेमा, कार्य सम्पन्न गर्न सहयोग लिनु परेमा सम्बन्धित कार्यालय प्रमुख समक्ष निवेदन पेश गरिन्छ । निवेदन लेखनमा मिति, सम्बोधञन र पद कार्यलयको नाम र ठेगाना, विषय, निवेदनको व्यहोरा निवेदकहरूको नाम, ठेगाना, स्पष्ट उल्लेख हुनुपर्दछ । निवेदन शिक्षण लेखाइ सीपसँग सम्बन्धित भए पनि यसले विद्यार्थीहरूमा विचार सम्प्रेषण, नेतृत्व क्षमता, लेखन शैलीको विकास गर्न, स्वतन्त्र रूपमा चिठी रचना गर्ने, सीप विकास गर्न, विभिन्न व्यवहारिक लेखन सिकाउन, शब्दभण्डारको विकास गराउन, अनुच्छेद गठनका बारेमा ज्ञान दिनु, विद्यार्थीमा लेखन शैलीको विकास गर्न मद्दत पुग्ने देखिन्छ ।

**४.१९.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू**

निवेदन विशेषगरी सिर्जनात्मक लेखनसँग सम्बन्धित विषय भएकाले यसमा सुनाइ र बोलाइका अभ्यासहरू प्रशस्त राखिएका हुँदैनन् । यस निवदेनमा प्रशस्त अभ्यास राखिएका हुँदैनन् । यस निवेदन पाठमा प्रयुक्त सुनाइ र बोलाइ अभ्यासहरू निम्नानुसार रहेका छन् ।

प्रश्न (क) उत्तर भन : (पृष्ठ १३५)

क. यो निवेदन कसले कसलाई लेखेको हो ?

ख. निवेदन के विषयमा लेखिएको छ ?

प्रश्न (ख) माथिको पाठ पालैपालो पढेर कक्षामा सुनाऊ । (पृष्ठ १३६)

प्रश्न (ग) तलका शब्द शुद्धसँग उच्चारण गर । (पृष्ठ, १३६)

पुरातात्विक, सहकार्यकलाप, महत्वपूर्ण, उपत्यका, विचार माथिका क, ख, ग, का अभ्यासले विद्यार्थीमा सुनाइ र बोलाइ सीप विकासमा सहयोग पुग्ने देखिन्छ । विद्यार्थीमा शुद्ध, स्पष्ट बोल्न, कठिन शब्द उच्चारण गर्न, पाठको सस्वर वाचन गर्न, विधागत क्षमता विकास गर्न सहयोग पुग्ने यस्ता अभ्यास उपयुक्त देखिन्छन् ।

**४.१९.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित नमुना अभ्यासहरू**

निवेदन लेखन कार्य भएकाले यहाँ पढाइ र लेखाइहरू अभ्यासहरू भने प्रशस्त अभ्यासहरू राखिएका छन् ।

प्रश्न (क) तलका प्रश्नको उत्तर लेख । (पृष्ठ १३५)

क. माथिको निवेदनमा कसले कसलाई केका लागि अनुरोध गरेको छ ?

ख. कक्षा ६ का छात्राहरूले शैक्षिक भ्रमणको कार्यक्रम कसरी तयार गरेको छन् ?

प्रश्न (ख) शैक्षिक भ्रमणमा सामेल हुन पाऊँ भन्ने र प्रधानाध्यापकलाई निवेदन लेख : (पृष्ठ १३५)

प्रश्न (घ) तलका मिल्दो अर्थसँग जोडा मिलाऊ : (पृष्ठ १३५)

| | |
|---|---|
| अनुरोध | ठाउँ |
| स्थल | धारणा |
| ऐतिहासिक | आग्रह |
| विचार | इतिहास |
| | व्यवस्था |

प्रश्न (ङ) तलका शब्दको अर्थ लेख : (पृष्ठ १३६)

मानव, विचार, अभिन्न, भ्रमण, महोदय

प्रश्न (क) अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर । (पृष्ठ १३६)

निवेदन, विद्यालय, विनम्र, मनोभावना, लाभान्वित

प्रश्न (छ) सच्याएर सार । (पृष्ठ १३६)

शैक्षिक, भर्मन, विध्यार्थी, लइ, धारमिक

प्रश्न (ग) पाठको निवेदन राम्रा अक्षरमा कापीमा सार । (पृष्ठ १३६)

माथिका क, ख, ग, का अभ्यासले विद्यार्थीमा औपचारिक लेखनको अभ्यास बढ्छ। निवेदन लेखन शिष्ट शैलीमा लेखिने भएकाले विद्यार्थीमा औपचारिक तथा शिष्ट भाषाको प्रयोग गरी लेख्न मद्दत पुऱ्याउँछ । त्यसैगरी मिल्ने अर्थसँग जोडा मिलाउने, शब्दको अर्थ, वाक्यमा प्रयोग, शुद्ध लेख्ने अभ्यासले विद्यार्थीमा पढाइ सीप तथा लेखाइ दुवै सीप विकास गराउने देखिन्छ ।

### ४.१९.३ निष्कर्ष

यस निवेदनमा राखिएका अभ्यासहरू विद्यार्थीलाई निवेदन लेखन कै लागि विशेष जोड दिने खालका राखिएको धेरै अभ्यासहरू लेखन सीपसँग सम्बन्धित रहेको छ । यसका साथै भाषाका चार ओटै सीपलाई निवेदन विधामा पनि समावेश गर्नका चार ओटै सीपलाई निवेदन विधामा पनि समावेश गर्नका लागि शब्दार्थ पठन, लेखन, पाठको सस्वर वाचन, कठिन शब्दको उच्चारण, श्रुतिलेखन, सृजनात्मक लेखनजस्ता अभ्यास राखेर अझ उत्कृष्ट पार्न प्रयास गरिएको छ। कार्यमुलक व्याकरणदेखि बाहेक १२ ओटा नमुना अभ्यासले नै विद्यार्थीलाई प्रशस्त अभ्यास हुने देखिन्छ ।

### ४.२० पाठ उन्नाइस 'श्री कृष्णको पराक्रम' कथामा प्रयुक्त नमुना अभ्यासहरू

कथा भाषा पाठ्यपुस्तकमा प्रयुक्त विधामध्ये रोचक विधा भएकाले यस विधाबाट भाषिक सीपहरूको विकास गर्न प्रत्यक्ष सहयोग पुग्छ । कथा शिक्षणबाट भाषा परिस्कारका साथै स्वस्थ, मनोरञ्जन, विषयबोध, अभिरुचि र विश्लेषणात्मक प्रतिभाको विकास गर्न गराउन सकिन्छ ।

त्यसरी नै कथाका माध्यमबाट भाषा सिकाइलाई रुचिपूर्ण र सुगम त बनाउन सकिन्छ नै साथै यसबाट विद्यार्थीहरूमा कल्पना शक्ति र सिर्जना शक्ति बढाउन र साहित्यप्रति रुचि जगाउन पनि त्यतिकै सहज हुन्छ (शर्मा र पौडेल, २०६८:२७२)। कथा शिक्षणबाट कथानात्मक अभिव्यक्ति सीपको वृद्धि गर्न कल्पना शक्तिको विकास गराउनका साथै पठन बोध, श्रुतिबोध गराउन सकिन्छ। कथाका माध्यमबाट सस्वर तथा मौन पठन, प्रश्नोत्तर, बुँदाटिपोट, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, श्रुति लखेन, अनुलेखन जस्ता अभ्यास गराउनुपर्छ (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९)। यस्ता कार्यकला समेटेर निर्माण गरेका नमुना अभ्यासले भाषिक सीपलाई उजागर गर्न सक्छ।

**४.२०.१ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू**

प्रस्तुत पाठमा सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यास निम्न रहेका छन् :

प्रश्न (क) उत्तर भन : (पृष्ठ १४२)

क. देवकी कसकी छोरी हुन् ?

ख. आकाशतिरबाट के आवाज आयो ?

प्रश्न (ख) कथाको अनुच्छेदहरू पालैपालो पढेर कक्षामा सुनाऊ। (पृष्ठ १४२)

प्रश्न (ग) तलका शब्द शुद्धसँग उच्चारण गर :

श्रुति, छोरीज्वाइँ, सन्तुष्ट, ईर्ष्या, प्राण, परिस्थिति, हतकडी, झसङ्ग, भविष्यवाणी, मातृवात्सलय,

प्रस्तुत अभ्यास सुनाइ, बोलाइ सीपसँग सम्बन्धित छन्। यी अभ्यासले विद्यार्थीलाई प्रष्टसँग बोल्न तथा संवाद कार्यमा सहभागी गराउने, आफुले जानेका कुरा सरल भाषामा व्यक्त गर्न, शुद्ध, स्पष्ट, प्रभावकारी ढङ्गले बोल्ने सीप विकास गराउने भएकाले बोलाइ विकासमा उपयुक्त प्रभाव पर्नेछ।

**४.२०.२ पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू**

प्रश्न (क) उत्तर लेख : (पृष्ठ १४३)

क. युवराज कंश किन खुसी भयो ?

ख. कंशले किन बहिनी ज्वाईलाई मार्न खोज्यो ?

प्रश्न (ख) व्याख्या गर : (पृष्ठ, १४३)

क. अवोध शिशुलाई मारेको प्रायश्चित तैले गर्नैपर्छ ?

ख. काल बाजा बजाएर आउँदैन।

प्रश्न (ग) यस कथाका मुख्य-मुख्य कुरा लेखेर शिक्षकलाई देखाऊ (पृष्ठ १४३)

प्रश्न (घ) तिम्रो छिमेकमा खराब आचरण भएका मानिस बसेका हुन सक्छन् ? तिनलाई सज्जन बन्न अनुरोध गर्नुपरे के-के भन्छौ ? पाँच वाक्यमा लेख।

प्रश्न (ङ) तलका शब्दको अर्थ लेख । (पृष्ठ १४३)

बिन्ती, शर्त, राजकाज

प्रश्न (च) अर्थ खुल्नेगरी गरी वाक्यमा प्रयोग गर । (पृष्ठ १४०)

धूमधाम, परिणत, ईर्ष्या, सुम्पनु, सन्तान, दौत्य, झाल, बाजा, हतकडी, सन्त्रास

प्रश्न (छ) सच्याएर कापीमा सार : (पृष्ठ १४६)

कम्स आफैले बैनी जुवाइँको रथ हाक्दैथ्यो । अचानक आका सतीरबाट आबाज आयो मुख । कम्स गएको बिएमा त खुसी उदैछस् त्यसकै आठौँ खन्तानबाट त मर्नेदस् ।

प्रश्न (ग) पाठको पहिलो अनुच्छेद राम्रो अक्षरमा कापीमा बार । (पृष्ठ १४४)

माथि क, ख, का अभ्यासहरूले विद्यार्थीहरूमा सूक्ष्म ढङ्गले पढ्ने, मुख्य-मुख्य, कुरा सम्झने, पाठले दिन खोजेको कुराको भाव लेखन सहयोग पुने देखिन्छ ग, घ, का अभ्यासले विद्यार्थीमा आफ्ना विचारहरूलाई समावेश गरेर छलफल गरेर पढ्ने, खोज्ने, लेख्ने, सीपको विकासमा सहयोग पुग्ने देखिन्छ । ङ, घ, छ, ज, का अभ्यासले विद्यार्थीमा शब्दसंरचना, शब्दभण्डार जस्ता कुरामा ज्ञानको क्षमता बढाउने, द्रुत पठन क्षमता बढाउनु, विषय र वस्तुको अध्ययन व्याख्या विश्लेषण गर्न सक्ने विद्यार्थीलाई आफ्नो अध्ययनका आधारमा उत्तर लेख्ने तथा सिर्जनात्मक लेखनमा समावेश गराउने भएकाले उपयुक्त देखिन्छन् ।

**४.२०.३ निष्कर्ष**

'श्री कृष्णको पराक्रम' पौराणिक कथा हो । यस कथाले विद्यार्थीमा सद्‌चरित्र निर्माण गर्न सहयोग पुग्ने देखिन्छ । यस कथामा राखिएका नमुना अभ्यासहरू कथा शिक्षणको उद्देश्य अनुरूप कै रहेको देखिन्छ । व्याकरण अभ्यासदेखि बाहेक १४ ओटा नमुना अभ्यास समावेश गरिएको यस पाठमा पढाइलाई प्रमुख मानेर त्यसै अनुरूप अभ्यासको समावेश गरिएको पाइन्छ । उत्तर भन्ने, उत्तर लेख्ने, भाव स्पष्ट पार्ने आफ्नो विचार दिएर लेख्ने, साथै शब्दभण्डारको अभ्यासलाई विशेष जोड दिएर शब्दको अर्थ, नयाँ शब्द बनाऊ, वाक्यमा प्रयोग गर, शुद्ध लेख, जस्ता अभ्यासहरू समावेश गरेर भाषिक सीपलाई समानुपातिक ढङ्गले समावेश गरिएको पाइए तापनि सुनाइ सीपमा आधारित नमुना अभ्यासको कमी पाइएको छ । पढेर, सुनेर लेख, शुद्ध गरी लेख, वाक्यमा प्रयोग गर जस्ता अभ्यासहरूले यस पाठमा भाषिक सीपको आधारमा उपयुक्त बनाएका छन् ।

## अध्याय पाँच : निष्कर्ष र सुझाव

पाठ्यक्रम समग्र शिक्षा प्रणालीको मेरुदण्ड हो। पाठ्यक्रमकै आधारमा पाठ्यसामग्री पाठ्यपुस्तकको निर्माण गरिन्छ। पाठ्यक्रम शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाइएको शैक्षिक कार्यक्रम हो। पाठ्यक्रमकै उद्देश्य पूर्तिमा सहयोगी हुने गरी पाठ्यपुस्तकको निर्माण गरिन्छ। समयको आवश्यकता र सापेक्षताका आधारमा समायानुकूल हुनेगरी पाठ्यक्रम र पाठ्यपुस्तकमा परिवर्तन २०६९ ले परिमार्जन गरी वि.सं. २०७२ सालबाट देशभर लागू गरिएको छ।

सिकारुमा भाषिक सीप विकासका लागि भाषा पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासबाट पूरा गर्ने लक्ष्य लिइएको हुन्छ। त्यसैगरी हिज्जे, वाक्यगठन, वाक्यनिर्माणसम्बन्धी अभ्यासमा हिज्जे तथा उच्चारण र व्याकरण अभ्यासले मद्दत पुऱ्याउने देखिन्छ। विभिन्न विषय, सिलसिला मिलाइ वर्णन गर्न, कथा लेख्न, कविता लेख्न, गीत लेख्न, मौखिक अभिव्यक्ति दिन, वादविवाद गर्न सक्ने जस्ता उद्देश्य पूरा गर्न पाठ सम्बद्ध नमुना अभ्यासका प्रश्नले सहयोग पुऱ्याउने देखिन्छ। समग्रमा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू स्तरीय देखिन्छन्। वादविवाद, एकाङ्की जस्ता समूहगत रूपमा गरिने कार्यकलाप पाठमा समावेश गरिए पनि अभ्यासमा त्यसलाई न्यून रूपमा समावेश गरेको पाइन्छ। कतिपय नमुना अभ्यास स्तरीय देखिन्छन्। समूहगत कार्यकलापका अभ्यास न्युन देखिन्छ। पाठ्यक्रमको उद्देश्य पूरा गर्न बढीभन्दा बढी क्रियाकलापमुखी अभ्यासहरूको संयोजनमा ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ।

### ५.१ निष्कर्ष

आधारभूत शिक्षा पाठ्यक्रम २०६९ अनुसार परिमार्जित गरी पाठ्यक्रमले निर्धारण गरेका सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू समावेश गरिएको छ। प्रस्तुत अध्ययनका निष्कर्ष निम्नानुसार छन् :

- नेपाली भाषा पाठ्यक्रमले विभिन्न विधागत पाठहरूलाई समावेश गरी भाषिक सीप विकास गराउने उद्देश्य राखेको छ।
- नमुना अभ्यास विद्यार्थीको उमेर, तह, क्षमता र रुचि अनुरूप नै छनोट भएको देखिन्छ।
- नमुना अभ्यासलाई विविधिकरण गरी प्रस्तुत गरिएको छ।
- नमुना अभ्यास विषयवस्तुको सैद्धान्तिक ज्ञानमा भन्दा व्यावहारिक ज्ञानतर्फ उन्मुख भएको देखिन्छ।
- नमुना अभ्यास सरलदेखि जटिलताको क्रममा प्रस्तुत गरिएको छ।
- उद्देश्य, विभिन्न तह, ज्ञान, बोध, व्यावहारिक सीपलाई समेट्ने गरी अभ्यासको समायोजन गर्ने प्रयास गरिएको देखिन्छ।

- समान किसिमका विधागत पाठमा अभ्यासहरूको बारम्बार पुनरावृत्ति मात्र भएको छ ।
- बोलाइ सीपको स्थितिलाई हेर्दा शुद्ध र स्पष्ट उच्चारण गर्न, उत्तर भन्न लगाइएको छ । जसले पाठ्यक्रमको उद्देश्यलाई पछ्याएको छ ।
- पाठ्यक्रमले सबै भाषी विद्यार्थीहरूमा सीप अभिवृद्धि गर्ने लक्ष्य लिएको छ । नमुना अभ्यासले कसैलाई विभेद नगरी समान सीप विकासमा टेवा पुऱ्याउने तर्फ ध्यान दिएको छ ।
- भाषा स्वतन्त्र अभिव्यक्तिबाट सिकिने विषय भएकाले नमुना अभ्यास स्वतन्त्र अभिव्यक्तिको सम्बर्द्धन गर्ने गरी समायोजन गरिएको छ ।
- प्रबन्ध, एकाङ्की, वादविवाद विधामा सुनाइ सीपसम्बद्ध अभ्यास नहुनुलाई कमजोर पक्षको रूपमा लिन सकिन्छ ।
- पाठ्यक्रमले भाषाका सीपको विकास गर्ने उद्देश्य राखेको भए पनि सुनाइसँग सम्बन्धित अभ्यास न्युन रहेको देखिन्छ । यो पाठ्यक्रम अनुरूपताको दृष्टिले उपयुक्त देखिँदैन ।
- समान किसिमका विधागत पाठमा अभ्यासहरूको बारम्बार पुनराबृत्ति मात्र भएको छ ।
- समग्रमा नमुना अभ्यासहरू प्रारम्भमा पढाइ बोलाइ सीपबाट प्रारम्भ हुँदै लेखाइ सीपले उन्मुख भएको पाइनुका साथै स्तरीय रूपमा समायोजन गर्ने प्रयास गरिएको देखिन्छ ।
- शब्दभण्डारको अभ्यास पर्याप्त रहेको छ । जुनः विद्यार्थीको स्तर र तह अनुकुल नै रहेको छ ।
- विधिको विविधिकरण अनुरूप भाषा प्रयोगका विशिष्ट क्षेत्रमा सरिक गराउन मिल्ने गरी अभ्यासको व्यवस्था मिलाइएको देखिन्छ ।

**सुधारात्मक पक्ष**

- कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासमा सबै प्रकारका भाषिक सीपलाई समेट्ने प्रयास गरिए तापनि लेखाइ सीपलाई बढी जोड दिइएको छ ।
- भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासमा सबै प्रकारका सीप समेटिएता पनि बोलाइ र सुनाइ सीपका लागि पर्याप्त अभ्यास नभएको देखिन्छ ।
- पाठको नमुना अभ्यासले वस्तुगत प्रश्नमा कम महत्व दिएको पाइन्छ ।
- अभ्यासमा स्पष्ट निर्देशन दिइनु पर्दछ ।
- कतिपय व्याख्यामा दिइएका अभ्यासहरू कक्षा ५ विद्यार्थीका लागि जटिल र दुर्बोध्य छन् ।
- समूहकार्य गर्ने खालका अभ्यासहरू थप गर्नुपर्ने देखिन्छ ।

- चित्रात्मक अभ्यासहरूको संयोजन गरी वर्णन गर्न लगाए अझ प्रभावकारी हुन्छ ।
- उच्चारण अभ्यासलाई पाठ सुरु गर्नुभन्दा पहिले राखिनुपर्दछ, नभए पाठ सुरु गर्नुभन्दा अगाडि गर्न निर्देशन दिइनु पर्दछ ।
- विद्यार्थीको रुचि अनुरूप सरल, सहजसँग गर्न सक्ने अभ्यासको संयोजनमा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।
- पाठ्यपुस्तकमा विभिन्न जातजाति, पिछडिएका वर्ग तथा अपाङ्ग विद्यार्थीका लागि पनि उपयोगी हुने खालका अभ्यासहरू समावेश गर्नुपर्ने देखिन्छ ।
- अभ्यासहरूको विविधिकीकरणमा जोड दिनुपर्नेमा त्यो पाइएन ।
- विधागत रूपमा पाठगत विविधता अनुरूप वस्तुवर्णन कथाकथन विधिलाई उपयोग गर्नु राम्रो तर त्यस्तो पाइएन ।
- कथा विधामा लघु कथा तयार पार्ने अभ्यासमा कमी भएको पाइयो ।
- प्रभावकारी र रुचिपूर्ण रूपमा कविता शिक्षण गर्नु । कविता प्रतियोगिता, अन्ताक्षरी प्रतियोगिता र कविता सम्मेलन जस्ता क्रियाकलाप गर्ने निर्देशनमा कमी भएको पाइयो ।
- सृजनात्मक अभ्यासमा कमी रहेको पाइयो ।
- प्रबन्ध, एकाङ्की, वादविवाद विधामा सुनाइ सीप सम्बद्ध अभ्यास नहुनुलाई कमजोर पक्षका रूपमा लिन सकिन्छ ।

### ५.२ सुझावहरू

पाठ्यक्रम अनुरूपका उपयुक्त नमुना अभ्यासहरूको संयोजन गरी भाषिक सीप विकासमा प्रभावकारी बनाउन अभ्यासगत विविधता र पुनरावृत्ति जस्ता पक्षलाई ध्यान दिँदै भाषा पाठ्यपुस्तकलाई उपयोगी र प्रभावकारी बनाउन निम्नलिखित सुझावहरू पेश गर्न सकिन्छ ।

- भाषा पाठ्यक्रम उपयुक्त नमुना अभ्यासहरूको संयोजन गरी भाषिक सीप विकासमा प्रभावकारी बनाउन, अभ्यासगत विविधता र पुनरावृत्ति जस्ता पक्षलाई ध्यान दिँदै भाषा पाठ्यपुस्तकलाई उपयोगी र प्रभावकारी बनाउन निम्नलिखित सुझावहरू पेश गर्न सकिन्छ ।
- समूह कार्य गर्ने, छलफल गर्ने जस्ता अभ्यासहरू समावेश गरेको हुनुपर्दछ ।
- अभ्यास खण्डमा सोधिएका प्रश्नहरू सरल र स्पष्ट निर्देशन दिने प्रकृतिमा हुनुपर्दछ ।
- सुनाइ, बोलाइ र पढाइ सीप विकास गर्ने अभ्यासहरू थप गर्नुपर्दछ ।

- अभ्यासहरू संयोजन गर्दा सबै स्तरका विद्यार्थीको बौद्धिक स्तर ख्याल गरी संयोजन गर्नुपर्दछ ।
- रूपका विधामा मौखिक अभिव्यक्ति गर्ने अभ्यास थप गर्नुपर्दछ ।
- अभ्यासमा व्यैक्तिक रुचि क्षेत्रलाई समेट्न सक्ने संयोजन गर्नुपर्ने हुन्छ ।
- अभ्यासमा रुचि सम्बर्द्धन गर्ने कार्यकलापलाई समेट्नु राम्रो हुन्छ । जस्तै कवितामा अन्ताक्षरी, कथामा कथाकथन एकाङ्की अभिनय गराउने ।
- चिठी विधामा घरायसी चिठीमात्र रहेको छ । यसमा विविधीकरण गर्नुपर्ने देखिन्छ ।
- विद्यार्थीको रुचि, स्तर र उमेर आदिलाई ख्याल गरी नमुना अभ्यास निर्माण गर्नुपर्ने देखिन्छ ।
- समूहकार्य गर्ने खालका अभ्यासहरू थप गर्नुपर्ने देखिन्छ ।
- विमातृभाषी, शारीरिक अशक्तताका लागि उपयोगी हुने अभ्यास राख्नुपर्ने देखिन्छ ।
- नमुना अभ्यासको संयोजन गर्दा पाठ्यक्रमको क्षेत्र तथा क्रमलाई ध्यान दिनुपर्ने देखिन्छ ।
- पाठ्यक्रममा नमुना अभ्यास परिमार्जित हुँदै आए पनि अझै परिमार्जन र सुधार आवश्यकता छ ।

### ५.३ उपयोगिता

शोध अध्ययन कार्यको कुनै न कुनै प्रयोजन रहेकै हुन्छ । हरेक शोध कार्यबाट त्यस विषय क्षेत्रमा देखिएका समस्या पहिचान गरी हुने क्षति न्युनीकरण गर्न सहयोग गर्ने प्रयास गरिएको हुन्छ । पाठ्यपुस्तक तयार गरिएको प्रमुख प्रयोजन नै कक्षाकोठामा प्रस्तुत गर्नका लागि हो । यस अध्ययनमा कक्षा छको वर्तमान नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू भाषिक सीप विकासमा कति सहयोगी छन् भनी अध्ययन गरिएको छ । यो अध्ययनबाट प्राप्त निष्कर्षले कक्षा ६ का अध्यापनरत सम्पूर्ण नेपाली विषय शिक्षक, साथै अन्य शिक्षकलाई पनि मद्दत पुऱ्याउने देखिन्छ । प्रस्तुत शोध कार्यको उपयोगितालाई निम्न दुई तहबाट हेर्न सकिन्छ ।

#### ५.३.१ नीतिगत तह

नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्क्रम विकास केन्द्रद्वारा परिमार्जन पाठ्ययक्रम (२०६९) मा आधारित प्रस्तुत कक्षा ६ को नेपाली पाठ्यपुस्तक विविध दृष्टिकोणबाट प्रभावकारी रहेको छ । यस पाठ्यपुस्तकभित्र समाविष्ट नमुना अभ्याससम्बन्धी अध्ययनले पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणमा सहयोग पुऱ्याउने देखिन्छ । निश्चित तहका लागि निर्माण गरिएको पाठ्यक्रम बमोजिम पाठ्यपुस्तक निर्माण गरिनुपर्दछ । पाठ्यपुस्तक बमोजिम पाठ्यपुस्तक निर्माण गरिनु पर्दछ । पाठ्यक्रमले विद्यार्थीको विविधता क्षमता, स्तर र रुचिको प्रतिनिधित्व गर्न सक्ने उद्देश्य राख्नु

पर्दछ। जसले गर्दा पाठ्यपुस्तकबाट सहज रूपमा सिकाइ उपलब्धि, हासिल हुन सक्दछ। पाठ्यपुस्तकमा पाठसम्बद्ध अभ्यासलाई समाहित गर्नुपनि त्यति नै आवश्यक हुन्छ। यस शोध कार्यबाट प्रशोधन भएका निष्कर्षहरूले पाठ्यपुस्तक लेखनका क्रममा भएका श्रुतिहरू निराकरण गर्न सहयोग पुग्ने देखिन्छ।

- प्रस्तुत शोध भाषा पाठ्यक्रम निर्माण गर्न उपयोगी हुने।
- पाठ्यक्रमविद् मूल्याङ्कनविद्, पाठ्यपुस्तक निर्मातालाई आवश्यक सुझाव प्राप्त हुने।
- भाषा पाठ्यपुस्तक परिवर्तन गर्ने संवाहकको भूमिका खेल्ने।
- स्थानीय स्तरमा उपयोगी पाठ्यक्रम निर्माण गर्न सकिने।
- यो शोधकार्यबाट विभिन्न विधा शिक्षणमा उपयुक्त हुने अभ्यास संयोजन गर्न।
- भाषा प्रयोगमा विद्यार्थीलाई दक्ष बनाउन भाषिक सीपको प्रशस्त अभ्यास गराउनु।
- नेपाली भाषाशिक्षण गर्दा के कस्ता भाषिक सीप, कस्ता-कस्ता अभ्यासहरू कसरी प्राप्त गर्न सकिन्छ भन्ने कुरा थाहा पाउन सकिन्छ।
- पाठ्यक्रमले निर्देशन गरे अनुरूपको अभ्यासहरूका कमी भएमा पाठ सम्बद्ध अभ्यास गरी थप क्रियाकलाप गराउन पनि मद्दत पुग्ने।
- पाठ्यक्रम र पाठ्यपुस्तकको अन्तरसम्बन्ध र त्यसमा समाविष्ट नमुना अभ्यासको कमि कमजोरी पत्ता लगाइ आवश्यक संशोधन गर्न।
- विद्यार्थीमा कथानात्मक क्षमता, सृजनात्मक क्षमता, विकास गर्न।
- व्यावहारिक चिठ्ठी, निवेदन, शुभकामना लेखन कार्यमा मद्दत मिल्ने।
- विद्यार्थी केन्द्रित र कार्यकलाप मुखी शिक्षण सिकाइको प्रवर्द्धन गर्नमा सहयोगी हुने।
- विशिष्ट तथा महान् व्यक्तिको जीवनीबाट सम्प्रेरणा मिल्ने।

### ५.३.२ कार्यान्वयन तह

यो शोध अध्ययन मुख्य रूपमा भाषाशिक्षणसँग सम्बन्धित छ। पाठ्यक्रमले निर्दिष्ट गरेका भाषिक सीप विकाससँग सम्बद्ध उद्देश्य पूरा गर्न अभ्यासहरू असमर्थ भई थप अभ्यास क्रियाकलाप तय गर्न मद्दत मिल्छ। समग्रमा प्रस्तुत शोधका शैक्षणिक प्रयोजनलाई निम्नानुसार उल्लेख गरिएको छ।

- भाषा पाठ्यक्रम र पाठ्यपुस्तकको स्पष्ट अवधारणाका साथ भाषाशिक्षण गर्न सचेत गराउनु।

- पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूलाई विद्यार्थीहरूको स्तर र क्षमता विभाजन गरी भाषिक सीप हासिल गर्न नयाँ ढाँचाको अनुसन्धानका लागि मार्गदर्शन बन्न सक्छ ।
- पाठ्यवस्तु छनोट गरी क्रियाकलाप मुखी बनाउन सहयोग गर्नु ।
- कक्षा शिक्षणलाई क्रियाकलापमुखी बनउन सहयोग गर्नु
- पाठ्यपुस्तकका अभ्यासका अतिरिक्त थप क्रियाकलाप गराउन प्रेरित गर्नु ।
- नमुना अभ्यासलाई सीपगत र तहगत आधारमा विश्लेषण गरी नयाँ अनुसन्धान कार्यका लागि पूर्वकार्यमा लागि सहयोग गर्नु ।
- उद्देश्य अनुरूप पर्याप्त नमुना अभ्यासहरूको संयोजन गरी पाठ्यपुस्तक सुधार गर्न मद्दत गर्नु ।

**शिक्षकका लागि**

१. भाषिक सीप विकासमा सहयोगी हुने क्रियाकलाप छनोट गर्न

२. विधा अनुरूप सोही मर्म अनुरूप अभ्यास गराउन ।

३. शैक्षणिक कार्यलाई योजनाबद्ध रूपमा मार्ग दर्शन गर्न ।

४. भाषिक मूल्याङ्कलनका उपकरण छनोट गर्न ।

**विद्यार्थीका लागि**

१. भाषिक क्षमता वृद्धि गर्न,

२. भाषिक सीप विकास गर्न,

३. श्रवण, वाचनकला, वक्तृत्व क्षमता विकास गर्न,

४. विधा अनुरूप सिर्जनशील बन्न,

५. कल्पनात्मक क्षमता विकास गर्न,

६. भाषा प्रयोगमा विद्यार्थीलाई दक्ष बनाउन,

**भावी अध्ययनका लागि सम्भावित शीर्षकहरू**

१. कक्षा छको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको पाठ्यक्रम अनुरूपताका आधारमा अध्ययन,

२. छनोट र स्तरणका दृष्टिले कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन,

३. कक्षा ६ र ७ को नमुना अभ्यासको तुलनात्मक अध्ययन,

४. विधागत विविधताका आधारमा कक्षा ६ को नमुना अभ्यासहरूको विविधताको अध्ययन

## सन्दर्भ सूची


**प्रकाशित**

अधिकारी, हेमाङ्गराज (२०६१), **प्रयोगात्मक नेपाली शब्दकोश,** कमलपोखरी काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०५९), **प्रारम्भिक नेपाली शिक्षण,** भोटाहिटी काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०५९), **सामाजिक तथा प्रयोगिक भाषा विज्ञान,** काठमाडौं : रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०६१), **प्रारम्भिक नेपाली शिक्षण,** भोटाहिटी काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद (२०६६/६७०), **नेपाली भाषाशिक्षण परिचय र प्रयोग,** काठमाडौं : शुभकामना प्रकाशन ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६७), **परिचयात्मक नेपाली भाषाशिक्षण,** काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

नेपाली वृहत् शब्दकोश (२०६७), काठमाडौं : [illegible] प्रज्ञा प्रतिष्ठान ।

नेपाल सरकार शिक्षा मन्त्रालय (२०६९) **आधारभूत शिक्षा पाठ्यक्रम**, पाठ्यक्रम विकास केन्द्र सानोठिमीः भक्तपुर ।

भण्डारी, पारसमणि र अन्य (२०६६), **नेपाली गद्य र नाटक,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र माधवप्रसाद पौडेल (२०६६), **नेपाली कविता र काव्य,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र (२०७१), **नेपाली (कक्षा छ)** सानोठिमी भक्तपुर ।

**अप्रकाशित**

अर्याल, पार्वती (२०५९), **कक्षा नौको नेपाली भाषाको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोध, त्रि.वि. शिक्षाशास्त्र-नेपाली भाषा शिक्षा विभाग ।

आचार्य, सरस्वती (२०५९), **निमावि तहका पाठ्यपुस्तकमा समाविष्ट व्याकरण अभ्यासखण्डको विश्लेषणात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोध, त्रि.वि. शिक्षाशास्त्र-नेपाली भाषा शिक्षा विभाग ।

काफ्ले, सूर्यप्रसाद (२०६३), **कक्षा १० को नेपाली (२०६४) पाठ्यपुस्तकमा समाविष्ट व्याकरणको अध्ययन,** अप्रकाशित शोधपत्र स्नातकोत्तर शोधपत्र, वित्रि शिक्षाशास्त्र -नेपाली भाषा शिक्षा विभाग ।

कोइराला, यमुना (२०६९), **कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन,** अप्रकाशित शोधपत्र स्नातकोत्तर शोधपत्र, त्रिवि शिक्षाशास्त्र, नेपाली भाषा शिक्षा विभाग ।

खड्का, यशोदा (२०५९), **कक्षा आठको हाम्रो नेपाली किताब र सजिलो नेपाली मालामा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

खतिवडा, कोमलप्रसाद (२०६६), **कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङ ।

ज्ञवाली, रेनुका (२०६८) **कक्षा दुईको मेरो नेपाली किताबमा समावेश भएका अभ्यास खण्डको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

ढुङ्गाना, जमुना (२०७२) **कक्षा नौको वर्तमान नेपाली भापापाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास,** अप्रकाशित शोधपत्र, कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा ।

निरौला, सूर्य (२०६७) द्वारा **पाठ्यक्रम अनुरूपताका दृष्टिले कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन,** अप्रकाशित शोधपत्र, धनकुटा बहुमुखी क्याम्पस, धनकुटा ।

पराजुली, ढाकाकुमारी (२०६८/६९), **कक्षा छको हाम्रो नेपाली किताब र रसिलो नेपालीभित्र समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन,** अप्रकाशित शोधपत्र, सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर : मोरङ ।

पाण्डे, गोमा (२०६५), **कक्षा सातको मेरो नेपाली किताबमा समावेश गरिएका नमुना अभ्यासहरूको अध्ययन,** अप्रकाशित शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिवि, कीर्तिपुर ।

बञ्जरा, खगेन्द्र (२०६३) **कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन,** अप्रकाशित शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिवि ताहाचल ।

भट्टराई, जानुका (२०७२) **भाषिक सीप विकासका दृष्टिले कक्षा आठको नेपाली पाठ्यपुस्तकको नमुना अभ्यासको अध्ययन,** अप्रकाशित शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिवि, कीर्तिपुर ।

भण्डारी, बलदेव (२०६३), **पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा चारको मेरो मेरो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासको अध्ययन,** अप्रकाशित शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिवि ताहाचल ।